# महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदन २०८२




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# सातौँ वार्षिक प्रतिवेदन
## २०८२

## कोशी प्रदेश



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)



राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)



| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट, बक्स नं. १३३२८


पत्र सङ्ख्या : २०८१।८२

च.नं.: १०३

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषय : वार्षिक प्रतिवेदन।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
कोशी प्रदेश, विराटनगर।

नेपालको संविधानको धारा २४१ बमोजिम कोशी प्रदेशको आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु।

भवदीय,

(तोयम राया)
महालेखापरीक्षक

२०८२ साल वैशाख ३१ गते, बुधवार
नेपाल सम्वत् ११४५


फोन नम्बर : ०१-५९१९१६३, ईमेलः oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेबसाइटः www.oag.gov.np

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **एकीकृत वित्तीय विवरणमा राय** | | |
| **परिच्छेद १** | **लेखापरीक्षण गरिएका निकायको विवरण** | १ |
| **परिच्छेद २** | **लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति** | ५ |
| **परिच्छेद ३** | **लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश** | ९ |
| | **खण्ड-१: मन्त्रालय र निकायगत बेहोरा** | |
| | १. प्रदेश सभा सचिवालय | १७ |
| | २. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १९ |
| | ३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २५ |
| | ४. आर्थिक मामिला तथा योजना मन्त्रालय | ३० |
| | ५. उद्योग, कृषि तथा सहकारी मन्त्रालय | ४२ |
| | ६. खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय | ४७ |
| | ७. पर्यटन, वन तथा वातावरण मन्त्रालय | ५६ |
| | ८. भौतिक पूर्वाधार विकास मन्त्रालय | ६२ |
| | ९. सामाजिक विकास मन्त्रालय | ७१ |
| | १०. स्वास्थ्य मन्त्रालय | ७६ |
| | ११. प्रदेश योजना आयोग | ८१ |
| | १२. प्रदेश लोक सेवा आयोग | ८५ |
| | १३. मुख्य न्यायाधिवक्ताको कार्यालय | ८७ |
| | **खण्ड-२: स्थानीय तह** | ८९ |
| **परिच्छेद ४** | **लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति** | ९७ |
| **परिच्छेद ५** | **भविष्यमा गर्नुपर्ने सुधार** | १०१ |
| | **अनुसूचीहरु** | १०९ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय, पूर्ण स्वामित्व भएका संगठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था रहेको छ। सोका अतिरिक्त लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, निर्देशिका, वार्षिक लेखापरीक्षण योजना, २०८१, वार्षिक लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका, २०८१, सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा अवलम्वन गरिएका अन्तर्राष्ट्रिय असल अभ्याससमेतको आधारमा कोशी प्रदेशका निकाय तथा कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन, राजस्व, धरौटी, र अन्य कोष तथा बक्यौतासमेत लेखापरीक्षण सम्पन्न गरी यस प्रदेशको सातौँ वार्षिक प्रतिवेदन तयार गरिएको छ।

प्रतिवेदनमा एकीकृत वित्तीय विवरणमा राय, लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ।

यस वर्ष सूचकका आधारमा जोखिम विश्लेषण गरी निकायहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ। उच्च जोखिमयुक्त निकायको विस्तृतरूपमा स्थलगत र न्यून जोखिमयुक्त निकायको प्रमाणित वित्तीय प्रतिवेदन र आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण गरिएको छ। नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत लेखापरीक्षणका कार्यहरूको व्यवस्थापन गरिएको छ। लेखापरीक्षणको गुणस्तर कायम गर्न प्रभावकारी सुपरीवेक्षण, गुणस्तर आश्वस्तता पुनरावलोकन, भर्चुअल बैठक मार्फत सरोकारवालासँग छलफल, टोल फ्रि नम्बर र इमेलमार्फत गुनासो सुनुवाइ, एफ.एम. रेडियो र कार्यालयको वेवसाइटमार्फत सूचना प्रसारण र प्राप्ति, लेखापरीक्षणको प्रवेश र समापन बैठक, प्रतिक्रियाबाट फर्स्यौट नभएका विषयमा लेखा उत्तरदायी अधिकृत र मन्त्रीलाई जानकारी गराइ सकेको छ। त्यसैगरी, सम्परीक्षणको लागि अनुरोध भई आएको बेरुजु र प्रारम्भिक प्रतिवेदनका प्राप्त भएका सबै जवाफ सम्बोधन गरिएको छ। प्रदेश सभाको सार्वजनिक लेखा समिति र प्रदेश सरकारका पदाधिकारीहरूसँग अन्तरक्रिया गरी प्राप्त सुझावहरू समेत कार्यान्वयन गर्ने प्रयास गरिएको छ।

यो वर्ष प्रदेश सभा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश सरकारका मन्त्रालय र मातहतका सरकारी कार्यालय तथा समिति र अन्य संस्थासमेत २०१ निकायको रु.५१ अर्ब ४१ करोड ६९ लाख १५ हजारको लेखापरीक्षण सम्पन्न भई रु.८६ करोड ८१ लाख ८९ हजार बेरुजु कायम भएको छ । कुल लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु १.६९ प्रतिशत रहेको छ।

कानुनको पालना, स्रोत साधन प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवम् वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सङ्गठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनलगायतका विषय लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, प्रदेशको आन्तरिक आय कम हुँदा सङ्घीय अनुदानमा निर्भर रहेको, चालु खर्चमा वृद्धि हुँदै गएको, उत्पादनशिल क्षेत्रमा न्यून बजेट परिचालन भएको, आयोजना बैङ्क कार्यान्वयनमा ल्याई योजना छनोट नहुँदा टुक्रे आयोजनाहरूमा खर्च भईरहेको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सिप

आवश्यक पर्ने कामहरूसमेत उपभोक्ता समितिबाट गराएको, तीन तहबीच समन्वय नहुँदा एकै प्रकृतिका कार्यहरू सबै तहबाट भइरहेको, सङ्गठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता एकिन गर्न नसकेको, ठेक्का सम्झौता विपरीत पटकपटक म्याद थप गरेको, उपलब्ध साधन स्रोतले नखाम्ने गरी योजनाहरूको बजेट सुनिश्चितता प्रदान गरेको, निर्माण कार्यको गुणस्तर नियन्त्रण तथा परीक्षण कमजोर रहेको, ठेक्का सम्झौताहरूको कार्यान्वयन प्रभावकारी नभएको अवस्था छ। आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सूचना प्रविधिसँग आबद्ध गर्न नसक्दा सेवा प्रवाह नागरिकमैत्री, छिटो छरितो र चुस्त दुरुस्त हुन नसकेको, आवश्यकताको पहिचान बेगर सामान खरिद भएको तर उपयोग हुन सकेको देखिँदैन।

लेखापरीक्षणबाट औंल्याइएका बेहोराहरू कार्यान्वयन गर्नु लेखा उत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो। कार्यान्वयन पक्ष कमजोर हुँदा सोही प्रकृतिका बेहोराहरू वर्षेनी दोहोरिने गरेका छन्। लेखापरीक्षणका वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गत सार्वजनिक लेखा समितिमा छलफल गरी सोउपर कारबाही हुनुपर्नेमा विगतका केही प्रतिवेदनहरू सार्वजनिक लेखा समितिमा छलफल हुन बाँकी रहेको छ । लेखापरीक्षण प्रतिवेदन कार्यान्यवयन गरी वित्तीय अनुशासन कायम गर्न सबै पक्षबीच कार्यगत समन्वय र सहकार्य हुन जरुरी देखिन्छ। यस प्रतिवेदनको कार्यान्वयनबाट सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

अन्त्यमा, लेखापरीक्षण गर्ने क्रममा अमूल्य सुझाव दिई सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, मन्त्रीज्यूहरू, उपसभामुखज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू र सञ्चारकर्मीहरूप्रति आभारी छु। लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको उच्च मूल्याङ्कन गर्दै धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३६ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति, उपयोग र सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- तोकिएको ढाँचाअनुरुप वित्तीय विवरण र प्रतिवेदन तयार भई कारोबारको यथार्थ स्थिति चित्रण गरेको,
- प्रदेश सरकारको सञ्चित कोष तथा अन्य सरकारी कोषको प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानिनोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, प्रदेश कार्यालय र समिति तथा अन्य संस्थासमेत २०१ निकायको २०८०।८१ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १५५ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त ४६ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ। विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत् लेखापरीक्षण गरिएको छ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका बेहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर निकायबाट प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको गुणस्तर

अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनोट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ। नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञसमेत संलग्न गराइएको छ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन्। परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार समावेश गरिएको छ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाडौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal
(पूर्वाधार विकास लेखापरीक्षण विभाग)


पत्र संख्याः२०८१।८२
चलानी नम्वरः ८०

मितिः२०८२।१।२८

विषयः एकीकृत वित्तीय विवरणमा राय।

श्री प्रदेश सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय
विराटनगर, मोरङ।

१. **कैफियतसहितको राय** - हामीले कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति तथा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट तथा गैर बजेट निकाय), बजेटको तुलनात्मक विवरण (बजेट निकाय), प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ लगायत सम्बन्धित कानुनबमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. प्रदेश सकारका मन्त्रालय र मातहतको विनियोजनतर्फ रु. २८ अर्ब २ करोड ७५ लाख ३३ हजार, राजस्वतर्फ रु. १३ अर्ब ४१ करोड ९५ लाख २ हजार, धरौटीतर्फ रु. २ अर्ब ५४ करोड ४३ लाख १३ हजार, अन्य कारोबारतर्फ रु.२ अर्ब २ करोड ३२ लाख ३० हजार र समिति तथा अन्य संस्थातर्फ रु. ५ अर्ब ४० करोड २३ लाख ३७ हजारसमेत रु.५१ अर्ब ४१ करोड ६९ लाख १५ हजारको लेखापरीक्षण गरिएकोमा रु.८६ करोड ८१ लाख ८९ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.११ करोड ३ लाख ६४ हजार, नियमित गर्नुपर्ने रु.६५ करोड ४१ लाख ७६ हजार र पेश्की बाँकी रु.१० करोड ३६ लाख ४९ हजार रहेको छ।

२.२. प्रदेश सरकार र मातहतको रु.६ अर्ब १० करोड ४४ लाख ६० हजारको स्थिर सम्पत्ति रहेको खुलासा गरेको छ। ती सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने गरी विवरण अद्यावधिक गरेको देखिएन।

२.३. प्रदेश सरकारको लागि सशर्त अनुदान रु.५ अर्ब ५३ करोड ४७ लाख, समपूरक अनुदान रु.७३ करोड र विशेष अनुदान रु.७६ करोड समेत रु.७ अर्ब २ करोड ४७ लाख प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रु.१ अर्ब ९६ करोड ८८ लाख बाँकी रहेको छ। उक्त रकम आर्थिक वर्षको समाप्तिपश्चात् सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ।

२.४. प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान गरिएको वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानसमेत वित्तीय हस्तान्तरणमा रु.३ अर्ब ३० करोड २८ लाख खर्च भएको छ। वित्तीय हस्तान्तरण गरेकोमध्ये २०८१

आषाढ मसान्तसम्म सम्बन्धित स्थानीय तहमा खर्च नभई बाँकी रहेको रकम फिर्ता हुनुपर्ने विवरण तयार गरेको छैन। उक्त रकम प्रदेश सरकारबाट स्थानान्तरण गरी स्थानीय तहको खातामा मौज्दात रहेको अवस्थामा प्रदेश सञ्चित कोषमा खर्च देखाएको छ।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने निकायसँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

३. **अन्य बेहोरा** - यो वर्ष आर्थिक क्रियाकलाप मूल्याङ्कन गर्दा शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पति व्यवस्थपान, विकास व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासनलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५२ (२) बमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने र उपदफा ३ बमोजिम सम्बन्धित पदाधिकारीबाट उपयुक्त अनुसार उत्तरदायित्व बहन गरे नगरेको सम्बन्धमा निगरानी गर्ने उत्तरदायित्व सम्बन्धित विभागीय मन्त्रीको हुने व्यवस्था छ। सोही ऐनको दफा ५ बमोजिम एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहेको छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी प्रदेश सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्बन्धित लेखा उत्तरदायी अधिकृत तथा मातहातका जिम्मेवार व्यक्तिमा रहेको छ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्ततालेउच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरुपमा गलत आँकडा मानिएको छ।

(पदमराज पौडेल)
उप-महालेखापरीक्षक

परिच्छेद

# ९



# लेखापरीक्षण गरिएका निकायको विवरण

## परिच्छेद-१

# लेखापरीक्षण गरिएका निकायको विवरण

### १. समष्टिगत लेखापरीक्षण

| क्र.सं. | लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम (रु.हजारमा) |
|---|---|---|---|
| १ | प्रदेश मन्त्रालय तथा निकाय | **१८०** | ४६०१४५७८ |
| २ | समिति र अन्य संस्था | २१ | ५४०२३३७ |
| | **जम्मा** | २०१ | **५१४१६९१५** |

यो वर्ष १८० प्रदेश मन्त्रालय तथा निकायको रु.४६ अर्ब १ करोड ४५ लाख ७८ हजार र २१ समिति र अन्य संस्थाको रु.५ अर्ब ४० करोड २३ लाख ३७ हजारसमेत रु.५१ अर्ब ४१ करोड ६९ लाख १५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका निकायहरूको विवरण अनुसूची-१, १(क), १(ख), २ र २(क) मा उल्लेख छ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष १८० सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छः

| क्र.सं. | कारोबार | लेखापरीक्षण सम्पन्न रकम (रु.हजारमा) |
|---|---|---|
| १ | विनियोजन | २८०२७५३३ |
| २ | राजस्व | १३४१९५०२ |
| ३ | धरौटी | २५४४३१३ |
| ४ | अन्य कारोबार | २०२३२३० |
| | **जम्मा** | **४६०१४५७८** |

लेखापरीक्षण रकमको विवरण अनुसूची-२ मा उल्लेख छ।

१.२. **समिति तथा अन्य संस्था -** यो वर्ष २१ समिति र अन्य संस्थाको रु.५ अर्ब ४० करोड २३ लाख ३७ हजारको लेखापरीक्षण गरिएको छ। विस्तृत विवरण अनुसूची-४ मा उल्लेख छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद-३ को मन्त्रालय खण्डमा समावेश छ।

१.३. **लेखापरीक्षण बक्यौता** - सरकारी कार्यालयतर्फ २०७६।७७ को १ र २०७७।७८ को २ समेत ३ कार्यालयको विनियोजनतर्फ रु.१० करोड ७३ लाख २५ हजार, राजस्वतर्फ रु.१० लाख ५० हजारसमेत रु.१० करोड ८३ लाख ७५ हजार तथा समितितर्फ २०७६।७७ को १ र २०७७।७८ को ५ समेत ६ कार्यालयको लेखापरीक्षण हुन नसकी बक्यौता रहेको छ। यस सम्बन्धी विवरण अनुसूची ३ मा उल्लेख गरिएको छ।

### २. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७८।७९ र २०७९।८० को यथार्थ खर्च तथा २०८०।८१ को प्रदेश सरकारको शीर्षकगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

| क्र.सं. | शीर्षक | २०७८।७९ को यथार्थ खर्च | २०७९।८० को यथार्थ खर्च | २०८०।८१ को | | |
|---|---|---|---|---|---|---|
| | | | | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| १. | चालु | १३१२७२१५ | १२६४५२३३ | १५९३३५६२ | ११६७९२३५ | **७३.३०** |
| २. | पुँजीगत | १६८३९२२१ | १८११२५४९ | २०८७५५१२ | १६३४८२९८ | **७८.३१** |
| ३. | वित्तीय व्यवस्था | - | - | १०००० | -- | |
| **जम्मा** | | **२९९६६४३६** | **३०७५७७८२** | **३६८१९०७४** | **२८०२७५३३** | **७६.१२** |

***द्रष्टव्यः*** *चालु खर्चमा स्वीस विकास सहयोग नियोगबाट सोझै भुक्तानी भएको रु.१० करोड ३६ लाख ९८ हजार समावेश छः*

२.२. **निकायगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको चालु र पुँजीगत खर्चको मन्त्रालय तथा निकायको खर्च विवरण निम्नानुसार छः

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय / निकाय | बजेट | | | | यथार्थ खर्च | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | जम्मा | |
| १. | प्रदेश सभा सचिवालय | २४१६५० | १०८०० | - | २५२४५० | १९६११० | ३८६२ | १९९९७२ | ७९.२१ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५२६८९५ | ५८०४० | - | ५८४९३५ | २९१६६३ | २२४७५ | ३१४१३८ | ५३.७० |
| ३. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ६९०७७४ | १५९५४२ | - | ८५०३१६ | ४४७६५१ | ४९०८५ | ४९६७३५ | ५८.४२ |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २१८००५६ | ६९५० | - | २१८७००६ | १६१३६९८ | ४०४० | १६१७७३८ | ७३.९७ |
| ५. | उद्योग कृषि तथा सहकारी मन्त्रालय | १५९९०५८ | ३००६९८ | - | १८९९७५६ | १२६३२६६ | २४३३४५ | १५०६६११ | ७९.३१ |
| ६. | खानेपानी सिँचाइ तथा उर्जा मन्त्रालय | ४६६७०१ | ५१८५६६५ | १०००० | ५६६२३६६ | ३७९२८७ | ४८६६९१० | ५२४६१९७ | ९२.६५ |
| ७. | पर्यटन वन तथा वातावरण मन्त्रालय | १२१२३५२ | १३९०२८० | - | २६०२६३२ | ८८५१३७ | ९६०३४१ | १८४५४७८ | ७०.९१ |
| ८. | भौतिक पूर्वाधार विकास मन्त्रालय | ३९९३१३ | १३१०००३० | - | १३४९९३४३ | २४४०९३ | ९७२६५९४ | ९९७०६८८ | ७३.८६ |
| ९. | सामाजिक विकास मन्त्रालय | १०५४६७६ | २६९६४० | - | १३२४३१६ | ७६५१९९ | २१०२७८ | ९७५४७७ | ७३.६६ |
| १०. | स्वास्थ्य मन्त्रालय | २९६८३११ | ३४०९६७ | - | ३३०९२७८ | २१७०७४८ | २५५९८७ | २४२६७३४ | ७३.३३ |
| ११. | प्रदेश लोक सेवा आयोग | ८८९२० | ४१०० | - | ९३०२० | ८०१५९ | ३६८५ | ८३८४४ | ९०.१४ |
| १२. | प्रदेश योजना आयोग | ४३८१० | १५०० | - | ४५३१० | २०६३२ | १२०१ | २१८३३ | ४८.१९ |
| १३. | मुख्य न्यायाधिवक्ताको कार्यालय | २३६०६ | ५०० | - | २४१०६ | १८७७४ | ४९७ | १९२७१ | ७९.९४ |
| १४. | कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ४०००० | - | - | ४०००० | - | - | - | ०.०० |
| १५. | अर्थ - विविध | ५७२७३८ | ४६८०० | - | ६१९५३८ | - | - | - | ०.०० |
| १६. | स्थानीय तह | ३८२४७०२ | - | - | ३८२४७०२ | ३३०२८१८ | - | ३३०२८१८ | ८६.३५ |
| **जम्मा** | | **१५९३३५६२** | **२०८७५५१२** | **१०००० ** | **३६८१९०७४** | **११६७९२३५** | **१६३४८२९८** | **२८०२७५३३** | **७६.१२** |

माथिको तालिका अनुसार प्रदेश सरकारले चालुतर्फ रु.१५ अर्ब ९३ करोड ३५ लाख ६२ हजार र पुँजीगततर्फ रु.२० अर्ब ८७ करोड ५५ लाख १२ हजार र वित्तीय व्यवस्था तर्फ रु.१ करोड समेत रु.३६ अर्ब ८१ करोड ९० लाख ७४ हजार बजेट विनियोजन गरेकोमा चालुतर्फ रु.११ अर्ब ६७ करोड ९२ लाख ३५ हजार र पुँजीगततर्फ रु.१६ अर्ब ३४ करोड ८२ लाख ९८ हजारसमेत रु.२८ अर्ब २ करोड ७५ लाख ३३ हजार अर्थात् विनियोजित बजेटको ७६.१२ प्रतिशत खर्च गरेको छ। अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट स्थानीय तहलाई चालुतर्फबाट रु.३ अर्ब ८२ करोड ४७ लाख २ हजार बजेट व्यवस्था गरेकोमा रु.३ अर्ब ३० करोड २८ लाख १८ हजार अर्थात् ८६.३५ प्रतिशत खर्च गरेको छ।

२.३. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको २०७८।७९ र २०७९।८० को यथार्थ खर्च तथा २०८०।८१ को अनुमान तथा यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

| क्र.सं. | स्रोत | २०७८।७९ को यथार्थ खर्च | २०७९।८० को यथार्थ खर्च | २०८०।८१ को | | गत वर्षको तुलनामा वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | | अनुमान | यथार्थ खर्च | |
| १ | **सङ्घीय सरकारतर्फ** | **१६२४४९३०** | **१४२७८३७०** | **१६१२५३३४** | **१२५९६९१४** | **-११.७८** |
| १.१ | समानीकरण अनुदान | ७७५७३३८ | ७८९७३९४ | ८७८३८०० | ७५४१०३१ | -४.५१ |
| १.२ | सशर्त अनुदान | ७०४६७२५ | ५४९२२०९ | ५८५१५३४ | ४०२७६९६ | -२६.६७ |
| १.३ | समपूरक अनुदान | १००९५३० | ५५६०७७ | ७३०००० | ५३२१०८ | -४.३१ |
| १.४ | विशेष अनुदान | ४३१३३७ | ३३२६९० | ७६०००० | ४९६०७९ | ४९.११ |
| २ | **प्रदेश सरकारतर्फ** | **१३७२१५०६** | **१६४७९४१२** | **२०६९३७४०** | **१५४३०६१९** | **-६.३६** |
| | **कुल जम्मा** | **२९९६६४३६** | **३०७५७७८२** | **३६८१९०७४** | **२८०२७५३३** | **-८.८८** |

२.४. यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.२८ अर्ब २ करोड ७५ लाख ३३ हजारमध्ये सङ्घीय सरकारको अनुदानबाट रु.१२ अर्ब ५९ करोड ६९ लाख १४ हजार (४४.९४ प्रतिशत) र प्रदेश सरकारको राजस्वबाट रु.१५ अर्ब ४३ करोड ६ लाख १९ हजार (५५.०६ प्रतिशत) राजस्वको योगदान छ।

२.५. यो वर्ष सङ्घीय सरकारबाट समानीकरण र सशर्त अनुदान रु.१४ अर्ब ६३ करोड ५३ लाख ३४ हजार प्राप्त हुने अनुमान गरेकोमा रु.११ अर्ब ५६ करोड ८७ लाख २७ हजार (७९.०५ प्रतिशत) प्राप्त भएको छ।

२.६. **राजस्व असुली** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको राजस्वको स्रोत अनुसार २०७८।७९ र २०७९।८० को यथार्थ असुली तथा २०८०।८१ को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार छः

(रु.हजारमा)

| क्र.सं. | विवरण | २०७८।७९ को यथार्थ असुली | २०७९।८० को यथार्थ असुली | २०८०।८१ को | | |
|---|---|---|---|---|---|---|
| | | | | अनुमान | असुली | प्रतिशत |
| | **कुल राजस्व** | **१४५०८४७०** | **१२९६६७३७** | **१६२२५९५०** | **१३४१९५०२** | **८२.७०** |
| १. | कर राजस्व | १२६२३४२० | ११३७६७९३ | १४२०४२०० | ११५७४८६८ | ८१.४९ |
| २. | अन्य राजस्व | १४३५७८५ | ११०५३५८ | १६४१७५० | १५२४५९९ | ९२.८६ |
| ३. | विविध प्राप्ति | ४४९२६५ | ४८४५८६ | ३८०००० | ३२००३५ | ८४.२२ |

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ३.४९ प्रतिशतले बढेको देखिन्छ। यससम्बन्धी विवरण **अनुसूची- ८** मा छ। राजस्व असुली सम्बन्धमा लेखापरीक्षणबाट देखिएका बेहोरा परिच्छेद ३ को मन्त्रालय तथा निकायगत बेहोरामा समावेश छ।

३. **वित्तीय हस्तान्तरण -** यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार छः

(रु.हजारमा)

| क्र.सं. | स्रोत | बजेट | निकासा | निकासा प्रतिशत |
|---|---|---|---|---|
| १. | समानीकरण अनुदान | १०००००० | ९९९९७२ | ९९.९९ |
| २. | समपूरक अनुदान | १४२०१२६ | १०४१७६९ | ७३.३६ |
| ३. | सशर्त अनुदान | १४०४५७६ | १२६१०७७ | ८९.७८ |
| | **जम्मा** | **३८२४७०२** | **३३०२८१८** | **८६.३५** |

प्रदेश सरकारले वित्तीय हस्तान्तरणमार्फत यो वर्ष १३७ स्थानीय तहमा रु.३ अर्ब ३० करोड २८ लाख १८ हजार अनुदान उपलब्ध गराएको छ। अनुदानमध्ये वर्षान्तमा खर्च नभई बाँकी रहेको (समानीकरणबाहेक) अनुदानको अद्यावधिक तथ्याङ्क सङ्कलन गरेर प्रदेश सञ्चित कोषमा फिर्ता गराउने कार्य बाँकी रहेको छ।

४. **अन्तर सरकारी अख्तियारी -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(३) मा प्रदेशले स्थानीय तहलाई प्रदेश कानुनबमोजिम सशर्त अनुदान प्रदान गर्ने तथा प्रदेश विनियोजन ऐन, २०८० को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले यो वर्ष एक मन्त्रालयमार्फत् नेपाल सरकारका कार्यालयलाई चालु तथा पुँजीगत खर्चमा रु.११ करोड १० लाख ७२ हजार बजेट विनियोजन गरेकोमा रु.६ करोड ५ लाख ५३ हजार खर्च भएको छ। यसमा नियन्त्रण हुनुपर्दछ। यससम्बन्धी विवरण **अनुसूची-१२** मा छ।

परिच्छेद

२



# लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

## परिच्छेद-२

# लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) र प्रदेशको यससम्बन्धी कानुनमा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको, राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रुपमा परिभाषित गरेको छ।

यसरी बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ। नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेस्कीलाई कर्मचारी, मोविलाईजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ।

प्रदेशको सरकारी कार्यालय १८० र समिति तथा अन्य संस्था २१ को यो वर्ष (२०८०।८१) फर्स्यौंट गर्नुपर्ने बेरुजु निम्नानुसार रु. ८६ करोड ८१ लाख ८९ हजार रहेको छ।

(रु.हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | समिति तथा अन्य संस्था | जम्मा | कुल बेरुजुको प्रतिशत |
|---|---|---|---|---|
| **१. असुल गर्नुपर्ने** | **९८८२१** | **११५४३** | **११०३६४** | **१२.७१** |
| **२. नियमित गर्नुपर्ने** | **५६३७०९** | **९०४६७** | **६५४१७६** | **७६.३५** |
| • अनियमित भएको | २३०८३७ | ६६८५० | २९७६८७ | ३४.२९ |
| • प्रमाण कागजात पेस नभएको | ३३२८७२ | २३६१७ | ३५६४८९ | ४१.०६ |
| **३. पेस्की** | **१०२८९९** | **७५०** | **१०३६४९** | **११.९४** |
| **जम्मा** | **७६५४२९** | **१०२७६०** | **८६८१८९** | **१००** |

बेरुजु वर्गीकरणको विवरण **अनुसूची-९** र **१०** मा उल्लेख छ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु -** यो वर्ष प्रदेश मन्त्रालय र समिति तथा अन्य संस्थासमेत २०१ निकायको रु.५१ अर्ब ४१ करोड ६९ लाख १५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। जसमा रु. ८६ करोड ८१ लाख ८९ हजार लेखापरीक्षण अङ्कको १.६९ प्रतिशत बेरुजु कायम भएको छ।

(रु.हजारमा)

| क्र.सं. | लेखापरीक्षण गरिएका निकाय | संख्या | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|
| १. | प्रदेश मन्त्रालय तथा निकाय | १८० | ४६०१४५७८ | ७६५४२९ | १.६६ |
| २. | समिति र अन्य संस्था | २१ | ५४०२३३७ | १०२७६० | १.९० |
| | **जम्मा** | **२०१** | **५१४१६९१५** | **८६८१८९** | **१.६९** |

३. **हालसम्मको बाँकी बेरुजु** - प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको अद्यावधिक बेरुजु रु.५ अर्ब ४० करोड ५ लाख ८३ हजार रहेको छ। अद्यावधिक बेरुजु गत वर्षभन्दा ३.२२ प्रतिशतले घटेको छ।

(रु.हजारमा)

| क्र.सं. | विवरण | विगतको बेरुजु | फर्स्यौट तथा सम्परीक्षण | विगतको खुद बाँकी | चालु वर्षको थप | अद्यावधिक बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|
| १ | प्रदेश सरकारी निकाय | ५३३५९९३ | १०२२३२१ | ४३१३६७२ | ७६५४२९ | ५०७९१०१ |
| २ | समिति तथा अन्य संस्था | २४४४१४ | २५६९२ | २१८७२२ | १०२७६० | ३२१४८२ |
| **जम्मा** | | **५५८०४०७** | **१०४८०१३** | **४५३२३९४** | **८६८१८९** | **५४००५८३** |

अद्यावधिक बेरुजुको विवरण अनुसूची-११ मा उल्लेख छ।

४. **बेरुजु विश्लेषण -** प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको बेरुजुको अवस्था निम्नानुसार रहेको छः

४.१ यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थासमेतको रु.५१ अर्ब ४१ करोड ६९ लाख १५ हजारको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु.९० करोड ९५ लाख ९६ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिवेदन अवधिसम्म रु.४ करोड ५० लाख ५४ हजार (कुल बेरुजुको ४.९५ प्रतिशत) सम्परीक्षण गराउँदा रु.३६ लाख ४७ हजार थप बेरुजु कायम भई रु. ८६ करोड ८१ लाख ८९ हजार फर्स्यौट हुन बाँकी रहेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूची-९ र १० मा समावेश छ।

(रु.हजारमा)

| निकाय | प्रारम्भिक बेरुजु | प्रतिकृयाबाट हटेको | प्रतिकृयाबाट थप | बाँकी |
|---|---|---|---|---|
| समिति-२१ | १०६४५२ | ३७२९ | ३७ | १०२७६० |
| प्रदेश सरकारी- १८० | ८०३१४४ | ४१३२५ | ३६१० | ७६५४२९ |
| **जम्मा** | **९०९५९६** | **४५०५४** | **३६४७** | **८६८१८९** |

४.२ प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३८ मा बेरुजु फर्स्यौट गर्ने जिम्मेवारी तथा दायित्व सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने, औँल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा लेखा उत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। उक्त व्यवस्था अनुसार बेरुजुको जानकारी सम्बन्धित पदाधिकारीहरूलाई दिइएको छ। सोही ऐनको दफा ४० मा बेरुजु फर्स्यौट गर्ने गराउने लगायतका वित्तीय उत्तरदायित्व बहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही व्यवस्था बमोजिम यो वर्ष कार्यरत लेखा उत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम अनुसूची-१५ मा समावेश गरिएको छ।

४.३ प्रदेश सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बेरुजु हुने मन्त्रालय तथा निकायहरू निम्नानुसार छन्:

(रु.हजारमा)

| क्र. सं. | मन्त्रालय / निकाय | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | | | | कुल बेरुजुको प्रतिशत | ले.प. अङ्कको तुलनामा बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | जम्मा | | |
| १. | प्रदेश सभा सचिवालय | २०१६४९ | ७९६ | १०६ | ० | ९०२ | ०.१२ | ०.४५ |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ५३७०१० | ८३३ | १४४५ | ० | २२७८ | ०.३० | ०.४२ |

| क्र. सं. | मन्त्रालय / निकाय | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | | | | कुल बेरुजुको प्रतिशत | ले.प. अङ्कको तुलनामा बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | जम्मा | | |
| ३. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ११६०४४० | २००० | ९६५५ | ० | ११६५५ | १.५२ | १.०० |
| ४. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १४०२२६६८ | ८४६ | ० | ० | ८४६ | ०.११ | ०.०१ |
| ५. | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | १६५०३३१ | ३०८८ | ७२७९ | ० | १०३६७ | १.३५ | ०.६३ |
| ६. | खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालय | ५९३७६२६ | १२३१० | २०४८१६ | १५९७४ | २३३१०० | ३०.४६ | ३.९३ |
| ७. | पर्यटन, वन तथा वातावरण मन्त्रालय | २४३५६९७ | २८८४० | ४८६०८ | १०७७ | ७८५२५ | १०.२६ | ३.२२ |
| ८. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १२०३८४१९ | ४७३३२ | २२४६६६ | ८४६५३ | ३५६६५१ | ४६.५९ | २.९६ |
| ९. | सामाजिक विकास मन्त्रालय | ११०२९६९ | ३६० | २८९० | ११२० | ४३७० | ०.५७ | ०.४० |
| १०. | स्वास्थ्य मन्त्रालय | ३४६८७०७ | १७९४ | ६४०४७ | ७५ | ६५९१६ | ८.६१ | १.९० |
| ११. | प्रदेश लोक सेवा आयोग | ११४६८३ | ५२५ | ० | ० | ५२५ | ०.०७ | ०.४६ |
| १२. | प्रदेश योजना आयोग | २२१७८ | ३० | १९० | ० | २२१ | ०.०३ | १.०० |
| १३. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १९३८४ | ६७ | ६ | ० | ७३ | ०.०१ | ०.३८ |
| १४. | स्थानीय तह (वित्तीय हस्तान्तरण) | ३३०२८१८ | ० | ० | ० | ० | ० | ०.०० |
| | **जम्मा** | **४६०१४५७८** | **९८८२१** | **५६३७०९** | **१०२८९९** | **७६५४२९** | **१००** | **१.६६** |

उल्लिखित प्रदेश सरकारी कार्यालयतर्फ लेखापरीक्षण अङ्कको तुलनामा १.६६ प्रतिशत बेरुजु कायम भएकोमा सबै भन्दा बढी खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालयको ३.९३ प्रतिशत रहेको छ भने ७ मन्त्रालय तथा निकायको बेरुजु १ प्रतिशत भन्दा कम रहेको छ।

४.४ यो वर्ष २१ समिति तथा अन्य संस्थाको रु.५ अर्ब ४० करोड २३ लाख ३७ हजारको लेखापरीक्षण गरिएकोमा रु.१० करोड २७ लाख ६० हजार अर्थात् १.९० प्रतिशत बेरुजु कायम भएको छ।

४.५ यो वर्ष १८० प्रदेश कार्यालय र २१ समिति तथा अन्य संस्थाको लेखापरीक्षण गरेकोमा ६८ कार्यालय (३३.८३ प्रतिशत) मा उल्लेख्य बेरुजु देखिएन।

४.६ यो वर्ष प्रदेश कार्यालयको लेखापरीक्षणबाट ४ हजार १४० दफा बेरुजु देखिएकोमा २ हजार १८४ दफा सैद्धान्तिक र १ हजार ९५६ दफा लगती बेरुजु कायम भएको छ।

४.७ प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएकोमा मन्त्रालय तथा निकायअन्तर्गत् कार्यालयले लेखापरीक्षणको क्रममा रु.१ करोड २७ लाख २४ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.८३ लाख २६ हजार र सम्परीक्षणको क्रममा रु.२२ करोड १२ लाख ४८ हजारसमेत रु.२४ करोड २२ लाख ९८ हजार असुल गराएका छन्। यससम्बन्धी विवरण **अनुसूची-६** मा छ।

यो वर्षको प्रदेश सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रु. ९ करोड ८८ लाख २१ हजारमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयको रु. ४ करोड ७३ लाख ३२ हजार (४७.९० प्रतिशत) र बाँकी मन्त्रालय तथा निकायको रु. ५ करोड १४ लाख ८९ हजार (५२.१० प्रतिशत) देखिएको छ। यससम्बन्धी विवरण अनुसूची- ९ मा छ।

४.८ प्रदेश सरकारी कार्यालयतर्फ म्याद नाघेको गत वर्षसम्मको पेस्की रु.३ अर्ब ६९ करोड ९९ लाख ६८ हजार रहेकोमा यस वर्ष रु.४ करोड ९५ लाख ४९ हजार फर्स्यौट भई रु.३ अर्ब ६५ करोड ४ लाख १९ हजार बाँकी र यस वर्ष थप भएको रु.१० करोड २८ लाख ९९ हजारसमेत पेस्की रु.३ अर्ब ७५ करोड ३३ लाख १८ हजार बाँकी रहेको छ। त्यस्तै समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको पेस्की रु.१ करोड १० लाख २१ हजार रहेकोमा यस वर्ष रु. १७ लाख ४७ हजार फर्स्यौट भई

रु.९२ लाख ७४ हजार बाँकी र यो वर्ष थप भएको रु. ७ लाख ५० हजारसमेत पेस्की रु.१ करोड २४ हजार बाँकी रहेको छ। यससम्बन्धी अद्यावधिक विवरण **अनुसूची-५** मा छ।

४.९ प्रदेशमा पहिलो प्रतिवेदन २०७५ सालमा बुझाइएको थियो। प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ७ वर्षको लेखापरीक्षण अङ्क र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

| प्रतिवेदन | आर्थिक वर्ष | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | प्रतिशत | पेश्की बाहेकको बेरुजु | पेश्की बाहेकको बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|
| पहिलो २०७५ | २०७४।७५ | ६५६८९५ | २२३४२ | ३.४० | २२२२६ | ३.३८ |
| दोस्रो २०७७ | २०७५।७६ | ३४६६४८९७ | १६७३९२६ | ४.८२ | ७६९५२९ | २.२१ |
| तेस्रो २०७८ | २०७६।७७ | ४४५७०३४० | १२६५१५६ | २.८४ | ११७५४४९ | २.६४ |
| चौथो २०७९ | २०७७।७८ | ४५५९१७५८ | १६२८६१३ | ३.५६ | १४८१८२० | ३.२५ |
| पाँचौं २०७९ | २०७८।७९ | ४९०१९४३७ | १६४६३१२ | ३.३६ | १५२६५४२ | ३.१० |
| छैटौं २०८१ | २०७९।८० | ५२७८७१३४ | १३१७६१० | २.५० | १२४११४७ | २.३५ |
| सातौं २०८२ | २०८०।८१ | ५१४१६९१५ | ८६८१८९ | १.६९ | ७६४५४० | १.४९ |

परिच्छेद

# ३



# लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

## परिच्छेद- ३

# लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

१. **कानुन निर्माण -** प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७९ को नियम ४ अनुसूची-२ मा मन्त्रालयले कार्यक्षेत्र अन्तर्गतका विविध कानुन निर्माण गर्ने उल्लेख छ। आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार हालसम्म ३३ कानुन संशोधन सहित ७५ ऐन, ७९ नियमावली, ६० कार्यविधि, २२ निर्देशिका, ८ अध्यादेश र ३ मापदण्ड समेत २४७ कानुनी दस्तावेज तयार गरेको छ। आवश्यक कानुनको पहिचाहन गरी समयमै कानुन निर्माण गर्नुपर्दछ।

२. **वार्षिक नीति तथा कार्यक्रम** - आर्थिक अनुशासन एवम् कार्यदक्षता र सुशासन व्यवस्थापन समेतलाई ध्यानमा राखी मन्त्रालयगत रुपमा निश्चित अवधिगत प्रगति समीक्षा गर्ने तथा प्रदेश सरकारको त्रैमासिक कार्यसम्पादन समीक्षा प्रणालीलाई व्यवस्थित बनाई नतिजामा आधारित कार्यसम्पादन प्रणाली विकास गर्ने, प्रदेश प्रहरी समायोजन, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा आयोजना पहिचान, छनोट र विकास सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने, कोशी औद्योगिक क्षेत्र स्थापनाको लागि अध्ययन गर्ने, पहाडी सुख्खाग्रस्त क्षेत्रमा वर्षाको पानी पोखरी निर्माण गरी दिगो सिँचाइ पुऱ्याउने, सहरी क्षेत्रको सार्वजनिक स्थलहरूमा प्रशोधित खानेपानीको व्यवस्था गर्ने, प्रदेशस्तरमा निर्माण सामग्रीको गुणस्तर परीक्षण प्रयोगशाला निर्माण गर्ने, बृहतर वराहक्षेत्र विकास गुरूयोजना तयारी, प्रादेशिक संग्रहालयलाई बहुसाँस्कृतिक संग्रहालयको रुपमा विकास गर्ने, प्रादेशिक अस्पताल भद्रपुरलाई विशिष्टिकृत अस्पतालको रुपमा विकास गर्ने, लक्षित समूह बहुपक्षीय पोषण कार्यक्रम पुनर्स्थापना गृह निर्माण गर्ने, लगायतका कार्यक्रम कार्यान्वयन हुन सकेको छैन। नीति, बजेट तथा कार्यक्रमबिच तादात्म्यता कायम गरी कार्यान्वयन गर्नुपर्दछ।

३. **सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा प्रदेशस्तरका कर्मचारीहरूको अभिलेख व्यवस्थापन, प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट हुने व्यवस्था छ। स्वीकृत दरबन्दी ३ हजार ९८४ मध्ये १ हजार ८०७ पदपूर्ति भई २ हजार १७७ रिक्त रहेको देखिन्छ। यसवर्ष प्रदेश सरकारले कर्मचारी तलब तथा भत्तामा रु.१ अर्ब ६३ करोड ४७ लाख ९५ हजार खर्च गरेको छ। सङ्गठन संरचना पुनरावलोकन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

४. **कर्मचारीको अभिलेख व्यवस्थापन -** प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७९ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्रमा कर्मचारीहरूको अभिलेख व्यवस्थापन समेत रहेको छ। प्रदेश कर्मचारीको अभिलेख व्यवस्थापनको लागि प्रदेश निजामती किताखाना सञ्चालन सम्बन्धी निर्देशिका, २०८० जारी भई स्थायी पद दर्ता सम्बन्धी कार्य सुरु भएतापनि सम्पूर्ण कर्मचारीको विवरण अद्यावधिक हुन सकेको छैन। प्रदेश तथा स्थानीय निकायमा कार्यरत कर्मचारीको तलबी प्रतिवेदन पारित गर्ने कार्य आंशिक रूपमामात्र भएको छ। राष्ट्रिय किताखानासँग समन्वय गरी तलबी प्रतिवेदन पारित गर्ने, पद तथा सङ्गठन दर्ता लगायत कर्मचारी अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

५. **तलबी प्रतिवेदन** - कोशी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६(४) मा तलबी प्रतिवेदन पारित गरेर मात्रै तलब भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ। यो वर्ष तलबी प्रतिवेदन पारित नगरी प्रदेश अन्तर्गतका कर्मचारीहरूलाई पारिश्रमिक बापत रु.१ अर्ब ६३ करोड ४७ लाख ९५ हजार खर्च गरेको छ। कानुनमा भएको व्यवस्था बमोजिम कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च गर्नुपर्दछ।

६. **विपद् व्यवस्थापन कोष** - प्रदेशभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुन सक्ने जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि मन्त्रालयले विपद् व्यवस्थापन कोष कार्यविधि, २०७५ बमोजिम विपद् व्यवस्थापन कोष स्थापना गरेको छ। कोषको गत वर्षको जिम्मेवारी समेत आम्दानी रु.७ करोड ६५ लाख ४९ हजार, खर्च रु.२ करोड १ लाख ५१ हजार र मौज्दात रु.५ करोड ६३ लाख ९८ हजार रहेको छ। कोषबाट १३० बाढी पीडितलाई रु.२१ लाख, हावाहुरी तथा विपद् पीडित २७ जनालाई रु.८० लाख ५१ हजार र जाजरकोट तथा दैलेखका भूकम्प पीडितलाई सहयोगमा रु.१ करोड खर्च भएको छ। नेपाल सरकारको सङ्घीय मन्त्रालय र स्थानीय निकायबाट समेत राहत तथा सहयोग वितरण हुने भएकाले ती निकायसँग समेत समन्वय गरी राहत तथा आर्थिक सहयोग रकम परिचालन गर्नुपर्दछ।

७. **आर्थिक सहायता** - प्रदेश सरकार अन्तरगतका आर्थिक सहायता सम्बन्धी कार्यविधिहरू अनुसार आन्तरिक मामिला मन्त्रालयले रु.३५ लाख ४० हजार र स्वास्थ्य मन्त्रालयले रु.४ करोड ९८ लाख ८६ हजार खर्च गरेको छन्। आर्थिक सहायतालाई लक्षित वर्गमा पुग्ने गरी व्यवस्थापन गर्नुपर्दछ।

८. **आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान** - आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ को बुँदा नं. ५(२) मा प्रदेश सरकारले ३० प्रतिशत, महानगर/उपमहानगरपालिकाले २० प्रतिशत, नगरपालिकाले १५ प्रतिशत, गाँउपालिकाले १० प्रतिशत र बाँकी सङ्घीय सरकारले व्यहोर्ने गरी लागत सहभागिताका आधारमा तीनै तहका सरकारबाट वित्तीय प्रबन्ध गरी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण गर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा र भोजपुरका ४५६ घर निर्माणको लागि पहिलो किस्ता वापत रु.५६ लाख ८५ हजार र ४० घर निर्माणको लागि दोस्रो किस्ताबापत रु.२९ लाख ७० हजार तथा ४६ घर निर्माणको लागि अन्तिम किस्ता वापत रु.२७ लाख ९० हजारसमेत ५४२ घर निर्माणको लागि रु.१ करोड १४ लाख ४५ हजार अनुदान उपलब्ध गराएको देखिन्छ। मन्त्रालयबाट उपलब्ध गराएको अनुदान रकमको अनुगमन गरी उपयोग भए नभएको यकिन गर्नुपर्दछ।

९. **बजेट व्यवस्था** - प्रदेश सरकारले २०८०।८१ को लागि रु.३६ अर्ब २२ करोड ४८ लाख २५ हजारको बजेट २०८० जेठ ३२ मा पेस गरेकोमा प्रदेश सभाबाट पारित नभएकोले पुनः २०८० भाद्र २४ गते दोस्रो अध्यादेश जारी भई २०८० मंसिर १५ मा प्रदेश आर्थिक ऐन र प्रदेश विनियोजन ऐन, २०८० जारी भएको छ। यो वर्ष रु.३६ अर्ब ७४ करोड ३५ लाख १० हजार बजेट विनियोजन गरेकोमा सङ्घीय ससर्त अनुदानको रु.७ करोड ५६ लाख थप भई अन्तिम बजेट रु.३६ अर्ब ८१ करोड ९० लाख ७४ हजार कायम भएको छ। जसमध्ये चालुतर्फ रु.१५ अर्ब ९३ करोड ३५ लाख ६२ हजार र पुँजीगततर्फ रु.२० अर्ब ८७ करोड ५५ लाख १२ हजार तथा वित्तीय व्यवस्था तर्फ रु.१ करोड विनियोजन भएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेशअन्तर्गत सङ्घीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व, गत वर्षको बचत र स्वीस सरकारको

सोझै भुक्तानी अनुदानतर्फ रु.१० करोड ३६ लाख ९६ हजारसमेत रु.३२ अर्ब २५ करोड ५१ लाख ४ हजार आय प्राप्त भएको छ। प्रदेश सरकारबाट यो वर्ष रु.२८ अर्ब २ करोड ७५ लाख ३३ हजार खर्च भई रु.४ अर्ब २२ करोड ७५ लाख ७३ हजार बचत भएको छ। विनियोजित बजेटमध्ये चालुतर्फ सञ्चित कोष माथि व्ययभार पर्ने रकमसमेत रु.११ अर्ब ६७ करोड ९२ लाख ३५ हजार तथा पुँजीगततर्फ रु.१६ अर्ब ३४ करोड ८२ लाख ९८ हजार खर्च भएको छ। विनियोजनको तुलनामा खर्च न्यून भएकाले बजेटको समुचित परिचालन एवं पुँजीगत खर्च गर्ने क्षमता अभिवृद्धि गरी बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्दछ।

१०. **राजस्व प्राप्ति** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०८०।८१ को प्रदेश सञ्चित कोषको विवरणअनुसार रु.३२ अर्ब १५ करोड १४ लाख ८ हजार कुल प्राप्ति भएको छ। कुल प्राप्तिमध्ये सङ्घीय राजस्व बाँडफाँटबाट रु.९ अर्ब २५ करोड ५३ लाख ६ हजार (२८.७९ प्रतिशत), सङ्घीय सरकारबाट हस्तान्तरित अनुदान रु.१३ अर्ब ५३ करोड ४३ लाख ७८ हजार (४२.०९ प्रतिशत), प्रदेशबाट सङ्कलित राजस्व रु.४ अर्ब १६ करोड ४१ लाख ९६ हजार (१२.९५ प्रतिशत) र गत वर्षको मौज्दात रु.५ अर्ब १९ करोड ७५ लाख २८ हजार (१६.१७ प्रतिशत) रहेको छ। प्रदेश सरकारको कुल प्राप्तिमा सङ्घीय अनुदानको हिस्सा उल्लेखनीय देखिएकोले आन्तरिक राजस्वको दायरा फराकिलो बनाई आन्तरिक आय सङ्कलनमा जोड दिनुपर्दछ।

११. **राजस्व छुट** - प्रदेश आर्थिक ऐन, २०८० को दफा १६ मा प्रदेश सरकारले कानुनबमोजिम लगाइएका दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्णरूपमा छुट दिन सक्ने र छुट दिइएको विवरण प्रत्येक वर्ष मन्त्रालयले प्रदेश सभामा पेस गर्नुपर्ने उल्लेख छ। प्रदेश आर्थिक ऐन, २०८० को अनुसूचीमा विभिन्न सेवाको दस्तुर, शुल्क र करको दरमा छुट हुने उल्लेख रहेकोमा मन्त्रालयले यो वर्ष छुट दिएको रकमको क्षेत्रगत तथा एकीकृत विवरण तयार गरेको पाइएन। यो वर्ष मालपोत रजिष्ट्रेशन दस्तुरमा २०८० चैत्र मसान्त सम्म रु.३२ करोड ३४ लाख छुट प्रदान गरेको विवरण सभामा पेस गरेको छ। प्रदेश सरकारबाट कर, राजस्व तथा शुल्कमा छुट प्रदान गरेको एकीकृत विवरण प्रदेश सभामा पेस गर्नुपर्दछ।

१२. **स्थानीय तहलाई अनुदान -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ४ मा नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुनबमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने उल्लेख छ। यो वर्ष १३७ स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान रु.९९ करोड ९९ लाख ७२ हजार, समपूरक अनुदान रु.१ अर्ब ४ करोड १७ लाख ६९ हजार तथा सशर्त अनुदान रु.१ अर्ब २६ करोड १० लाख ७७ हजारसमेत रु.३ अर्ब ३० करोड २८ लाख १८ हजार अनुदान हस्तान्तरण गरेको छ।

(रु.हजारमा)

| सि.नं. | अनुदानको विवरण | पालिका संख्या | निकासा रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | समानीकरण अनुदान | १३७ | ९९९९७२ | ९९९९७२ |
| २ | सशर्त अनुदान | १३७ | १२६१०७७ | १२६१०७७ |
| ३ | समपूरक अनुदान | १३१ | १०४१७६९ | १०४१७६९ |

| | | |
|---|---|---|
| **जम्मा** | **३३०२८१८** | **३३०२८१८** |

१३. **समपूरक अनुदान -** समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०७५ को दफा ६(१) मा नेपाल सरकारले प्रदेश सरकारलाई छनोट गरेका आयोजनाको कुल लागतको अधिकतम पचास प्रतिशतसम्म समपूरक अनुदान प्रदान गर्ने र दफा ९(१) मा प्रदेशले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजनाको लागि अनुदान प्राप्त भएको हो सो आयोजनामा मात्र खर्च गर्नुपर्ने उल्लेख छ। सङ्घीय सरकारबाट ७ योजनाको लागि यो वर्ष रु.७३ करोड अनुदान प्राप्त भएकोमा उक्त आयोजनाहरूमा रु.७१ करोड ४० लाख ४० हजार खर्च भएको छ। कुल खर्च रकमको ५० प्रतिशतले हुने रु.३५ करोड ७० लाख २० हजार मात्र समपूरक अनुदानबाट खर्च गर्नुपर्नेमा रु.५३ करोड २१ लाख ८ हजार खर्च भै रु.१७ करोड ५० लाख ८८ हजार बढी खर्च गरेको छ। सङ्घीय स्रोतबाट बढी खर्च भएको रकम सङ्घीय सञ्चित कोष फिर्ता गर्नुपर्दछ।

१४. **प्रदेश आकस्मिक कोष -** प्रदेश आकस्मिक कोष सञ्चालन ऐन, २०७५ बमोजिम आकस्मिक कोष स्थापना गरी कार्यान्वयन गर्नुपर्दछ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण प्रदेश सरकार अन्तरगत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कोरोना जनसुरक्षा कोषमा रु.२१ करोड ८५ लाख ५२ हजार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको विपद् व्यवस्थापन कोषमा रु.५ करोड ६३ लाख ९८ हजारसमेत रु.२७ करोड ४९ लाख ५० हजार मौज्दात रहेको छ। मौज्दातमध्ये कोरोना जनसुरक्षा कोषको प्रयोजन समाप्त भईसकेको अवस्था छ। उक्त रकम प्रदेश विपद् ब्यवस्थापन कोषमा दाखिला गर्नुपर्दछ।

१५. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ मा प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार गत वर्षको जिम्मेवारी रु.७ अर्ब ९१ करोड ९१ लाख ७ हजार रहेकोमा यस वर्षको प्राप्ति रु.२७ अर्ब २९ करोड ९५ लाख ५६ हजारसमेत कुल रु.३५ अर्ब २१ करोड ८६ लाख ६३ हजार जम्मा प्राप्ति भएकोमा भुक्तानी रु.२८ अर्ब २८ करोड १० लाख ७० हजार भएको छ। प्रदेशका अन्य कोषमा थप भएको नगद रु.९ करोड ६ लाख ३० हजार रहेको छ भने आर्थिक वर्षको अन्त्यमा कोषसहितको नगद मौज्दात रु.७ अर्ब २ करोड ८२ लाख २३ हजार रहेको देखिन्छ। प्रदेश सरकारले यो वर्ष फिर्ता गर्नु पर्ने सशर्त, समपुरक र विशेष अनुदान रु.१ अर्ब ९६ करोड ८८ लाख २१ हजार आर्थिक वर्ष २०८१/८२ को बजेटमा विनियोजन गरी तोकिएको अवधि पश्चात् फिर्ता गरेको छ। चालु वर्षमा फिर्ता गर्नुपर्ने रकम आगामी वर्षको बजेटमा समावेश गरी फिर्ता गरेको देखिँदा उक्त वित्तीय विवरणले आय व्ययको यथार्थ अवस्था चित्रण गर्न सकेको देखिएन।

१६. **सरकारी सम्पत्तिको अभिलेख -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७८ (७) मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गरी कात्तिक मसान्तभित्र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको सम्पत्ति रु.६ अर्ब १० करोड ४४ लाख ६० हजार रहेको छ। महालेखा नियन्त्रक कार्यालयले २०८१।८२ बाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली भर्सन २ लागु गरेकोमा

सो प्रणालीमा जिम्मेवारी सार्दा यस्तो सम्पत्ति यकिन गरेको देखिएन। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट तयार गरेको विवरणमा सबै सम्पत्तिहरू समावेश हुन नसकेको, मूल्य नखुलेका सम्पत्तिको मूल्य रु.१ राखेको, घरजग्गा अभिलेख व्यवस्थित नगरेको अवस्था छ। प्रदेश सरकारको सबै सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी सम्पत्तिको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

१७. **घरजग्गा रजिष्ट्रेशन दस्तुर** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५(१ख) मा स्थानीय तहले घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउँदा प्रदेशले लगाएको घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउने कानुनी व्यवस्था छ। हाल रजिष्ट्रेशन शुल्कबापतको राजस्व जिल्लास्थित मालपोत कार्यालयहरूबाट सङ्कलन भई सोको बाँडफाँट भएको अवस्था छ। रजिष्ट्रेशन शुल्कबापत यो वर्ष रु.१ अर्ब ४५ करोड प्राप्त हुने अनुमान रहेकोमा रु.१ अर्ब २५ करोड ६९ लाख ४८ हजार प्राप्त गरेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले मालपोत कार्यालयबाट बाँडफाँट भै प्राप्त भएको रकममात्र आम्दानी जनाएको छ। असुल भई बाँडफाँट नभएको लेखाङ्कन गर्नुपर्ने वास्तविक राजस्व लेखाङ्कन तथा प्रतिवेदन भएको अवस्था देखिँदैन। सम्बन्धित आर्थिक वर्षको राजस्व रकम तोकिएको अवधि भित्र बाँडफाँट गरी लेखाङ्कन र प्रतिवेदन गरिनुपर्दछ।

१८. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३५ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयबाट यस वर्ष २९१ कार्यालयको आन्तरिक लेखापरीक्षण भएको छ। उक्त लेखापरीक्षण प्रतिवेदनमा ४ कार्यालयमा बेरुजु नरहेको, ९ निकाय तथा मन्त्रालय अन्तर्गतमा असुल गर्नुपर्ने रु.३ करोड १८ लाख २३ हजार, नियमित गर्नुपर्ने रु.८ करोड १५ लाख १६ हजार बेरुजु र पेस्की बाँकी रु.२५ करोड २७ लाख ४९ हजारसमेत रु.३६ करोड ६० लाख ८८ हजार बेरुजु औंल्याएको छ। लेखापरीक्षणबाट देखिएका बेहोराहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट गर्नुपर्दछ।

१९. **खरिदमा प्रतिस्पर्धा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश मन्त्रालय र अन्तर्गतका निकाय समेत ४५ कार्यालयले रु.६९ करोड ६५ लाख ८२ हजारको निर्माण, मर्मत सम्भार, फर्निचर तथा औषधि उपकरण, कार्यालय सामान प्रतिस्पर्धा बेगर सोझै खरिद गरेका छन्। खरिद नियमको पालना गर्नुपर्दछ।

२०. **समायोजन ग्रेड** - कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुनेसम्बन्धी व्यवस्था छ। पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनङ्कित द्वितीय र प्रथम तथा राजपत्रांङ्कित तृतीय र द्वितीय श्रेणीका कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा समायोजन ग्रेडको व्यवस्था रहेको पाइएन। प्रदेश अन्तर्गतका विभिन्न ४० कार्यालयका १६८ कर्मचारीलाई यो वर्ष समायोजन ग्रेड थप गरी रु.८२ लाख ३६ हजार बढी भुक्तानी गरेको छ। उक्त रकम असुल हुनुपर्दछ।

२१. **बेरुजुको लगत** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को दफा ८८(३) मा मन्त्रालय वा अन्य निकायले आफ्नो र मातहतको कार्यालयको बेरुजुको लगत राख्दा

फर्स्यौंट अङ्क र बाँकी अङ्क खुलाई अनुसुची-२१ बमोजिमको ढाँचामा विवरण तयार गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। बेरुजु लगतको आधारमा कार्यालय र मन्त्रालय वा अन्य निकायले बेरुजु फर्स्यौंटको चौमासिक कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेकोमा प्रदेश मन्त्रालय तथा अन्तर्गतका कार्यालय र अन्य निकायको बेरुजुको विवरण अद्यावधिक रहेको छैन। मन्त्रालयहरू टुक्रिदाँ र समायोजन हुँदा बेरुजु अभिलेखसमेत अद्यावधिक गरी कानुनबमोजिम फर्स्यौंट गर्नुपर्दछ।

२२. **बहुवर्षीय योजना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १२ मा आगामी वर्षहरूको लागि बहुवर्षीय दायित्व सिर्जना गर्नुपूर्व प्रदेशको समष्टिगत आर्थिक परिसूचकहरूको विश्लेषण, स्रोत प्राप्तिको अवस्था, प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य एवम् उपलब्धि, मध्यमकालीन खर्च संरचना, सिर्जित दायित्वको विवरण सहित मन्त्रालयको बजेटको आधार लिनुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयबाट सञ्चालित बहुवर्षीय आयोजनाहरू खरिद सम्झौता ३१६ को कुल रु.१ अर्ब ८६ करोड ७३ लाख ८३ मध्ये यो वर्षसम्ममा रु.१ अर्ब १ करोड ५८ लाख ३ हजार भुक्तानी भई रु.८५ करोड १५ लाख ८० हजारको कार्य हुन बाँकी रहेको छ। बहुवर्षीय योजनाको स्रोत सुनिश्चितता दिएकोमा स्रोतको आधार उल्लेख गरेको छैन। बहुवर्षीय आयोजनाको स्रोतगत आधार खुलाई स्पष्ट अभिलेख राखुपर्दछ।

२३. **आर्थिक सहायता -** प्रदेश सरकारको नीति कार्यक्रममा विपन्न नागरिकलाई कडा रोगका लागि उपचार सहायता तथा अन्य आर्थिक सहायता उपलव्ध गराउन आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ जारी गरी स्वास्थ्य मन्त्रालयबाट यस वर्ष मृगौला प्रत्यारोपण, क्यान्सर, मुटुरोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, अल्जाइमर्स, पार्किन्सन्स् कलेजो, मस्तिष्कघात र अप्लाष्टिक एनिमिया रोगका लागि ४९७ जनालाई प्रतिव्यक्ति अधिकतम रु.२ लाख सम्मको उपचार रकम रु.४ करोड ९८ लाख ८६ हजार विल विजकको आधारमा वितरण गरी खर्च लेखेको छ। निःशुल्क तथा विपन्न नागरिकको औषधि तथा कडा रोग उपचार सम्बन्धी ऐन कानुन वेगर कार्यविधि बनाई रु.४ करोड ९८ लाख ८६ हजार खर्च गरेको देखिन्छ।

२४. **दिगो विकास लक्ष्य** - दिगो विकासका विश्वव्यापी १७ लक्ष्यमध्ये नेपालले अङ्गीकार गरेका लक्ष्य (लक्ष्य नं. १४ बाहेक) १६, गन्तव्य १६९ मध्ये १५९ र सूचक २३७ मा २५७ थपसमेत ४९४ सूचकलाई योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरी सन् २०३० सम्म पूरा गर्ने कार्यसूचीमा उल्लेख छ। प्रदेशको प्रथम आवधिक योजना कार्यान्वयनको समीक्षा प्रतिवेदन अनुसार योजनाका ६६ गन्तव्य सूचक मध्ये दिगो विकास लक्ष्यसँग सम्बन्धित तथ्याङ्क उपलब्ध भएका क्षेत्रहरूमध्ये वन, उर्जा, पारदर्शिता, प्रजनन् दर, प्रति व्यक्ति आय, अपेक्षित आयु, बहुआयामिक गरिबी र विद्युतमा पहुँच प्राप्त परिवार सम्बन्धी सूचकहरूमा सकारात्मक परिवर्तन रहेको उल्लेख छ। समीक्षा प्रतिवेदनले तीन वर्षको बजेट विनियोजनको प्रवृतिलाई हेर्दा १६ लक्ष्यमध्ये ७ लक्ष्य प्राप्तिउन्मुख रहेका, ६ लक्ष्य प्राप्तिका लागि विद्यमान लगानी प्रवृतिमा सुधार गरी थप लगानी गर्नुपर्ने देखिन्छ। बाँकी रहेका ३ लक्ष्यको नीति निर्माण र संरचना व्यवस्थापन सहितका विशेष कार्यक्रमहरू र सोको लागि लगानीको सुनिश्चितता अनिवार्य रहेको समीक्षा प्रतिवेदनमा उल्लेख छ। प्रदेश सरकारको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दिगो विकास लक्ष्यलाई हासिल गर्न विद्यमान लगानी ढाँचा र कार्ययोजनामा थप सुधार गर्नुपर्दछ।

२५. **मध्यमकालीन खर्च संरचना** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी पेस गर्नुपर्ने व्यवस्था छ। मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम प्रदेश सरकारको २०८०।८१ को खर्च प्रक्षेपण र वास्तविक बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छः

(रु.लाखमा)

| मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण | | | | | बजेट विनियोजन | | | | | प्रक्षेपणको तुलनामा बढी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | स्थानीय तह अनुदान | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | स्थानीय तह अनुदान | |
| ३६२४३६ | १४३९६३ | १८२३४३ | १०० | ३६०३० | ३६८१९१ | १२१०८९ | २०८७५५ | १०० | ३८२४७ | ५७५५ |

मध्यमकालीन खर्च संरचना तय गर्दा आयोगको भूमिकालाई समेत सुदृढ गर्दै स्रोत साधनको आकलन गरी प्राथमिकताको क्षेत्रमा मध्यमकालीन अवधिको लागि स्रोतको बाँडफाँटसहित अनुमान गर्नुपर्ने, उपलब्धि सहित विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमानलाई मध्यनजर गरी बजेटको प्रक्षेपण गर्ने तथा मध्यमकालीन खर्च संरचनाको आधारमा बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउँदै बजेटलाई प्रदेश सरकारको दीर्घकालीन सोच, दिगो विकास लक्ष्य हासिल गर्न सकारका नीति, कार्यक्रम र बजेटलाई उल्लिखित संरचनासँग आबद्धता गर्नुपर्दछ।

२६. **आयोजना बैङ्क** - प्रदेश आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८० अनुसार आयोजना बैङ्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य प्रदेश योजना आयोगले गर्ने र कार्यविधि लागु हुनु अघि छनोट भएका निर्माणाधीन एवम् क्रमागत सबै आयोजनाहरूलाई २०८० पौष मसान्तभित्र प्रदेश आयोजना बैङ्क सूचना प्रणालीमा प्रविष्टि गरिसक्नुपर्ने उल्लेख भएकोमा लेखापरीक्षण अवधिसम्ममा ६५९ आयोजनाहरू आयोजना बैङ्कमा प्रविष्ट गरेको छ। प्रदेशमा आयोजना बैङ्कको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी वनाउनु पर्दछ।

२७. **बजेट कार्यान्वयन स्थिति** - कोशी प्रदेश सरकारको देहायका मन्त्रालय तथा निकायहरूको २०८०।८१ को बजेट अनुमान रु.३६ अर्ब ८१ करोड ९० लाख ७४ हजार भएकोमा रु.२८ अर्ब २ करोड ७५ लाख ३३ हजार खर्च भएको छ। बजेट अनुमानको तुलनामा चालु खर्च ७३.३० प्रतिशत र पुँजीगत खर्च ७८.३१ प्रतिशत भएको छ।

(रु.हजारमा)

| मन्त्रालय / निकाय | बजेट | | | | निकासा /खर्च | | | चालु खर्च प्रतिशत | पुजिगत खर्च प्रतिशत | कुल खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | जम्मा | | | |
| प्रदेश सभा सचिवालय | २४१६५० | १०८०० | - | २५२४५० | १९६११० | ३८६२ | १९९९७२ | ८१.१५ | ३५.७६ | ७९.२१ |
| मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | ५२६८९५ | ५८०४० | - | ५८४९३५ | २९१६६३ | २२४७५ | ३१४१३८ | ५५.३६ | ३८.७२ | ५३.७० |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ६९०७७४ | १५९५४२ | - | ८५०३१६ | ४४७६५१ | ४९०८५ | ४९६७३५ | ६४.८० | ३०.७७ | ५८.४२ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | २१८००५६ | ६९५० | - | २१८७००६ | १६१३६९८ | ४०४० | १६१७७३८ | ७४.०२ | ५८.१३ | ७३.९७ |
| उद्योग कृषि तथा सहकारी मन्त्रालय | १५९९०५८ | ३००६९८ | - | १८९९७५६ | १२६३२६६ | २४३३४५ | १५०६६११ | ७९.०० | ८०.९३ | ७९.३१ |
| खानेपानी सिँचाइ तथा उर्जा मन्त्रालय | ४६६७०१ | ५१८५६६५ | १०००० | ५६६२३६६ | ३७९२८७ | ४८६६९१० | ५२४६१९७ | ८१.२७ | ९३.८५ | ९२.६५ |
| पर्यटन वन तथा वातावरण मन्त्रालय | १२१२३५२ | १३९०२८० | - | २६०२६३२ | ८८५१३७ | ९६०३४० | १८४५४७७ | ७३.०१ | ६९.०८ | ७०.९१ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | ३९९३१३ | १३१०००३० | - | १३४९९३४३ | २४४०९३ | ९७२६५९४ | ९९७०६८८ | ६१.१३ | ७४.२५ | ७३.८६ |
| सामाजिक विकास मन्त्रालय | १०५४६७६ | २६९६४० | - | १३२४३१६ | ७६५१९९ | २१०२७८ | ९७५४७७ | ७२.५५ | ७७.९८ | ७३.६६ |
| स्वास्थ्य मन्त्रालय | २९६८३११ | ३४०९६७ | - | ३३०९२७८ | २१७०७४८ | २५५९८७ | २४२६७३५ | ७३.१३ | ७५.०८ | ७३.३३ |
| प्रदेश लोक सेवा आयोग | ८८९२० | ४१०० | - | ९३०२० | ८०१५९ | ३६८५ | ८३८४४ | ९०.१५ | ८९.८८ | ९०.१४ |
| प्रदेश योजना आयोग | ४३८१० | १५०० | - | ४५३१० | २०६३२ | १२०१ | २१८३३ | ४७.०९ | ८०.०७ | ४८.१९ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | २३६०६ | ५०० | - | २४१०६ | १८७७४ | ४९६ | १९२७० | ८९.५३ | ९९.२० | ७९.९४ |
| कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ४०००० | - | - | ४०००० | - | - | - | - | - | - |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अर्थ - विविध | ५७२७३८ | ४६८०० | - | ६१९५३८ | - | - | - | - | - | - |
| स्थानीय तह | ३८२४७०२ | - | - | ३८२४७०२ | ३३०२८१८ | - | ३३०२८१८ | ८६.३५ | - | ८६.३५ |
| **कोशी प्रदेश** | **१५९३३५६२** | **२०८७५५१२** | **१०००० ** | **३६८१९०७४** | **११६७९२३५** | **१६३४८२९८** | **२८०२७५३३** | **७३.३०** | **७८.३१** | **७६.१२** |

प्रदेश सरकारले यो वर्ष कुल विनियोजित बजेटको ७६.१२ प्रतिशत खर्च गरेको छ। मन्त्रालय तथा निकायगत रुपमा प्रदेश योजना आयोगले सबैभन्दा न्यून अर्थात विनियोजित बजेटको ४८.१९ प्रतिशत र खानेपानी सिँचाइ तथा उर्जा मन्त्रालयले सबैभन्दा बढी विनियोजित बजेटको ९२.६५ प्रतिशत खर्च गरेको छ। अन्तरसरकारी वित्तीय हस्तान्तरणको रुपमा प्रदेश सरकारले स्थानीय तहलाई चालुतर्फबाट रु.३ अर्ब ८२ करोड ४७ लाख २ हजार बजेट व्यवस्था गरेकोमा रु.३ अर्ब ३० करोड २८ लाख १८ हजार अर्थात ८६ प्रतिशत खर्च गरेको छ। बजेट यर्थाथपरक र कार्यान्वयन योग्य बनाउनुपर्छ।

२८. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराई आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

खण्ड

# १

# मन्त्रालय र निकायगत बेहोरा

# प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ बमोजिम कोशी प्रदेशमा ९३ सदस्यीय प्रदेश सभा गठन भएको छ। संविधानको धारा १९५ बमोजिम प्रदेश सभाको काम कारबाही सञ्चालन, व्यवस्थापन गर्न प्रदेश सभा सचिवालय रहने व्यवस्था छ।

१. **लेखापरीक्षण अङ्क** - सचिवालयको निम्नानुसार रु.२० करोड १६ लाख ४९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| १९९९७२ | ३३० | १३४७ | ० | २०१६४९ |

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक संकेत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | कायम बजेट | निकासा/ खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २११०० पारिश्रमिक / सुविधा | १६२६०४ | १६२६७४ | १४५६८३ | ८९.५६ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | १७० | १७० | १२६ | ७४.१२ |
| २२१०० सेवा महसुल | २७०० | ३५८१ | ३३४४ | ९३.३८ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | १६५९० | १६५९० | ९६९४ | ५८.४३ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | ६५१० | ६१२५ | ३८९६ | ६३.६१ |
| २२४०० सेवा तथा परामर्श खर्च | १००४० | ९९२५ | ८८३४ | ८९.०२ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | १८८०० | १८३५० | ८७३४ | ४७.६० |
| २२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च | १६३३८ | १६३३८ | १०१७७ | ६२.२९ |
| २२७०० विविध खर्च | ५३०० | ५३०० | ३६९४ | ६९.६९ |
| २७२०० सामाजिक सहायता | ३३० | ३३० | १३१ | ३९.८२ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | २२६८ | २२६८ | १७९७ | ७९.२५ |
| **चालुतर्फ जम्मा** | **२४१६५०** | **२४१६५०** | **१९६११०** | **८१.१५** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १०८०० | १०८०० | ३८६२ | ३५.७६ |
| **पुँजीगततर्फ जम्मा** | **१०८००** | **१०८००** | **३८६२** | **३५.७६** |
| **जम्मा** | **२५२४५०** | **२५२४५०** | **१९९९७२** | **७९.२१** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ८१.१५ प्रतिशत, पुँजीगततर्फ ३५.७६ प्रतिशत र समग्रमा ७९.२१ प्रतिशत खर्च भएको देखिन्छ।

३. **विधेयक दर्ता तथा पारित** - नेपालको संविधान अनुसार प्रदेश सभाको प्रमुख कार्यहरूमध्ये संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा कानुन बनाउनु रहेको छ। प्रदेश सभाले यस आर्थिक वर्षमा १० विधेयक दर्ता गराएकोमा सभाबाट ७ पारित भएको विवरण पेस भएको छ।

४. **निर्णय कार्यान्वयन** - प्रदेश सभा नियमावली, २०७४ को नियम १३१ मा प्रदेश सरकारलाई प्रदेश सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, प्रदेश सरकारबाट भए/गरेका काम कारबाहीको अनुगमन र

मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाहसमेतका लागि प्रदेश सभामा विभिन्न विषयगत समितिहरूको गठन गर्न सक्ने व्यवस्था अनुसार प्रदेश सभाले ७ समिति गठन गरेको छ। प्राप्त विवरणअनुसार यस आर्थिक वर्षमा न्याय प्रशासन तथा विधायन समितिले १९, सुशासन तथा योजना समितिले १६, अर्थ समितिले १२, सार्वजनिक लेखा समितिले २५, सामाजिक विकास समितिले १३, उद्योग, पर्यटन तथा वातावरण समितिले १०, प्राकृतिक स्रोत तथा पूर्वाधार विकास समितिले १५ बैठक बसी विभिन्न निर्णय भएको छ। समितिको निर्णय कार्यान्वयन हुनुपर्दछ।

५. **दरबन्दी र पदपूर्ति -** सचिवालयले पेस गरेको विवरणअनुसार स्वीकृत दरबन्दी ८९ रहेकोमा कार्यरत ५४ मध्ये स्थायी दरवन्दीमा १७, काजमा १४ र करारमा २३ रहेका छन्। रा.प. प्रथम (संसद सेवा) १, रा.प.द्वितीय (प्रशासन सेवा) १, रा.प.द्वितीय (न्याय सेवा) १, रा.प. द्वितीय (विविध सेवा) १ लगायतका ३५ दरबन्दी रिक्त रहेको देखिन्छ।

६. **तलबी प्रतिवेदन -** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६(४) मा तलबी प्रतिवेदन पारित गरी तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ। सचिवालयले तलबी प्रतिवेदन पारित नगरी यो वर्ष रु.२ करोड ७ लाख ६२ हजार तलब खर्च गरेको छ। कानुनबमोजिम तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी गर्नुपर्दछ।

७. **सचिवालय व्यवस्थापन खर्च -** नेपालको संविधानको धारा २०६ मा प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने खर्च सम्बन्धी व्यवस्था छ। सचिवालयले प्रदेश सभामुख र उप-सभामुखको सचिवालयमा कार्यरत ९ कर्मचारीको रु.२२ लाख १६ हजार तलब भुक्तानी सञ्चित कोषमा व्ययभार गरी खर्च लेखेको छ। सचिवालयका कर्मचारीहरूको तलब सुविधा विनियोजनतर्फको चालु शीर्षकबाट खर्च लेख्नु पर्दछ।

८. **समायोजन ग्रेड -** कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ। पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनङ्कित द्वितीय र प्रथम तथा राजपत्रांकित तृतीय र द्वितीय श्रेणीका कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेड दिने व्यवस्था रहेको छैन। यो वर्ष ग्रेड थप नपाउने तहमा समायोजन भएका १३ कर्मचारीलाई ग्रेड थप रु.७ लाख ४१ हजार भुक्तानी दिएको छ। ऐन विपरीत भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा तलबी प्रतिवेदन पारित नभएको, समायोजन ग्रेड बढी भुक्तानी गरेको लगायतका बेहोरा औंल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - सचिवालयको यो वर्ष रु.९ लाख २ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपश्चात् फर्स्यौंट नभएकोले रु.९ लाख २ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार कार्यालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेशको अधिकार अन्तर्गत विषयगत नीति तर्जुमाका लागि मन्त्रालयलाई निर्देशन, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- मन्त्रालयहरूको कार्यको समन्वय, सुपरिवेक्षण, नियन्त्रण, अनुगमन र मूल्याङ्कन,
- प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
- विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति र तर्जुमा भएको विधेयक मस्यौदाको स्वीकृति, अध्यादेश जारीका लागि सिफारिस र प्रत्यायोजित विधायन मन्त्रिपरिषद्बाट जारी गर्ने,
- प्रदेशको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी लिने र सोको सम्बोधन,
- उपाधि, सम्मान, विभूषणको सिफारिस तथा प्रदेश निजामती सेवा पुरस्कार,
- प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी कानुनको तर्जुमा र कार्यान्वयन,
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति तथा कानुन तर्जुमा एवम् कार्यान्वयन,
- कर्मचारीहरूको अभिलेख व्यवस्थापन,
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन,
- स्थानीय तहका न्यायिक समितिहरूको क्षमता विकास, सम्बन्ध, सहयोग र सहकार्य,
- स्थानीय तहहरूको कानुन निर्माणमा क्षमता विकास, सहयोग र सहकार्य।

१. **लेखापरीक्षण अङ्क** - कार्यालयको निम्नानुसार रु.५३ करोड ७० लाख १० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ३१४१३८ | ७३१ | ३५८८ | २१८५५३ | ५३७०१० |

यो वर्ष २ संस्थाको रु.१८ करोड ३८ लाख ६९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक संकेत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | कायम बजेट | निकासा/ खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २११०० पारिश्रमिक / सुविधा | ७०७४३ | ७०७४३ | ४१९२७ | ५९.२७ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | १११२ | १११२ | १६२ | १४.५५ |
| २२१०० सेवा महसुल | ५३४६ | ५३४६ | ४५५० | ८५.१० |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन र | २०८२८ | २१३२८ | १६७७१ | ७८.६३ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | ८१७५ | ८१७५ | ७५७७ | ९२.६९ |
| २२४०० सेवा तथा परामर्श खर्च | १४३७१ | १४३७१ | १०९४५ | ७६.१६ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ३२५२५५ | ३२५२५५ | १८६७८७ | ५७.४३ |
| २२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च | ५३०० | ६८०० | ६१२१ | ९०.०२ |
| २२७०० विविध खर्च | १४८५० | १४८५० | ७६६७ | ५१.६३ |
| २६४०० सामाजिक सेवा अनुदान | ५८००० | ५६००० | ७५०८ | १३.४१ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | २९१५ | २९१५ | १६४८ | ५६.५५ |
| **चालुतर्फ जम्मा** | **५२६८९५** | **५२६८९५** | **२९१६६३** | **५५.३६** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ५८०४० | ५८०४० | २२४७५ | ३८.७२ |
| **पुँजीगततर्फ जम्मा** | **५८०४०** | **५८०४०** | **२२४७५** | **३८.७२** |
| **कुल जम्मा** | **५८४९३५** | **५८४९३५** | **३१४१३८** | **५३.७०** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ५५.३६ प्रतिशत, पुँजीगततर्फ ३८.७२ प्रतिशत र समग्रमा ५३.७० प्रतिशत खर्च भएको देखिन्छ।

३. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ (२) मा प्रत्येक आर्थिक वर्षको लागि मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम यस मन्त्रालयको त्रिवर्षीय अनुमान तथा प्रक्षेपणमा २०८०।८१ को लागि गरेको प्रक्षेपण तथा वास्तविक बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छ :

(रु.हजारमा)

| मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण | | | बजेट विनियोजन | | | प्रक्षेपणको तुलनामा बढी बजेट |
|---|---|---|---|---|---|---|
| कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | |
| ४९१६६० | ४६४६६० | २७००० | ५८४९३५ | ५२६८९५ | ५८०४० | ९३२७५ |

मन्त्रालयमा यो वर्ष मध्यमकालीन खर्च संरचनाले तय गरेको प्रक्षेपण भन्दा रु.९ करोड ३२ लाख ७५ हजार (१८.९७ प्रतिशत) बढी बजेट विनियोजन गरेको देखिन्छ।

४. **बजेट कार्यान्वयन** - प्रशासनिक तथा विकास व्यवस्थापनको प्रभावकारिता अभिवृद्धि गर्न कोशी प्रदेश विकास समस्या समाधान समिति संयन्त्र बनाउने उल्लेख भएअनुसार प्रदेश अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०८० तयार गरी लागु गरेको भएतापनि विषयक्षेत्र खर्च समीक्षा, आर्थिक अनुशासन एवम्

कार्यदक्षता र सुशासन व्यवस्थापन समेतलाई ध्यानमा राखि मन्त्रालयगत रुपमा निश्चित अवधिगत प्रगति समीक्षा गर्ने तथा प्रदेश सरकारको त्रैमासिक कार्यसम्पादन समीक्षा प्रणालीलाई व्यवस्थित बनाई नतिजामा आधारित कार्यसम्पादन प्रणाली विकास गरिने उल्लेख भएकोमा सो अनुसारको समयसीमामा कार्यसम्पादन समीक्षा गरेको देखिएन। बजेट बक्तव्यमा प्रदेश राजधानी व्यवस्थापन शीर्षक अन्तर्गत वातावरणीय अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारी लगायतका कार्यको लागि रु.३ करोड विनियोजन भएकोमा खर्च भएको छैन। बजेट बक्तव्यमा उल्लेख भएका कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ।

५. **सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा प्रदेशस्तरका कर्मचारीहरूको अभिलेख व्यवस्थापन एवम् प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण यस कार्यालयबाट हुने व्यवस्था छ। प्रदेशका स्वीकृत दरबन्दी ३ हजार ९८४ मध्ये १ हजार ८०७ पदपूर्ति भई २ हजार १७७ रिक्त रहेको देखिन्छ। सङ्गठन संरचना पुनरावलोकन गरी कर्मचारीको अभिलेख व्यवस्थापन सहित सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

६. **कर्मचारीहरूको अभिलेख** - प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७९ अनुसार यस कार्यालयको कार्यक्षेत्रमा कर्मचारीहरूको अभिलेख व्यवस्थापन समेत रहेको छ। प्रदेश कर्मचारीको अभिलेख व्यवस्थापनको लागि प्रदेश निजामती किताबखाना सञ्चालन सम्बन्धी निर्देशिका, २०८० जारी भई स्थायी पद दर्ता सम्बन्धी कार्य सुरु भएतापनि सम्पूर्ण कर्मचारीको विवरण अद्यावधिक हुन नसकेको र प्रदेश तथा स्थानीय निकायमा कार्यरत कर्मचारीको तलबी प्रतिवेदन पारित गर्ने कार्य आंशिक रूपमामात्र भएको छ। राष्ट्रिय किताबखानासँग समन्वय गरी तलबी प्रतिवेदन पारित गर्ने, पद तथा सङ्गठन दर्ता लगायत कर्मचारीहरूको अभिलेख व्यवस्थापन गर्नुपर्दछ।

७. **निर्णय कार्यान्वयन** - प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा १० र ११ मा मन्त्रीपरिषद्को निर्णय कार्यान्वयन स्थितिको सुपरिवेक्षण, सचिव बैठक आयोजना र बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने व्यवस्था छ। यो वर्ष कोशी प्रदेश सरकार, मन्त्रीपरिषद्को बैठकबाट १२८ निर्णय र सचिव बैठकबाट ४१ निर्णय भएकोमा कार्यान्वयनको प्रगति विवरण तयार गरेको देखिएन।

८. **परामर्श सेवा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१)क मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा त्यस्तो काम परामर्शदाताबाट खरिद गर्न सकिने व्यवस्था छ। यो वर्षको रु.१ करोड २५ लाख ५२ हजारसमेत २०८०।८१ सम्म १८ परामर्शदाताबाट रु.२ करोड ४४ लाख ८९ हजारको परामर्श सेवा खरिद गरेको गरेको छ। यसरी खरिद गरिएकोमध्ये प्रदेश तहको राजस्व सुधार कार्ययोजना, प्रदेश तहमा निर्मित कानुनहरूको अध्ययन, गरिबी निवारण रणनीति, दिगो विकास लक्ष्यको आन्तरिकीकरण, योजना तथा बजेट प्रणालीको सबलीकरण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, पर्यटन विकास नीति लगायतका अध्ययन प्रतिवेदन तथा नीतिहरू तर्जुमा गरी कार्यान्वयनका लागि मन्त्रालय तथा अन्य निकायहरूमा पठाएको छ। कार्यालयका जनशक्तिबाट हुन नसक्ने काम मात्र परामर्श सेवाबाट विस्तृत आयोजना प्रतिवेदन तथा नीतिहरूको कार्यान्वयन हुनुपर्दछ।

९. **प्रदेश राजस्व सुधार कार्ययोजना** - प्रदेश सरकारको आन्तरिक आयको विश्लेषण, राजस्व अधिकार क्षेत्रभित्र आन्तरिक आयस्रोतको सम्भावना र राजस्व सङ्कलन र परिचालनमा देखिएका वास्तविक समस्यालाई न्यूनीकरण गर्न समयसारणी सहित प्रदेश कर तथा गैर कर राजस्व सम्बन्धी ऐन तर्जुमा गर्ने र प्रदेश राजस्व सुधार कार्ययोजना तयार गरी सोको आधारमा आगामी ३ वर्षको आय प्रक्षेपण गर्न सहयोग पुऱ्याउने उद्देश्यले २०८१ आषाढ १५ भित्र कार्यगर्ने गरी रु.१६ लाख ९५ हजारमा परामर्शदाता

छनोट गरेको छ। परामर्शदाताको कार्य योजनामा प्रदेश मन्त्रालय, विषयगत तालिम केन्द्र, प्रतिष्ठान तथा अन्य निकायसँग परामर्श तथा छलफल गर्न १३ वटा बैठक गर्ने, मस्यौदा प्रतिवेदनमा पृष्ठपोषणको लागि मुख्यमन्त्री लगायत प्रदेशका सबै मन्त्रीहरू, प्रमुख सचिव, आयोग प्रमुखहरू, प्रदेश सचिवहरू लगायतबाट पृष्ठपोषण लिई परिमार्जित मस्यौदा प्रतिवेदन पेस गर्ने उल्लेख गरेतापनि मन्त्रालयले अध्ययनको सबै प्रक्रिया पूरा नभएको कारण रु.२ लाख ५० हजार कट्टा गरी रु.१४ लाख ४५ हजार भुक्तानी गरेको छ। सम्झौताका सर्त पालना भए नभएको यकिन गरी प्राप्त प्रतिवेदनलाइ कार्यान्वयन गर्नुपर्दछ।

१०. **प्रदेश समन्वय परिषद्** - प्रदेश समन्वय परिषद्को बैठक (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७९ अनुसार परिषद्को बैठक एक आर्थिक वर्षमा कम्तिमा दुई पटक बस्ने उल्लेख छ। कार्यालयबाट प्राप्त विवरणअनुसार यस आर्थिक वर्षमा परिषद्को २०८१।०१।२० मा एक पटक बैठक बसी आवधिक योजनाको आधारमा आयोजना एवम् कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिने गरी छनोट तथा सञ्चालन गर्ने, जिल्ला समन्वय समितिबाट विकास निर्माण सम्बन्धी आयोजना तथा कार्यक्रमहरूको समन्वय र सहजिकरण गर्न सकिने विषयका सन्दर्भमा अध्ययन कार्यदलको सुझाव कार्यान्वयन गर्ने, साझा सूचीसँग सम्बन्धित विषयमा स्थानीय तहले कानुन बनाउँदा प्रदेश सरकारको विषयगत मन्त्रालय तथा निकायसँग समन्वय र परामर्श गर्ने, प्रदेश सरकारले स्थानीय तहमा सञ्चालन हुने गरी न्यून लागतका योजना तथा कार्यक्रममा बजेट विनियोजन नगर्ने, राजस्व सुधार कार्ययोजना निर्माण लगायतका कार्यमा सहजिकरण गर्ने, प्रदेश समन्वय परिषद्लाई क्रियाशिल गराउन विभिन्न ९ वटा विषयगत समिति गठन गर्ने र स्थानीय सरकारी सेवा ऐन, २०८० को नियमावली मस्यौदामा राय सुझाव माग गर्ने गरी विभिन्न ८ निर्णय गरेको छ। परिषद्को निर्णय कार्यान्वयनको सुनिश्चितता हुनपर्दछ।

११. **बजेट तथा कार्यक्रमको मूल्याङ्कन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ मा सम्बन्धित मन्त्री तथा सचिवले बजेट तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरी त्रैमासिक रुपमा भौतिक र वित्तीय प्रगतिसमेत आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने र सो मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा एकीकृत मूल्याङ्कन विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। राजस्व, खर्च, आयोजना र कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारबाट प्राप्त भएको समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान, वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण तथा प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरूको कार्यान्वयन अवस्था र सोको मूल्याङ्कन गरी सार्वजनिक गर्नुपर्नेमा सोअनुरूप सार्वजनिक गरेको छैन।

१२. **लेखापरीक्षण** - नेपाल सरकार तथा स्वीस विकास सहयोग नियोगबीच २०७५ माघ ३ मा भएको सम्झौतामा प्रदेश सरकारको संरचनात्मक र संस्थागत क्षमता विकास, नीति निर्माण, व्यवस्थापकीय सुधार, विश्वसनीय सेवा प्रवाह, समावेशी विकास र सुशासन तथा गरिबी निवारणमा सहयोग गर्न नेपाल सरकारको रु.२० करोड र दातृ निकायको रु.१ अर्ब प्राप्त हुने गरी सम्झौता गरेको छ। सम्झौताको अवधि २०२४ को जनवरी ३१ सम्म रहेको उल्लेख छ। कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार यो वर्ष प्रदेश सहयोग कार्यक्रममा सोझै भुक्तानीबाट रु.१० करोड ३६ लाख ९८ हजार खर्च गरेको छ। हालसम्म स्वीस विकास सहयोग नियोगबाट रु.२२ करोड ७६ लाख २५ हजार अर्थात् लक्ष्यको तुलनामा २२.७६ प्रतिशत खर्च भएकोले प्रगति न्यून देखियो। उक्त कार्यक्रमको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने बेहोरा गत वर्ष औल्याएकोमा यो वर्षसमेत लेखापरीक्षण गराएको छैन।

# समिति र अन्य संस्था

## प्रदेश लगानी प्राधिकरण

सार्वजनिक, निजी, सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ बमोजिम कृषि तथा औद्योगिक क्षेत्रको उत्पादन, सार्वजनिक निजी सहकारी, साझेदारी तथा विदेशी लगानी परिचालनमार्फत् परियोजनाको निर्माण तथा विकास गर्दै प्रतिस्पर्धी अर्थतन्त्रको विकास एवम् रोजगारीका अवसरसमेत सिर्जना गरी गरिबी निवारणमा योगदान पुऱ्याउने उद्देश्यले प्रदेश लगानी प्राधिकरण गठन भएको छ।

१३. **आय व्यय** – प्राधिकरणको यसवर्षको आय व्यय स्थिति देहाय बमोजिम रहेको छ :

(रु.हजारमा)

| गत वर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | | जम्मा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| | अनुदान | आन्तरिक आय | | | |
| १९४५० | ६५०० | ११९७ | २७१४७ | ६८४८ | २०२९९ |

१४. **वार्षिक प्रतिवेदन -** सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण नियमावली, २०७७ को नियम ४९ मा प्राधिकरणले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वर्षभरीमा गरेको प्रमुख काम कारवाही र त्यसबाट हासिल भएका उपलब्धि, प्रदेशको आर्थिक विकासका अवसर तथा सम्भावना र विकासका प्राथमिकता लगायतका विषय समावेश गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सरकार समक्ष प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ। प्राधिकरणले यो वर्ष ऐनको व्यवस्था अनुसार वार्षिक प्रतिवेदन पेस गरेको पाइएन। कानुनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

१५. **कार्यक्षेत्र तथा सेवा** - प्राधिकरणलाई प्रदेशमा विकास निर्माण, सञ्चालन तथा कार्यान्वयन, परियोजना छनोट, अनुमति प्रदान, सम्भाव्यता अध्ययन एवम् कार्यान्वयनमा लगानी बोर्डसँगको समन्वय, लगानी बोर्डबाट स्वीकृत परियोजनाको कार्यान्वयन, प्रदेश तथा स्थानीय तहबीच अन्तरसमन्वय तथा प्रदेशस्तरीय परियोजना पहिचान गरी लगानी बोर्ड समक्ष प्रस्तुत गर्नुपर्ने कार्यक्षेत्र तोकिएको छ। प्राधिकरणले विगतका परियोजनामध्ये ग्रीन युरिया उत्पादन सम्बन्धी परियोजना, विराटनगर नगरबस परियोजना, उदयपुर क्लिङकर उद्योग स्थापना सम्बन्धी परियोजना, बर्जुताल पर्यटन पूर्वाधार परियोजना तथा विराटनगर बहुउद्देश्य व्यापारिक भवन परियोजना लगायतका रु.६६ अर्ब ३९ करोडका परियोजनाको प्रक्रिया अघि बढाएकोमा लगानी परियोजनाको वित्तीय व्यवस्थापन तथा लगानीको कार्ययोजना कार्यान्वयन अवस्था यकिन गरेको छैन।

## प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान ऐन, २०७९ अनुसार प्रदेश तथा स्थानीय तहलाई सबल र सक्षम बनाउन प्रदेश सरकार तथा प्रदेशभित्रका स्थानीय तहका पदाधिकारी, प्रदेश सरकारका निकाय, समिति, प्राधिकरण लगायतका निकायमा कार्यरत कर्मचारी र प्रदेशभित्रका स्थानीय तहका सेवामा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्न र आवश्यक तालिम प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले यो केन्द्रको स्थापना भएको हो।

१६. **आय व्यय -** प्रतिष्ठानको यसवर्षको आय व्यय स्थिति देहाय बमोजिम रहेको छ :

(रु.हजारमा)

| गत वर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा | खर्च | बाँकी |
|---|---|---|---|---|

| | अनुदान | आन्तरिक आय | | | |
|---|---|---|---|---|---|
| ११५६ | ८३३१० | १४७३ | ८५९३९ | ८४५४१ | १३९८ |

१७. **कार्यक्रम कार्यान्वयन -** प्रतिष्ठानको वार्षिक प्रतिवेदन अनुसार यस वर्ष स्वीकृत गरिएका २०५ कार्यक्रम मध्ये १६३ सञ्चालन गरी ७९.५ प्रतिशत प्रगति भएको छ। प्रदेश तहमा नवनियुक्त कर्मचारीहरूको लागि सेवा प्रवेश तालिम ५ को लागि रु.३७ लाख ५० हजार विनियोजन भएकोमा प्रदेश सरकारका कर्मचारीका लागि क्षमता विकास कार्यक्रम, लैङ्गिक उत्तरदायी बजेट अभिमुखीकरण कार्यक्रम, स्थानीय कर्मचारी तथा जनप्रतिनिधिहरूका लागि क्षमता विकास कार्यक्रम, जिल्ला समन्वय समितिका प्रतिनिधिहरूका लागि क्षमता विकास कार्यक्रम लगायतका रु.१ करोड ३ लाखका १४ कार्यक्रम सञ्चालन गरेको छैन। वार्षिक कार्यक्रममा तोकिएका कार्यहरू कार्यान्वयन गर्नुपर्दछ।

१८. **घरजग्गाको लगत -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १०२ मा प्रत्येक कार्यालयले सरकारी घरजग्गाको लगत स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ। प्रतिष्ठानको नाममा चन्द्रगढीमा ४६ बिगाहा १७ कट्ठा, अनारमनी बिर्तामोडमा ४१ बिगाहा १६ कट्ठा १ धुर र गरामनी बिर्तामोडमा ६ बिगाहा १ कट्ठा समेत ९४ बिगाहा १४ कट्ठा १ धुर जग्गा रहेको छ। सो जग्गाबाट प्राप्त हुने आम्दानी सम्बन्धी कागजात स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ललितपुरमा रहेको उल्लेख छ। प्रतिष्ठानको नाममा भएको सम्पत्तिको अभिलेख राखी संरक्षणको व्यवस्था मिलाउन गत वर्षको प्रतिवेदनमा सुझाव गरिएकोमा स्थिति यथावत छ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा मातहत निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम कायम दरबन्दी पदपूर्ति नभएको, तलबी प्रतिवेदन पारित नभएको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, प्रदेश सहयोग कार्यक्रमबाट भएको खर्च तथा उपलब्धिको मूल्याङ्कन र अनुगमनको अभिलेख पेस नभएको, जिन्सी व्यवस्थापन प्रभावकारी नभएको लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ यो वर्ष रु. २२ लाख ९० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१२ हजार फर्स्यौंट भई रु.२२ लाख ७८ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।
  - सङ्गठित संस्था एवम् समितितर्फ २ निकायमा यो वर्ष रु.१७ लाख २४ हजार बेरुजु देखिएकोमा फर्स्यौंट नगराएकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- प्रदेशभित्र शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी, कानुन र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन,
- अतिविशिष्ट व्यक्ति, महत्वपुर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
- सङ्घीय कानुनबमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन,
- सङ्घीय तथा प्रदेश कानुनको कार्यान्वयन,
- प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,
- प्रदेशस्तरको सूचना प्रविधि तथा विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन तथा अनुमति, इजाजत र नवीकरण, नियमन,
- छापा सञ्चार माध्यमको दर्ता, अनुमति, अभिलेखाङ्कन, वर्गीकरण, आचार संहिता निर्धारण र अनुगमन,
- भूमि व्यवस्थापन, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,
- गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन नियमन तथा गुठी र गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन एवम् सो सम्बन्धमा संघ र स्थानीय तहसँग समन्वय,
- अन्य मन्त्रालयको कार्यक्षेत्रमा नपरेका बाँकी विषयहरू।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत ९ सरकारी कार्यालयको निम्नानुसार रु.१ अर्ब १६ करोड ४ लाख ४० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य | जम्मा |
|---|---|---|---|---|
| ४९६७३५ | ६१७१२५ | ३६०३४ | १०५४६ | ११६०४४० |

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई सङ्घीय निकाय मातहतका ४० सुरक्षा निकाय र कार्यालयलाई रु.२ करोड ९० लाख ७८ हजार, १५ नापी कार्यालयलाई रु.७४ लाख ३८ हजार, २५ मालपोत कार्यालयलाई रु.१ करोड ३० लाख ६६ हजार र कानुन तथा न्यायसम्वद्ध १४ निकायलाई रु.१ करोड ९ लाख ७१ हजारसमेत रु.६ करोड ५ लाख ५३ हजार समावेश छ।

२. **बजेट खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक संकेत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | कायम बजेट | निकासा/ खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २११०० पारिश्रमिक / सुविधा | १५७१४९ | १५४९६४ | १०७५४९ | ६९.४० |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | १२२२ | १२२२ | ५१६ | ४२.२३ |
| २२१०० सेवा महसुल | १०३०४ | १०४५४ | ८११९ | ७७.६६ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ३१८२० | ३१५६८ | २६६८७ | ८४.५४ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | ३५००९ | ३७९०९ | ३०२६५ | ७९.८४ |
| २२४०० सेवा तथा परामर्श खर्च | ३६५३९ | ३६७७९ | ३३६२१ | ९१.४१ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ३१९६५५ | २९६६५५ | १५९११९ | ५३.६४ |
| २२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च | ६५७४ | ७०५४ | ६२८९ | ८९.१६ |
| २२७०० विविध खर्च | १८१८० | १७४०४ | १३८६९ | ७९.६९ |
| २६४०० सामाजिक सेवा अनुदान | ६०००० | ६०००० | ४१४४५ | ६९.०८ |
| २७१०० सामाजिक सुरक्षा | ५५०० | ५५०० | ३५४० | ६४.३६ |
| २७२०० सामाजिक सहायता | १९५०० | १९५०० | ७२३८ | ३७.१२ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | १२८२२ | ११७६५ | ९३९३ | ७९.८४ |
| **चालुतर्फ जम्मा** | **७१४२७४** | **६९०७७४** | **४४७६५०** | **६४.८०** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १६१५४२ | १५९५४२ | ४९०८४ | ३०.७७ |
| **पुँजीगततर्फ जम्मा** | **१६१५४२** | **१५९५४२** | **४९०८४** | **३०.७७** |
| **कुल जम्मा** | **८७५८१६** | **८५०३१६** | **४९६७३५** | **५८.४२** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ६४.८० प्रतिशत, पुँजीगततर्फ ३०.७७ प्रतिशत र समग्रमा ५८.४२ प्रतिशत खर्च भएको देखिन्छ।

३. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ (२) मा प्रत्येक आर्थिक वर्षको लागि मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम यस मन्त्रालयको त्रिवर्षीय अनुमान तथा प्रक्षेपणमा २०८०।८१ को लागि गरेको प्रक्षेपण तथा वास्तविक बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छ :

(रु.हजारमा)

| मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण | | | बजेट विनियोजन | | | प्रक्षेपणको तुलनामा बढी बजेट |
|---|---|---|---|---|---|---|
| कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | |
| ३७१२४२ | २८३७१२ | ८७५३० | ४९६७३५ | ४४७६५१ | ४९०८४ | १२५४९३ |

मन्त्रालयमा यो वर्ष मध्यमकालीन खर्च संरचनाले तय गरेको प्रक्षेपण भन्दा रु.१२ करोड ५४ लाख ९३ हजार (३३.८० प्रतिशत) बढी बजेट विनियोजन गरेको देखिन्छ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका मन्त्रालयसँग सम्बन्धित देहाय बमोजिमका कार्यक्रमहरूमा बजेट व्यवस्था भएकोमा कार्यान्वयन भएको देखिएन।

| नीति बुदा नं. | नीति तथा कार्यक्रम | बजेटको अवस्था | कार्यान्वयनको अवस्था | कैफियत |
|---|---|---|---|---|
| ३० | प्रदेश प्रहरी समायोजन | विनियोजन भएको | नभएको | |
| ३४ | सार्वजनिक यातायात डिजिटलाईजेशन | विनियोजन भएको | नभएको | रु.५० लाख |
| | बस विसौनी प्रतिक्षालयहरूलाई आकर्षक र सुविधायुक्त बनाउने नमुना कार्यक्रम | विनियोजन भएको | नभएको | रु.१ करोड |
| ३७ | सञ्चार माध्यमलाई नियमन गर्न आवश्यक कानुन निर्माण | विनियोजन भएको | नभएको | |
| ३९ | प्रदेश भूमि व्यवस्था र भूमिविहीनको जीविकोपार्जन सम्बन्धी आवश्यक नीति, कानुन, मापदण्ड बनाउने। | विनियोजन भएको | नभएको | रु.९० लाख |
| | निःशूल्क कानुनी सहायता कार्यक्रम | विनियोजन भएको | नभएको | रु.८० लाख |

वार्षिक नीति तथा कार्यक्रममा समावेश भई बजेट व्यवस्था भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

५. **वार्षिक प्रतिवेदन** – प्रदेश सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७६ को दफा ४१ मा मन्त्रालयले तोकिए बमोजिमको अवधिभित्र आफूले वर्षभरी सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम, त्यस्तो कामको स्थिति तथा प्रगति र लागत लगायतका विषयहरू समावेश गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा वार्षिक प्रतिवेदन पेस गरी सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो बमोजिम प्रतिवेदन तयार गरेको छैन। कानुनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

६. **विपद् व्यवस्थापन कोष** - प्रदेशभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट हुन सक्ने जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि मन्त्रालयले विपद् व्यवस्थापन कोष कार्यविधि, २०७५ बमोजिम विपद् व्यवस्थापन कोष स्थापना गरेकोमा उक्त कोषको यस वर्षको आय व्यय स्थिति निम्न अनुसार रहेको छः

(रु.हजारमा)

| आम्दानी | रकम | खर्च | रकम |
|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | ५६५४९ | बाढी पीडित (१३० जना) | २१०० |
| यस वर्षको आम्दानी | २०००० | हावाहुरी तथा विपद् पीडित (२७ जना) | ८०५१ |
| | | जाजरकोट तथा दैलेखमा गएको भुकम्प पीडितलाई सहयोग | १०००० |
| | | बाँकी मौज्दात | ५६३९८ |
| **जम्मा** | **७६५४९** | **जम्मा** | **७६५४९** |

सङ्घीय सरकार र स्थानीय तहबाट समेत राहत तथा सहयोग वितरण हुने भएकाले ती निकायसँग समेत समन्वय गरी राहत तथा आर्थिक सहयोग रकम परिचालन गरिनुपर्दछ।

७. **कानुन निर्माण** - प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७९ को नियम ४ अनुसूची-२ मा मन्त्रालयले कार्यक्षेत्र अन्तर्गतका विविध कानुन निर्माण गर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार हालसम्म ३३ कानुन संशोधन सहित ७५ ऐन, ७९ नियमावली, ६० कार्यविधि, २२ निर्देशिका, ८ अध्यादेश र ३ मापदण्ड समेत २४७ कानुन तर्जुमा भएको देखिन्छ।

८. **आर्थिक सहायता** - प्रदेश आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ को बुँदा नं.४ मा मन्त्रालयले आर्थिक सहायता दिन सक्ने व्यवस्था छ। यस वर्ष मन्त्रालयले रु.५५ लाख आर्थिक सहायतामा विनियोजन

गरी आन्दोलनमा साहदत प्राप्त १ जनालाई रु.५ लाख र कार्यविधि बमोजिम अधिकतम रु.७५ हजारसम्मको आर्थिक सहायता रु.३० लाख ४० हजारसमेत रु.३५ लाख ४० हजार खर्च गरेको छ। समितिको सिफारिस र तोक आदेशमा भुक्तानी भएको यस्तो खर्चमा मितव्ययिता कायम गरी खर्च सार्वजनिकीकरण समेत गर्नुपर्दछ।

९. **उद्दार, राहत तथा पुनर्स्थापना** - मन्त्रालयले यो वर्ष उद्दार, राहत तथा पुनर्स्थापना कार्यक्रममा रु.१ करोड ५४ लाख विनियोजन गरेकोमा रु.७२ लाख ३८ हजार खर्च गरेको छ। खर्च मध्ये विपद् तथा संकट व्यवस्थापनबाट रु.१० लाख ५७ हजार सुरक्षा निकायलाई इन्धन, विभिन्न सामग्री लगायतका लजिस्टिक सपोर्ट कार्यमा खर्च गरेको छ। प्रदेश सुरक्षा जोखिम व्यवस्थापनतर्फ रु.२५ लाख विनियोजन भएकोमा रु.२ लाख ८८ हजार सुरक्षा निकायकै विभिन्न लजिस्टिक सपोर्टमा खर्च भएको देखिन्छ।

त्यस्तै, विपद् व्यवस्थापन सामग्री खरिदमा रु.१९ लाख ३१ हजार खर्च लेखेको छ भने आकस्मिक विपद् सामग्री व्यवस्थापन तथा पुनर्स्थापना कार्यक्रमबाट रु.१७ लाख ६७ हजारका कम्बल, पाल, तन्ना, चामल लगायतका विपद सामग्रीहरूमा खर्च गरेको छ। जाजरकोट भूकम्प पीडितको लागि राहत सामग्रीहरू लगायतका विपद्जन्य सामग्रीहरूमा रु.६ लाख खर्च लेखेको छ। आवश्यकताको पहिचान गरी उद्दार, राहत तथा पुनर्स्थापनामा खर्च गर्नुपर्दछ।

१०. **अस्थायी चालक अनुमति पत्र -** सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९ को दफा ५१ मा चालक अनुमतिपत्र एक वर्षको लागि परीक्षणकालमा रहने व्यवस्था छ। प्रदेश सरकारले अस्थायी सवारी चालक अनुमतिपत्र दिने कानुन तर्जुमा गरेको देखिदैन। मन्त्रालयले सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड) छपाई गर्न ढिलो भएको कारण जनाई अस्थायी सवारी चालक अनुमति पत्र १ लाख ८७ हजार ५०० र फोटोकपि मेशिन ११ थान खरिदको लागि रु.४७ लाख १३ हजारमा सम्झौता गरेको छ। छपाई भएका अस्थायी सवारी अनुमती पत्रमध्ये यातायात कार्यालयहरूलाई २१ हजार मात्र हस्तान्तरण गरी बाँकी मन्त्रालयमा मौज्दात रहेको छ। कानुनमा व्यवस्था नभएको छपाई कार्य गराई व्ययभार बढाउनेलाई जिम्मेवार बनाउनु पर्दछ।

११. **पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान** - आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ को बुँदा नं. ५(२) मा प्रदेश सरकारले ३० प्रतिशत, महानगर/उपमहानगरपालिकाले २० प्रतिशत, नगरपालिकाले १५ प्रतिशत, गाँउपालिकाले १० प्रतिशत र बाँकी सङ्घीय सरकारले व्यहोर्ने गरी लागत सहभागिताका आधारमा तीनै तहका सरकारबाट वित्तीय प्रबन्ध गरी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण गर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले ताप्लेजुङ्ग, पाँचथर, इलाम, झापा र भोजपुरका ४५६ घर निर्माणको लागि पहिलो किस्ता रु.५६ लाख ८५ हजार र ४० घर निर्माणको लागि दोस्रो किस्ता रु.२९ लाख ७० हजार तथा ४६ घर निर्माणको लागि अन्तिम किस्ता वापत रु.२७ लाख ९० हजारसमेत ५४२ घर निर्माणको लागि रु.१ करोड १४ लाख ४५ हजार अनुदान उपलब्ध गराएको देखिन्छ। निर्माण गरेका घरहरू हस्तान्तरण गरी लाभग्राहीको नाम सार्वजनिक गर्नुपर्दछ।

# अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा तलबी प्रतिवेदन पारित नभएको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, एकीकृत प्रगति विवरण तयार नगरेको, जिन्सी अभिलेख अद्यावधिक नगरेको लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - मन्त्रालय र मातहतसमेतका ९ निकायको यो वर्ष रु.१ करोड १६ लाख ८७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३२ हजार फर्स्यौट भई रु.१ करोड १६ लाख ५५ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- आर्थिक स्थायित्व र मूल्य स्थिरतासम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,
- विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,
- राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन,
- सार्वजनिक खर्चसम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
- सङ्घीय नीति अनुरुप सहवित्तीयकरण,
- आर्थिक कार्यविधिसम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन,

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत १५ सरकारी कार्यालयको निम्नानुसार रु.१४ अर्ब २ करोड २६ लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य | जम्मा |
|---|---|---|---|---|
| १६१७७३८ | १२२९८२६४ | १४६५५ | ९२०११ | १४०२२६६८ |

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक संकेत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | कायम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २११०० पारिश्रमिक/सुविधा | ६८९११ | ६८९११ | ३७६१५ | ५४.५९ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ५७५ | ५७५ | २०४ | ३५.४६ |
| २२१०० सेवा महसुल | ५९१५ | ५९१५ | ४५१३ | ७६.२९ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | १४३७२ | १४३६२ | ११६४० | ८१.०५ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | १०६२८ | १२२८८ | ९५४५ | ७७.६७ |
| २२४०० सेवा तथा परामर्श खर्च | १२६५७ | १२९३७ | ९७६४ | ७५.४७ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ४८७४० | ४६२१० | २३०६ | ४.९९ |
| २२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च | ६१०१ | ५८०१ | ३६४८ | ६२.८९ |
| २२७०० विविध खर्च | ६९१० | ७४१० | ४९३१ | ६६.५४ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | ५६४७ | ५६४७ | ४४१५ | ७८.१८ |

| खर्च शीर्षक | सुरु बजेट | कायम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २८२०० फिर्ता खर्च | २०००००० | २०००००० | १५२५११७ | ७६.२६ |
| **चालुतर्फ जम्मा** | **२१८०४५६** | **२१८००५६** | **१६१३६९८** | **७४.०२** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ६५५० | ६९५० | ४०४० | ५८.१३ |
| **पुँजीगततर्फ जम्मा** | **६५५०** | **६९५०** | **४०४०** | **५८.१३** |
| **कुल जम्मा** | **२१८७००६** | **२१८७००६** | **१६१७७३८** | **७३.९७** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ७४.०२ प्रतिशत, पुँजीगततर्फ ५८.१३ प्रतिशत र समग्रमा ७३.९७ प्रतिशत खर्च भएको देखिन्छ।

३. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश योजना आयोगको समन्वयमा आवधिक योजनाको आधारमा आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम यस मन्त्रालयको २०८०।८१ को खर्च प्रक्षेपण र वास्तविक बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छ :

(रु.हजारमा)

| मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण | | | बजेट विनियोजन | | | प्रक्षेपणको तुलनामा बढी बजेट |
|---|---|---|---|---|---|---|
| कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | |
| २१६८४९५ | २१६१४९५ | ७००० | २१८७००६ | २१८००५६ | ६९५० | १८५११ |

मन्त्रालयमा यो वर्ष मध्यमकालीन खर्च संरचनाले तय गरेको प्रक्षेपण भन्दा रु.१ करोड ८५ लाख ११ हजार बढी बजेट विनियोजन गरेको छ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रममा यस मन्त्रालय अन्तर्गत समावेश भएका कार्यक्रममध्ये आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीतिको तर्जुमा, आयोजना छनोट तथा वर्गीकरण मापदण्ड परिमार्जन, प्रदेशमा बिमा, वित्तीय संस्थाको सञ्चालन व्यवस्थापनका लागि कानुनको तर्जुमा, सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गरी प्रदेश अन्तर्गत सरकारी घर, जग्गाको स्वामित्व प्रदेशमा रहने व्यवस्था, कर तथा राजस्व सुधार कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने लगायतका विषयहरू कार्यान्वयन भएको छैन। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका बेहोराहरू बजेटमा समावेश गरी कार्यान्वयन हुनुपर्दछ।

५. **बजेट कार्यान्वयन**–यस वर्षको बजेट बक्तव्यमा उल्लेख भएका कार्यक्रमहरूमध्ये प्रदेश लगानी सम्मेलन आयोजना, प्रदेश सार्वजनिक वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन आयोजना बैङ्क तथा प्रदेश गौरवका आयोजना, निजीक्षेत्र र साझेदार निकायहरूको समन्वय, सहकार्य, सहलगानी तथा सहजीकरणका माध्यमबाट प्रदेशको समग्र विकास, विषयगत मन्त्रालयको वित्तीय सुशासन मूल्याङ्कन गरी प्रकाशन तथा सुधार गर्नुपर्ने विषयको कार्ययोजना निर्माण, बहुवर्षीय आयोजना छनोट सम्बन्धी निर्देशिकाको तर्जुमा, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा आयोजना पहिचान, छनोट र विकास सम्बन्धी क्षमता विकास लगायतका कार्यक्रम कार्यान्वयनमा आएको देखिएन। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन हुनुपर्दछ।

६. **बजेट व्यवस्था** - प्रदेश विनियोजन अध्यादेश, २०८० बमोजिम २०८०।८१ को लागि रु.३६ अर्ब २२ करोड ४८ लाख २५ हजारको बजेट २०८० जेठ ३२ मा पेस गरेकोमा प्रदेश सभाबाट पारित नभएकोले पुनः २०८० भाद्र २४ गते दोस्रो अध्यादेश जारी भई २०८० मंसिर १५ मा प्रदेश आर्थिक ऐन र प्रदेश विनियोजन ऐन, २०८० जारी भएको छ। सो ऐन बमोजिम यो वर्ष रु.३६ अर्ब ७४ करोड ३५ लाख १० हजार बजेट विनियोजन गरेकोमा सङ्घीय ससर्त अनुदानको रु.७ करोड ५६ लाख थप भई अन्तिम बजेट रु.३६ अर्ब ८१ करोड ९० लाख ७४ हजार कायम भएको छ। जसमध्ये चालुतर्फ रु.१५ अर्ब ९३ करोड ३५ लाख ६२ हजार र पुँजीगततर्फ रु.२० अर्ब ८७ करोड ५५ लाख १२ हजार तथा वित्तीय व्यवस्था तर्फ रु.१ करोड विनियोजन भएको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेशअन्तर्गत सङ्घीय सरकारबाट प्राप्त अनुदान, राजस्व बाँडफाँट, प्रदेश राजस्व, गत वर्षको बचत र स्वीस सरकारको सोझै भुक्तानी अनुदान रु.१० करोड ३६ लाख ९६ हजारसमेत रु.३२ अर्ब २५ करोड ५१ लाख ४ हजार आय प्राप्ति भएको छ।

७. **बजेट खर्चको प्रवृति** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३९ मा बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ। प्रदेशको विगत ५ आर्थिक वर्षको विनियोजित बजेट र वास्तविक खर्चको विवरण देहायअनुसार रहेको छः

(रु.हजारमा)

| सि.नं. | आर्थिक वर्ष | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १. | २०७६।७७ | ४३७१७३२२ | २९८३३२४४ | ६८.२४ |
| २. | २०७७।७८ | ४३४०८५५० | २७९५१२६१ | ६४.३९ |
| ३. | २०७८।७९ | ३४७६०८५३ | २९९६६४३६ | ८६.२१ |
| ४. | २०७९।८० | ३९९२७५४३ | ३०७५७७८२ | ७७.०३ |
| ५. | २०८०।८१ | ३६८१९०७४ | २८०२७५३३ | ७६.१२ |
| **जम्मा** | | **१९८६३३३४२** | **१४६५३६२५६** | **७३.७७** |

प्रदेश सरकारको २०७६।७७ देखि २०८०।८१ सम्मको औसत खर्च ७३.७७ प्रतिशत देखिन्छ। बजेट खर्च गर्ने क्षमता वृद्धि गरी बजेट खर्च बढाउनुपर्दछ।

८. **खर्चको संरचना** - प्रदेश सरकारले २०८०।८१ को लागि गरेको अन्तिम विनियोजित बजेट रु.३६ अर्ब ८१ करोड ९० लाख ७४ हजार (अनुदान थप समेत) भएकोमा यो वर्ष भएको खर्चको संरचना देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

| शीर्षक | विनियोजित बजेट | | खर्च | |
|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| चालु | १५९३३५६२ | ४३.२७ | ११६७९२३५ | ४१.६७ |
| पुँजीगत | २०८७५५१२ | ५६.७० | १६३४८२९८ | ५८.३३ |
| वित्तीय व्यवस्था | १०००० | ०.०३ | - | - |
| **जम्मा** | **३६८१९०७४** | **१००** | **२८०२७५३३** | **१००** |

उल्लिखित विवरणअनुसार २०८०।८१ मा प्रदेश सरकारको कुल खर्च रु.२८ अर्ब २ करोड ७५ लाख ३३ हजारमध्ये चालु खर्च रु.११ अर्ब ६७ करोड ९२ लाख ३५ हजार र पुँजीगत खर्च रु.१६ अर्ब ३४ करोड ८२ लाख ९८ हजार तथा वित्तीय व्यवस्थातर्फ खर्च शुन्य भएको छ। उल्लिखित खर्चमध्ये २०८०।८१ मा सञ्चित कोष माथि व्ययभार हुने खर्च रु.८६ लाख ९३ हजार

र सञ्चित कोषबाट विनियोजित हुने खर्च रु.२८ अर्ब १ करोड ८८ लाख ४० हजार रहेको छ। बजेट विनियोजनको तुलनामा खर्च न्यून भएकाले बजेट तथा कार्यक्रमको समुचित परिचालन एवं पुँजीगत खर्च गर्ने क्षमता अभिवृद्धि गरी बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्दछ।

९. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको २०७८।७९ र २०७९।८० को यथार्थ खर्च तथा २०८०।८१ को अनुमान तथा यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

| क्र.सं. | स्रोत | २०७८।७९ को यथार्थ खर्च | २०७९।८० को यथार्थ खर्च | २०८०।८१ | | गत वर्षको तुलनामा वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | | अनुमान | खर्च | |
| **१** | **सङ्घीय सरकारतर्फ** | **१६२४४९३०** | **१४२७८३७०** | **१६१२५३३४** | **१२५९६९१४** | -११.७८ |
| १.१ | समानीकरण अनुदान | ७७५७३३८ | ७८९७३९४ | ८७८३८०० | ७५४१०३१ | -४.५१ |
| १.२ | सशर्त अनुदान | ७०४६७२५ | ५४९२२०९ | ५८५१५३४ | ४०२७६९६ | -२६.६७ |
| १.३ | समपूरक अनुदान | १००९५३० | ५५६०७७ | ७३०००० | ५३२१०८ | -४.३१ |
| १.४ | विशेष अनुदान | ४३१३३७ | ३३२६९० | ७६०००० | ४९६०७९ | ४९.११ |
| **२** | **प्रदेश सरकारतर्फ** | **१३७२१५०६** | **१६४७९४१२** | **२०६९३७४०** | **१५४३०६१९** | -६.३६ |
| **कुल जम्मा** | | **२९९६६४३६** | **३०७५७७८२** | **३६८१९०७४** | **२८०२७५३३** | **-८.८८** |

यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.२८ अर्ब २ करोड ७५ लाख ३३ हजारमध्ये सङ्घीय सरकारको अनुदानबाट रु.१२ अर्ब ५९ करोड ६९ लाख १४ हजार (४४.९४ प्रतिशत) र प्रदेश सरकारको राजस्वबाट रु.१५ अर्ब ४३ करोड ६ लाख १९ हजार (५५.०६ प्रतिशत) खर्च भएको छ। यो वर्ष सङ्घीय सरकारबाट समानीकरण अनुदानमा रु.८ अर्ब ७८ करोड ३८ लाख र सशर्त अनुदान रु.५ अर्ब ८५ करोड १५ लाख ३४ हजार प्राप्त हुने अनुमान गरेकोमा क्रमशः रु.६ अर्ब ५० करोड ९६ लाख ७४ हजार (७४.११ प्रतिशत) तथा सशर्त अनुदानतर्फ रु.५ अर्ब ५३ करोड ४७ लाख ४ हजार (९४.७२ प्रतिशत) प्राप्त भएको छ।

१०. **सङ्घीय अनुदान** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार सङ्घीय सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदानको प्राप्ति, खर्च र फिर्ताको स्थिति देहायअनुसार रहेको छः

(रु.हजारमा)

| अनुदान प्रकार | बजेट अनुमान | अनुदान प्राप्ति | खर्च | फिर्ता |
|---|---|---|---|---|
| समानीकरण अनुदान | ८७८३८०० | ६५०९६७४ | ७५४१०३१ | - |
| सशर्त अनुदान | ५८५१५३४ | ५५३४७०४ | ४०२७६९६ | १५०७००८ |
| विशेष अनुदान | ७६०००० | ७६०००० | ४९६०७९ | २६३९२१ |
| समपूरक अनुदान | ७३०००० | ७३०००० | ५३२१०८ | १९७८९२ |
| **जम्मा** | **१६१२५३३४** | **१३५३४३७८** | **१२५९६९१४** | **१९६८८२१** |

यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार रहेका छन्:

१०.१. यो वर्ष सङ्घीय सरकारबाट वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदानबापत रु.१६ अर्ब १२ करोड ५३ लाख ३४ हजार प्राप्त हुने अनुमान गरेकोमा रु.१३ अर्ब ५३ करोड ४३ लाख ७८ हजार (८३.९८ प्रतिशत) प्राप्त भएको छ। बजेट अनुमान अनुसार विशेष र समपूरक अनुदान प्राप्त भएको,

वित्तीय समानीकरण अनुदानको २५ प्रतिशत कटौती भएको र सशर्त अनुदान अनुमानभन्दा रु.३० करोड ८४ लाख ९६ हजार न्यून प्राप्त भएको छ।

१०.२. सशर्त, विशेष तथा समपूरक अनुदानको कुल निकासा रु.७ अर्ब २ करोड ४७ लाख ४ हजारमध्ये रु.५ अर्ब ५ करोड ५८ लाख ८३ हजार (७१.९७ प्रतिशत) खर्च भएको छ। सशर्त, विशेष र समपूरक अनुदानमा प्राप्त भएको अनुदानमध्ये खर्च नभई बाँकी रु.१ अर्ब ९६ करोड ८८ लाख २१ हजार बर्षान्तसम्म फिर्ता नगरेकोमा २०८१।८२ मा फिर्ता गरेको छ।

१०.३. प्रदेश सरकारलाई यो वर्ष वित्तीय समानीकरण अनुदानतर्फ रु.८ अर्ब ७८ करोड ३८ लाख आय अनुमान गरेकोमा रु.६ अर्ब ५० करोड ९६ लाख ७४ हजार प्राप्त भई रु.७ अर्ब ५४ करोड १० लाख ३० हजार खर्च भएको छ। प्रदेश सरकारले वित्तीय समानीकरण अनुदानमा प्राप्त भएको वास्तविकभन्दा रु.१ अर्ब ३ करोड १३ लाख ५७ हजार बढी खर्च भएको रकम आन्तरिक स्रोतबाट बेहोरेकोमा सो को समायोजन भएको देखिएन।

सशर्त, विशेष र समपूरक अनुदानमा प्राप्त भएको अनुदान खर्च हुन नसकी फिर्ता भएको तथा वित्तीय समानीकरण अनुदानमा बढी खर्च भएको स्थितिले प्रदेश सरकारको खर्च, अभिलेखाङ्कन र कार्यसम्पादनमा सुधार गर्नुपर्दछ।

११. **राजस्व प्राप्ति** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त २०८०।८१ को प्रदेश सञ्चित कोषको विवरणअनुसार रु.३२ अर्ब १५ करोड १४ लाख ८ हजार कुल प्राप्ति भएको छ। कुल प्राप्तिमध्ये सङ्घीय राजस्व बाँडफाँटबाट रु.९ अर्ब २५ करोड ५३ लाख ६ हजार (२८.७९ प्रतिशत), सङ्घीय सरकारबाट हस्तान्तरित अनुदान रु.१३ अर्ब ५३ करोड ४३ लाख ७८ हजार (४२.०९ प्रतिशत), प्रदेशबाट सङ्कलित राजस्व रु.४ अर्ब १६ करोड ४१ लाख ९६ हजार (१२.९५ प्रतिशत) र बाँकी गत वर्षको मौज्दातबाट रु.५ अर्ब १९ करोड ७५ लाख २८ हजार (१६.१७ प्रतिशत) रहेको छ। प्रदेश सरकारको कुल प्राप्तिमा सङ्घीय अनुदान तथा सङ्घीय राजस्व बाँडफाँटको हिस्सा उल्लेखनीय देखिएकोले आन्तरिक राजस्वको दायरा फराकिलो बनाई आन्तरिक आय सङ्कलनमा जोड दिनुपर्दछ।

१२. **कर तथा शुल्क** - प्रदेश आर्थिक ऐन, २०८० को दफा ५, ७ र ९ बमोजिम सङ्कलन हुने कर तथा शुल्क सम्बन्धित स्थानीय तहले स्थानीय विभाज्य कोषमा जम्मा गर्ने र सङ्कलित रकममध्ये ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्था अन्तर्गत स्थानीय तहबाट दहत्तर बहत्तर शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबापत रु.२५ करोड ९४ लाख २३ हजार प्रदेश सञ्चित कोषमा दाखिला भएको छ। यस प्रकारका राजस्व गत वर्षको तुलनामा ६३ प्रतिशतले वृद्धि भएतापनि कानुनबमोजिम स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुनुपर्ने कर तथा शुल्क प्राप्त भएको सम्बन्धमा यकिन गर्नुपर्दछ।

१३. **राजस्व छुट** - प्रदेश आर्थिक ऐन, २०८० को दफा १६ मा प्रदेश सरकारले कानुनबमोजिम लगाइएका दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्णरूपमा छुट दिन सक्ने र छुट दिइएको विवरण प्रत्येक वर्ष मन्त्रालयले प्रदेश सभामा पेस गर्नुपर्ने उल्लेख छ। प्रदेश आर्थिक ऐन, २०८० को अनुसूचीमा विभिन्न सेवाको दस्तुर, शुल्क र करको दरमा छुट हुने उल्लेख रहेकोमा मन्त्रालयले यो वर्ष छुट दिएको रकमको क्षेत्रगत तथा एकीकृत विवरण तयार गर्नुपर्नेमा तयार गरेको पाइएन। यो वर्ष मालपोत रजिष्ट्रेशन दस्तुरमा २०८० चैत्र मसान्तसम्म

रु.३२ करोड ३४ लाख छुट प्रदान गरेको विवरण सभामा पेस गरेको छ। अन्य क्षेत्रमा गरेको छुटको विवरण प्रदेश सभामा पेस गरेको देखिएन। प्रदेश सरकारबाट कर राजस्व तथा शुल्कमा छुट प्रदान गरेको एकीकृत विवरण प्रदेश सभामा पेस गर्नुपर्दछ।

१४. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ मा प्रदेश विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान संकेतअन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेतअन्तर्गतको उपशीर्षकमा बचत हुने रकममध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। मन्त्रालयले अर्थ विविधतर्फ एकमुष्ट रु.१ अर्ब १३ करोड १८ लाख ३८ हजार सुरु बजेट विनियोजन गरेकोमा विभिन्न ४ मन्त्रालयबाट समर्पण भएको रु.४४ करोड ३५ लाख ३६ हजार थप र १२ निकायलाई रु.९५ करोड ५८ लाख ३६ हजार प्रदान गर्न घट गरी रु.६१ करोड ९५ लाख ३८ हजार बजेट कायम गरेको छ। अर्थ विविधबाट रु.९९ करोड ६८ लाख ३९ हजार रकमान्तर गरेकोमा रु.९१ करोड ९ लाख ३६ हजार आषाढ महिनामा रकमान्तर गरेको छ। अर्थ विविध शीर्षकमा समर्पण गरेको रकमसमेत थप गरी पटके निर्णयका आधारमा रकमान्तर गरी खर्च गरेको छ। अर्थ विविधमा बजेट थप गरी रकमान्तर गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ।

१५. **बहुवर्षीय योजना** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १२ मा आगामी वर्षहरूको लागि बहुवर्षीय दायित्व सिर्जना गर्नुपूर्व प्रदेशको समष्टिगत आर्थिक परिसूचकहरूको विश्लेषण, स्रोत प्राप्तिको अवस्था, प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य एवम् उपलब्धि, मध्यमकालीन खर्च संरचना, सिर्जित दायित्वको विवरण सहित मन्त्रालयको बजेटको आधार लिनुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकार मातहतका कार्यालयबाट सञ्चालित बहुवर्षीय आयोजनाहरू खरिद प्रक्रियामा गएर सम्झौता भएका ८ मन्त्रालयका १ हजार ९५ ठेक्काको कुल सम्झौता रु.३९ अर्ब २५ करोड २ लाखमध्ये यो वर्षसम्ममा रु.२३ अर्ब ५५ लाख भुक्तानी भई रु.१६ अर्ब २४ करोड ४७ लाख दायित्व बाँकी रहेको छ। यस्तो भुक्तानी दायित्व गत वर्षको अन्त्यमा रु.१५ अर्ब १४ करोड ६७ लाख बाँकी रहेकोमा यो वर्ष ७.२५ प्रतिशतले वृद्धि भएको छ। बहुवर्षीय योजनाको स्रोत सुनिश्चितता दिएकोमा स्रोतको आधार उल्लेख गरेको छैन। बहुवर्षीय आयोजनाको स्रोतगत आधार खुलाई स्पष्ट अभिलेख राख्नुपर्दछ।

१६. **बजेट समर्पण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २३ (३) मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र पन्ध्र गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ४ मन्त्रालय तथा निकायले २०८० चैत्र १५ पछि रु.४४ करोड ३५ लाख ३६ हजार बजेट समर्पण गरेको विवरण प्राप्त भएको छ। ऐनमा तोकिएको समयमा बजेट समर्पण गर्नुपर्दछ।

१७. **स्थानीय तहलाई अनुदान** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ४ मा नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशले प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुनबमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने उल्लेख छ। यो वर्ष १३७ स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान रु.९९ करोड ९९ लाख ७२ हजार, सशर्त अनुदान रु.१

अर्ब २६ करोड १० लाख ७७ हजार र १३१ स्थानीय तहलाई समपूरक अनुदान रु.१ अर्ब ४ करोड १७ लाख ६९ हजारसमेत रु.३ अर्ब ३० करोड २८ लाख १८ हजार अनुदान हस्तान्तरण गरेको छ।

(रु.हजारमा)

| अनुदानको विवरण | पालिका संख्या | निकासा रकम | खर्च रकम |
|---|---|---|---|
| समानीकरण अनुदान | १३७ | ९९९९७२ | ९९९९७२ |
| सशर्त अनुदान | १३७ | १२६१०७७ | १२६१०७७ |
| समपूरक अनुदान | १३१ | १०४१७६९ | १०४१७६९ |
| **जम्मा** | | **३३०२८१८** | **३३०२८१८** |

१८. **अनुदान फिर्ता** - विनियोजन ऐन, २०८० को दफा ४ (१२) मा सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित प्रदेशले कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र सङ्घीय सञ्चित कोषमा दाखिल गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार यस वर्ष सशर्त अनुदान, विशेष अनुदान तथा समपूरक अनुदानतर्फ रु.७ अर्ब २ करोड ४७ लाख ४ हजार प्राप्त भएकोमा रु.५ अर्ब ५ करोड ५८ लाख ८३ हजार खर्च भई रु.१ अर्ब ९६ करोड ८८ लाख २१ हजार वर्षान्तसम्म बाँकी रहेकोमा २०८१।८२ मा बजेट विनियोजन गरी तोकिएको अवधि पश्चात् फिर्ता गरेको छ। उक्त रकम चालुवर्षको आय तथा आगामी वर्षको खर्चमा समावेश भएकाले वित्तीय विवरणले वास्तविक आय व्ययको चित्रण गर्ने अवस्था देखिएन। कानुनमा भएको व्यवस्था बमोजिम समयमै सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ।

१९. **अनुदानको अनुगमन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४२ मा कुनै सङ्घ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्य अनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुनबमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले यो वर्ष सरकारी निकाय, समिति एवं बोर्डहरूलाई प्रदान गर्ने अनुदानसमेत रु.७४ करोड २६ लाख ३८ हजार अनुदान खर्च गरेको छ। उक्त अनुदानमध्ये अन्य संस्थालाई सशर्त चालु अनुदान रु.३८ करोड ८१ लाख ८४ हजार, सशर्त पुँजीगत अनुदान रु.९ करोड ७९ लाख ३७ हजारसमेत रु.४८ करोड ६१ लाख २१ हजार अनुदान खर्च लेखेको छ। सहायता तथा अनुदान प्रदान गरेको रकमको नियमावलीमा उल्लिखित व्यवस्था अनुसार वार्षिक विवरण तयार गरेको नदेखिएकोले कानुनबमोजिम खर्च भएको सुनिश्चित हुनुपर्दछ।

२०. **अन्तर सरकारी अख्तियारी** - प्रदेश विनियोजन ऐन, २०८० को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत् कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले यो वर्ष आन्तरिक मामिला तथा कानुन मन्त्रालयमार्फत् नेपाल सरकारका ९४ कार्यालयलाई रु.११ करोड १० लाख ७२ हजार बजेट विनियोजन गरेकोमा रु.६ करोड ५ लाख ५३ हजार खर्च भएको छ। यसैगरी प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रदेश लेखा इकाई कार्यालय स्थापना

नभएका जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई प्रति कार्यालय रु.५ लाखका दरले रु.४० लाख निकासा प्रदान गरेको छ।

२१. **प्रदेश आकस्मिक कोष -** प्रदेश आकस्मिक कोष सञ्चालन ऐन,२०७५ बमोजिम आकस्मिक कोष स्थापना गरी कार्यान्वयन गर्नुपर्दछ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश आकस्मिक कोषको व्यवस्था नगरी प्रदेश सरकारले यो वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कोरोना जनसुरक्षा कोषमा रु.२१ करोड ८५ लाख ५२ हजार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको विपद् व्यवस्थापन कोषमा रु.५ करोड ६३ लाख ९८ हजारसमेत रु.२७ करोड ४९ लाख ५० हजार मौज्दात बाँकी रहेको छ। मौज्दातमध्ये कोरोना जनसुरक्षा कोषको प्रयोजन समाप्त भईसकेको अवस्था रहेकोले उक्त रकमको उचित व्यवस्थापन हुनुपर्दछ।

२२. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमान अनुसूची-१ को ढाँचामा तयार गर्नुपर्ने, अनुसूचीमा लागत अनुमानमा वर्कचार्ज स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत थप गर्न सकिने, कन्टिन्जेन्सी खर्च गर्ने सन्दर्भमा सम्बन्धित मन्त्रालयबाट कार्यविधि स्वीकृत गराई गर्नुपर्नेमा प्रदेश सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७९ को बुँदा नं. १९ मा कन्टिन्जेन्सी रकम खर्चसम्बन्धी व्यवस्था छ। मन्त्रालयले यो वर्ष प्रदेश सरकारबाट यस्ता कन्टिन्जेन्सी खर्च सम्बन्धी अद्यावधिक विवरण तयार नगरेको तथा सो खर्चबाट प्राप्त उपलब्धिका सन्दर्भमा समीक्षा गरेको देखिएन। प्रदेश सरकारले २०८१।०५।२७ मा प्रदेश खरिद नियमावली संशोधन गरी कन्टिजेन्सी खर्च सम्बन्धी व्यवस्थालाई खारेज गरेको देखिन्छ।

२३. **बजेटको वार्षिक मूल्याङ्कन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम २३ मा अघिल्लो आर्थिक वर्षमा प्रदेशका प्रत्येक मन्त्रालय वा अन्य निकायहरूको वार्षिक विनियोजन, खर्च रकम र बजेटको प्राथमिकता एवम् लक्ष्य अनुसारको प्रगति विवरण तयार गरी राजस्व र व्ययको अनुमानसँगै प्रदेश सभामा पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेशले तयार गरेको वार्षिक मूल्याङ्कन प्रतिवेदन अनुसार प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको रकम न्यून रहेको, प्रदेशको आन्तरिक आयको दायरा सीमित भएको, संघबाट अनुदान र राजस्व बाँडफाँटको सीमा समयमै प्राप्त नभएको, बजेट विनियोजनका लागि पर्याप्त गृहकार्य नभएको, अनिवार्य दायित्व व्यवस्थापन गर्नुपर्ने भएकोले विकास खर्चलाई कम विनियोजन भएको, संघ, प्रदेश र स्थानीय तहका कार्यक्रममा दोहोरोपना भएको, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रम बीच तादाम्यता कायम नभएको बेहोरा उल्लेख छ।

उक्त प्रतिवेदनमा प्रदेश सरकार अन्तर्गतका निकायहरूमा दक्ष र पर्याप्त प्राविधिक कर्मचारीको अभाव, आयोजनामा दोहोरोपना रहेको, प्रदेशको आयोजना बैङ्क प्रभावकारी रुपमा कार्यान्वनय नभएको, प्रदेश स्वायत्त संस्था वा निकाय स्थापनाले प्रशासनिक खर्च बढ्दै गएको, आन्तरिक जनशक्तिबाट सम्पादन हुने कार्यको लागि बाह्य सेवा परामर्शमा बजेट खर्च गर्ने गरिएको, अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामूलक बन्न नसकेको, स्थानीय तहमा जग्गाको मुआब्जा, स्थानीय प्राकृतिक स्रोतको उपयोगको विवाद र वातावरणीय परीक्षणबेगर आयोजना शुरू गर्ने गरिएको लगायतका समस्या रहेको उल्लेख छ। मन्त्रालयले मध्यमकालीन खर्च संरचना तयार गरेको भए तापनि आवधिक योजना तथा

बजेटसँग आवद्ध नभएको बेहोरा समेत प्रतिवेदनमा उल्लेख छ। उल्लिखित समस्या समाधान गर्न कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

२४. **कृषि आयमा कर -** प्रदेश आर्थिक ऐन,२०८० को दफा ६(१) मा स्वघोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्नेका लागि कृषि आयमा कर लगाई असुल गरिने र करको नियमन तथा प्रशासन प्रदेश सरकारको कृषि क्षेत्र हेर्ने मन्त्रालय अन्तर्गतको निकायले गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको एकल अधिकार क्षेत्र रहेको कृषि क्षेत्रको कर सम्बन्धमा प्रदेश सरकारले यो वर्ष कुनै पनि राजस्वको अनुमान नगरेकोमा यो वर्ष राजस्व शीर्षक ११११३६ (कृषि आयमा लाग्ने कर) मा रु.१ लाख ३२ हजार ५०० राजस्व सङ्कलन भएको छ। प्रदेश सरकारको एकल अधिकार रहेको कृषि आयमा लाग्ने करको दायरा वृद्धि गर्नुपर्दछ।

२५. **दरबन्दी तथा पदपूर्ति -** प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम कोशी प्रदेश सरकारले बनाएको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी कार्यविधि, २०७९ मा प्रदेश मन्त्रालय वा सचिवालय र सोअन्तर्गतका निकायको कार्य जिम्मेवारी र कार्यबोझलाई ध्यानमा राखी आवश्यक कर्मचारीको संख्या यकिन गरी कार्य विवरण बनाई सङ्गठन तथा दरबन्दी थपघट गर्ने उल्लेख छ।मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालयमा प्रदेश सचिव (रा.प.प्रथम) १ सहित ४७ जनाको दरबन्दी रहेकोमा २७ पदपूर्ति भई २० पद रिक्त रहेको देखिन्छ। त्यसैगरी, मन्त्रालय अन्तर्गतका विभिन्न ६ कार्यालयमा ४५ जनाको दरबन्दी स्वीकृत रहेकोमा ३५ पदपूर्ति भै १० पद रिक्त रहेको छ। कार्यसम्पादन र सेवा प्रवाह प्रभावकारी हुने गरी जनशक्ति व्यवस्थापन हुनुपर्दछ।

## प्रदेश लेखा नियन्त्रक कार्यालय

२६. **प्रदेश सञ्चित कोष -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने उल्लेख छ। प्रदेश सरकारको २०८०।८१ को सञ्चित कोषको अवस्था देहाय अनुसार छ।

(रु. लाखमा)

| क्र.सं. | विवरण | चालु आर्थिक वर्षको कारोबार | | | गत आर्थिक वर्ष को कारोबार | | |
|---|---|---|---|---|---|---|---|
| | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| १. | राजस्व, अनुदान र अन्य प्राप्ति | २६९५३९ | १०३७ | २७०५७६ | २८७५२७ | ३७८ | २८७९०६ |
| २. | वित्तीय व्यवस्थाबाट प्राप्ति | - | - | - | - | - | - |
| ३. | यस वर्षको खुद प्राप्ति (१+२) | २६९५३९ | १०३७ | २७०५७६ | २८७५२७ | ३७८ | २८७९०६ |
| ४. | भुक्तानी | २७९२३९ | १०३७ | २८०२७६ | ३०७२०० | ३७८ | ३०७५७८ |
| ५. | विनिमय दर वा अन्य समायोजन | - | - | - | - | - | - |
| ६. | यस वर्षको जम्मा भुक्तानी (४+५) | २७९२३९ | १०३७ | २८०२७६ | ३०७२०० | ३७८ | ३०७५७८ |
| ७. | यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६) | -९७०० | - | -९७०० | -१९६७२ | - | १९६७२ |
| ८. | आर्थिक वर्षको सुरूवातको मौज्दात | ५१९७५ | - | ५१९७५ | ७१६४७ | - | ७१६४७ |
| ९. | आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८) | ४२२७५ | - | ४२२७५ | ५१९७५ | - | ५१९७५ |

२७. **सञ्चित कोषको मौज्दात** - प्रदेश सरकारको गत वर्षसम्म सञ्चित कोषको मौज्दात रु.५ अर्ब १९ करोड ७५ लाख २७ हजार रहेकोमा यो वर्षको अन्त्यमा सञ्चित कोषको मौज्दात रु.४ अर्ब २२ करोड ७५ लाख ७३ हजार रहेको छ। उक्त मौज्दातबाट सङ्घीय सरकारलाई २०८०।८१ मा खर्च नभै बाँकी रहेको रु.१ अर्ब ९६ करोड ८८ लाख २१ हजार २०८१।८२ मा फिर्ता भएको छ। यस्तो रकम गतवर्षको मौज्दातबाट २०८०।८१ मा रु.१ अर्ब ५२ करोड ५१ लाख १७ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ। प्रदेश सञ्चित कोषमा मौज्दात रहेको रकम जिम्मेवारी सारिने र सोही रकमबाट सङ्घीय सञ्चित कोषमा रकम फिर्ता गरिने भएको हुँदा सञ्चित कोषको मौज्दात यथार्थपरक देखिएन।

२८. **एकीकृत वित्तीय विवरण**– प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ मा प्रदेश सञ्चित कोष र स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको वित्तीय विवरणको आधारमा एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने र एकीकृत वित्तीय विवरण तयार गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। प्रदेश सरकारको एकीकृत वित्तीय विवरणअनुसार गत वर्षको जिम्मेवारी रु.७ अर्ब ९१ करोड ९१ लाख ७ हजार रहेकोमा यस वर्षको प्राप्ति रु.२७ अर्ब २९ करोड ९५ लाख ५६ हजारसमेत कुल रु.३५ अर्ब २१ करोड ८६ लाख ६३ हजार प्राप्ति भएकोमा भुक्तानी रु.२८ अर्ब २८ करोड १० लाख ७० हजार भएको छ। प्रदेशका अन्य कोषमा थप भएको नगद रु.९ करोड ६ लाख ३० हजार रहेकोमा आर्थिक वर्षको अन्त्यमा कोषसहितको नगद मौज्दात रु.७ अर्ब २ करोड ८२ लाख २३ हजार रहेको देखिन्छ। उल्लिखित विवरणमा तेस्रो पक्षबाट सोझै भुक्तानी रु.१० करोड ३६ लाख ९८ हजार प्राप्त भई खर्च भएको रकम समेत समावेश रहेको छ।

२९. **समपूरक अनुदान** - समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०७५ को दफा ६ (१) मा नेपाल सरकारले प्रदेश सरकारलाई समितिले छनोट गरेको आयोजनाको कुल लागतको अधिकतम पचास प्रतिशतसम्म समपूरक अनुदान प्रदान गर्ने र दफा ९ (१) मा प्रदेशले समपूरक अनुदान रकम खर्च गर्दा जुन आयोजनाको लागि अनुदान प्राप्त भएको हो सो आयोजनामा मात्र खर्च गर्नुपर्ने उल्लेख छ। सङ्घीय सरकारबाट ७ योजनाको लागि यो वर्ष रु.७३ करोड अनुदान प्राप्त भएकोमा उक्त आयोजनाहरूमा रु.७१ करोड ४० लाख ४० हजार खर्च भएको छ। कुल खर्च रकमको ५० प्रतिशतले हुने रु.३५ करोड ७० लाख २० हजार मात्र समपूरक अनुदानबाट खर्च गर्नुपर्नेमा रु.५३ करोड २१ लाख ८ हजार खर्च भई रु.१७ करोड ५० लाख ८८ हजार बढी खर्च गरेको छ। सङ्घीय स्रोतबाट बढी खर्च भएको रकम सङ्घीय सञ्चित कोष फिर्ता गर्नुपर्दछ।

३०. **स्थानीय तहबाट अनुदान फिर्ता** - प्रदेश विनियोजन ऐन, २०८० को दफा ४ (१०) मा सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमार्फत् आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। यो वर्ष प्रदेश सरकारले प्रदेशभित्रका १३७ स्थानीय तहलाई सशर्त अनुदान रु.१ अर्ब २६ करोड १० लाख ७७ हजार र १३१ स्थानीय तहलाई समपूरक अनुदान रु.१ अर्ब ४ करोड १७ लाख ६९ हजारसमेत रु.२ अर्ब ३० करोड २८ लाख ४६ हजार निकासा गरेको छ। उक्त निकासामध्ये विभिन्न स्थानीय तहबाट सोही आर्थिक वर्षमा रु.३४ करोड

३७ लाख ५३ हजार फिर्ता गरेको देखिन्छ। ऐनमा भएको व्यवस्थाबमोजिम प्रदेशबाट निकासा भएको रकममध्ये खर्च नभई बाँकी रहेको विवरण अद्यावधिक गर्नुपर्दछ।

३१. **तलबी प्रतिवेदन** - कोशी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६(४) मा तलबी प्रतिवेदन पारित गरेर मात्रै तलब भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ। यो वर्ष तलबी प्रतिवेदन पारित नगरी प्रदेश अन्तर्गतका कर्मचारीहरूलाई पारिश्रमिक बापत रु.१ अर्ब ६३ करोड ४७ लाख ९५ हजार खर्च गरेको छ। कानुनमा भएको व्यवस्था बमोजिम कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च गर्नुपर्दछ।

३२. **सरकारी सम्पत्तिको अभिलेख** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७८ (७) मा प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गरी कार्तिक मसान्तभित्र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको सम्पत्ति रु.६ अर्ब १० करोड ४४ लाख ६० हजार रहेको छ। महालेखा नियन्त्रक कार्यालयले २०८१।८२ बाट सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली भर्सन २ लागु गरेकोमा सो प्रणालीमा जिम्मेवारी सार्दा यस्तो सम्पत्ति यकिन गरेको देखिएन। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट तयार गरेको विवरणमा सबै सम्पत्तिहरू समावेश हुन नसकेको, मूल्य नखुलेका सम्पत्तिको मूल्य रु.१ राखेको, घरजग्गा अभिलेख व्यवस्थित नगरेको अवस्था छ। प्रदेश सरकारको सबै सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी सम्पत्तिको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

३३. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३५ अनुसार प्रदेश लेखा नियन्त्रक कार्यालयबाट यस वर्ष प्रदेशतर्फका २०१ समेत २९१ कार्यालयको आन्तरिक लेखापरीक्षण भएको छ। उक्त लेखापरीक्षण प्रतिवेदनमा ४ कार्यालयमा बेरुजु नरहेको, ९ निकाय तथा मन्त्रालय अन्तर्गतमा असुल गर्नुपर्ने रु.३ करोड १८ लाख २३ हजार, नियमित गर्नुपर्ने रु.८ करोड १५ लाख १६ हजार बेरुजु र पेस्की बाँकी रु.२५ करोड २७ लाख ४९ हजारसमेत रु.३६ करोड ६० लाख ८८ हजार बेरुजु औंल्याएको छ। लेखापरीक्षणबाट देखिएका बेहोराहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट गर्नुपर्दछ।

३४. **घरजग्गा रजिष्ट्रेशन दस्तुर** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ (१ख) मा स्थानीय तहले घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउँदा प्रदेशले लगाएको घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउने कानुनी व्यवस्था छ। हाल रजिष्ट्रेशन शुल्कबापतको राजस्व जिल्लास्थित मालपोत कार्यालयहरूबाट सङ्कलन भई सोको बाँडफाँट भएको अवस्था छ। रजिष्ट्रेशन शुल्कबापत यो वर्ष रु.१ अर्ब ४५ करोड प्राप्त गर्ने लक्ष्य रहेकोमा रु.१ अर्ब २५ करोड ६९ लाख ४८ हजार प्राप्त गरेको छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले मालपोत कार्यालयबाट बाँडफाँट भई प्राप्त भएको रकममात्र आम्दानी जनाएकाले बाँडफाँट नभएको अवस्थामा सम्बन्धित आर्थिक वर्षमा प्राप्त भै लेखाङ्कन गर्नुपर्ने वास्तविक राजस्व लेखाङ्कन तथा प्रतिवेदन भएको अवस्था देखिदैन। सम्बन्धित आर्थिक वर्षको राजस्व रकम तोकिएको अवधि भित्र बाँडफाँट गरी लेखाङ्कन र प्रतिवेदन गर्नुपर्दछ।

# अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा विनियोजन अनुसार खर्च गर्न नसकेको, लक्ष्य अनुसार राजस्व प्राप्त हुन नसकेको, घोषित नीति तथा कार्यक्रम पूर्णरुपमा कार्यान्वयन हुन नसकेको, समयमा बजेट समर्पण नभएको, वर्षको अन्तमा रकमान्तर गरेको, बहुवर्षीय आयोजनाको बजेट व्यवस्थापन हुन नसकेको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, प्रदान गरेको अनुदान रकमको अनुगमन गरी प्रतिवेदन तयार नगरेको, स्थानीय तहबाट हुने अनुदान फिर्ताको अभिलेख अद्यावधिक नगरेको, सरकारी सम्पत्तिको अभिलेख अद्यावधिक नभएको लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - मन्त्रालय र मातहतसमेतका ३ निकायको यो वर्ष रु. ८ लाख ४६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपश्चात् फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# उद्योग, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- कृषि, पशु विकास तथा खाद्य सुरक्षासम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- कृषि तथा पशुपन्छीजन्य रोग, कीरा एवम् महामारी नियन्त्रण,
- कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्धन,
- कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्था र नियमन,
- उद्योग तथा वाणिज्यसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन,
- उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी,
- औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन र नियमन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत ४६ सरकारी कार्यालयको निम्नानुसार रु.१ अर्ब ६५ करोड ३ लाख ३१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य | जम्मा |
|---|---|---|---|---|
| १५०६६११ | ११०४२५ | ३०८३८ | २४५७ | १६५०३३१ |

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक संकेत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | कायम बजेट | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| ३११०० पारिश्रमिक/सुविधा | ४३२११४ | ३१६७६२ | २३३६२४ | ७३.७५ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ३२२८ | ३१६३ | १३९६ | ४४.१४ |
| २२१०० सेवा महसुल | २०७६२ | २१०५२ | १६२८८ | ७७.३७ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ९३४९५ | ९३६०५ | ८३०५० | ८८.७२ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | ३१५५६ | ३२२५६ | २९७१५ | ९२.१२ |
| २२४०० सेवा तथा परामर्श खर्च | १३४६१५ | १२३०९४ | ७०१२९ | ५६.९७ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ५९६४१५ | ४६००१७ | ३९४८३७ | ८५.८३ |
| २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण | ३३७९३ | ३४३९३ | २८८९९ | ८४.०३ |
| २२७०० विविध खर्च | ३७२२४ | ३७०२४ | २४४४६ | ६६.०३ |
| २५३०० सामाजिक सेवा अनुदान | ५१४७०५ | ४६८०८० | ३७५०६४ | ८०.१३ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | ९६१२ | ९६१२ | ५८१८ | ६०.५३ |
| **चालुतर्फ जम्मा** | **१९०७५१९** | **१५९९०५८** | **१२६३२६६** | **७९.००** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ३१७७९८ | ३००६९८ | २४३३४५ | ८०.९२ |
| **पुँजीगततर्फ जम्मा** | **३१७७९८** | **३००६९८** | **२४३३४५** | **८०.९२** |
| **कुल जम्मा** | **२२२५३१७** | **१८९९७५६** | **१५०६६११** | **७९.३१** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ७९.०० प्रतिशत, पुँजीगततर्फ ८०.९२ प्रतिशत र समग्रमा ७९.३१ प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना** - प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) अनुसार आवधिक योजनाको लक्ष्य प्रगतिको स्थिति देहायबमोजिम रहेको छ :

| क्र.सं. | क्रियाकलाप | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | कृषि भूमिको उत्पादकत्व (मेट्रिक टन प्रति हेक्टर) | ५ | ४ |
| २ | पशुपन्छीजन्य उत्पादन (हजार मेट्रिक टन) | ७९३ | ५९२ |
| ३ | तुलनात्मक लाभ भएका बालीको उत्पादनमा मूल्य अभिवृद्धि (प्रतिशत) | ८५ | ३५ |
| ४ | कृषि तथा पशुसेवा प्रसारको पहुंचमा वृद्धि (प्रतिशत) | २२ | १७ |
| ५ | दुधमा मूल्य अभिवृद्धि भएर जाने परिमाणको अंश (प्रतिशत) | ५२ | ४९ |
| ६ | कुल ग्रार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान (प्रतिशत) | ३१ | १६ |
| ७ | औद्योगिक लगानी वार्षिक वृद्धि (प्रतिशत) | १३ | ११ |
| ८ | स्थानीय कच्चा पदार्थमा आधारित उद्योग (प्रतिशत) | ५० | ३९ |
| ९ | उद्यमशील सिपयुक्त जनशक्ति (जना) | ५०००० | ३६१३९ |
| १० | व्यापारिक संस्था वृद्धि (संख्या) | १५०००० | ११५९६३ |
| ११ | व्यापारिक संस्थामा संलग्न व्यक्ति (जना) | २५०००० | २००००० |

मन्त्रालयले आवधिक योजनामा लिएको लक्ष्यमध्ये पशुपन्छीजन्य उत्पादन, तुलनात्मक लाभ भएका बालीको उत्पादनमा मूल्य अभिवृद्धि, कुल ग्रार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको परिमाण वृद्धि गर्ने कार्यक्रममा लक्ष्य अनुसार प्रगति हासिल भएको पाईएन। तोकिएको लक्ष्य प्राप्त हुने गरी कार्य गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ (२) मा मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गरी प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम २०८०।८१ को लागि यस मन्त्रालयको खर्च संरचना अनुसारको प्रक्षेपण तथा वास्तविक बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छ।

(रु.हजारमा)

| मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण | | | बजेट विनियोजन | | | प्रक्षेपणको तुलनामा बढी बजेट |
|---|---|---|---|---|---|---|
| कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | |
| १६२७८२९ | १४८१८५१ | १४५९७८ | १८९९७५६ | १५९९०५८ | ३००६९८ | २७१९२७ |

मन्त्रालयमा यो वर्ष मध्यमकालीन खर्च संरचनाले तय गरेको प्रक्षेपणभन्दा रु.२७ करोड १९ लाख २७ हजार(१६.७० प्रतिशत) बढी बजेट विनियोजन गरेको देखिन्छ। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम बीच सामञ्जस्यता कायम गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम** - मन्त्रालयको लागि स्वीकृत नीति तथा कार्यक्रममा चिया, अदुवा, अलैंची, सुपारी जस्ता निर्यातजन्य बालीहरूको उत्पादन, सुरक्षित भण्डारण, बजारीकरण, पोष्टहार्भेष्ट तथा मूल्य श्रृङ्खलामा आधारित कार्यक्रमहरू सञ्चालन गरी निर्यात प्रवर्धन गर्ने, कृषि विषय अध्यापन गराउने विश्वविद्यालय, कलेज र कृषि अनुसन्धान केन्द्रसँग समन्वय र सहकार्य गरी प्राविधिक विशेषज्ञताको आदानप्रदान मार्फत स्थानीय स्तरमा कृषि र पशु सेवा सम्बद्ध नवीन प्रविधि प्रचार प्रसार गर्ने, कृषि विषय अध्यापन गराउने विश्वविद्यालयका विद्यार्थीलाई ईन्टर्नसिपको रुपमा परिचालन गरी प्रविधि विस्तार, कृषकलाई माटो परीक्षण तालिम दिने आदि कार्यमा सहयोग प्राप्त गर्ने विद्यार्थीको दक्षता वृद्धि गर्ने, प्रदेशलाई औद्योगिक हबको रुपमा विकास गर्न उपयुक्त स्थानमा भौतिक पूर्वाधार सहित "कोशी औद्योगिक क्षेत्र" स्थापनाको लागि अध्ययन गर्ने उल्लेख भएकोमा ती कार्यक्रम कार्यान्वयन भएको पाइएन। वार्षिक नीति तथा कार्यक्रममा समावेश गरिएका क्रियाकलाप कार्यान्वयन हुनुपर्दछ।

६. **कृषि क्षेत्रमा अनुदान** - प्रदेश कृषि व्यवसाय प्रवर्धन अनुदान ऐन, २०७७ को दफा ३ मा एक आर्थिक वर्षमा एकभन्दा बढी नहुने गरी कृषि तथा पशुपन्छीजन्य वस्तु उत्पादन, प्रशोधन, बजारीकरण, निर्यात प्रवर्धन लगायतका लागि अनुदान उपलब्ध गराउने र सोही ऐनको दफा १४ मा त्यस्ता अनुदानहरूको अनुगमन गर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहतका कार्यालयहरूबाट वितरण गरिएको अनुदानको स्थिति देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| क्र.सं. | विवरण | अनुदान रकम |
|---|---|---|
| १ | उद्योग, कृषि तथा सहकारी मन्त्रालय | ५४०३ |
| २ | कृषि विकास निर्देशनालय र मातहतका कार्यालय | २४४६३१ |
| ३ | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय र मातहतका कार्यालय | २०७७०३ |
| **जम्मा** | | **४५७७३७** |

उल्लिखित अनुदान प्राङ्गारिक मल, दुग्धजन्य पदार्थ निर्यात, युवा लक्षित च्याउ, मह, तरकारी उत्पादन, महिला लक्षित, विपन्न पिछडिएको समुदाय लक्षित कार्यक्रम, सुधारिएको भट्टी निर्माण सहयोग, रैथाने बाली प्रवर्धन, व्यावसायिक फलफूल बँगैचा स्थापना सहयोग, कफी खेती विस्तार, गड्यौला मल उत्पादन, मुख्य राजमार्ग लक्षित तरकारी उत्पादन अनुदान, नयाँ ब्लक विकास कार्यक्रम, कृषि बजार तथा सङ्कलन केन्द्र स्थापना, पुष्पखेती, च्याउ तथा लसुन उत्पादन, अदुवा उत्पादन, सुपारी प्रशोधन उद्योग पूर्वाधार तथा यन्त्र उपकरण सहयोग लगायतका कार्यक्रमहरूमा वितरण गरेको छ। मन्त्रालयले ऐनको दफा १४ अनुसार अनुदानको प्रभावकारिताको अनुगमन गरी एक अनुदानग्राहीलाई एक आर्थिक वर्षमा एक भन्दा बढी अनुदान गए नगएको सम्बन्धमा समेत यकिन गरेको छैन। अनुदानको प्रभावकारिता सुनिश्चित गर्दै अनुदानग्राहीको विवरण समेत सार्वजनिक गर्नुपर्दछ।

७. **सहकारी नियमन** - प्रदेश सहकारी ऐन, २०७६ को दफा ८१ मा मन्त्रालयले सहकारी संस्थाको निरीक्षण एवं अनुगमन गर्ने व्यवस्था छ। सहकारी रजिष्ट्रारको कार्यालय, सुनसरीले उपलब्ध गराएको विवरणअनुसार बचत तथा ऋण सहकारी संस्था ४४९, बहुउद्देश्यीय सहकारी संस्था १७०, कृषि सहकारी संस्था २३९, दुग्ध सहकारी संस्था ३०, सञ्चार सहकारी संस्था १८, सहकारी सङ्घ ६६, विशिष्टिकृत सङ्घ

४, विद्युत तथा वैकल्पिक ऊर्जा १६ र विविध सहकारी संस्था ८५ समेत १ हजार ७७ सहकारी सङ्घ/संस्थाहरूको दर्ता भएको देखिन्छ।

मन्त्रालयबाट प्राप्त अनुगमन प्रतिवेदनमा सहकारी संस्थाले सहकारीको मूल्य मान्यता अनुरुप कार्य नगरेको, स्प्रेड दर बढी भएको, पर्याप्त धितो नभएको, तोकिएको भन्दा बढी आवधिक निक्षेप राख्ने गरेको, तरकारी खेती, फलफूल, पशुपालन, कुखुरापालन जस्ता छोटो अवधिमा प्रतिफल प्राप्त हुने व्यवसायमा समेत १० वर्षसम्मको लागि ऋण दिने गरेको, संस्थामा बचत गर्ने सदस्यले रु.१० लाखभन्दा बढी निक्षेप राखेको, संस्थाका पदाधिकारी, व्यवस्थापक वा कर्मचारीले लिएको ऋणको विवरण वार्षिक रुपमा नियामक निकायमा पेस नगरेको, एक व्यक्तिको जग्गा धितो राखी अर्को व्यक्तिलाई ऋण उपलब्ध गराएको, कार्यक्षेत्र भन्दा बाहिर गएर ऋण लगानी गरेको बेहोरा उल्लेख गरेकोमा उक्त अवस्था सुधारका लागि उपयुक्त कदम चालेको छैन। सहकारी सदस्य एवं बचतकर्ताको निक्षेपमा हुन सक्ने जोखिम न्यूनीकरणका लागि प्रभावकारी अनुगमन गरी सो ऐन अनुसार कारवाही गर्नुपर्दछ।

८. **अनुगमन मूल्याङ्कन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ ले प्रत्येक मन्त्रालयको कार्य विभाजनमा आफू र अन्तर्गत निकायको समग्र कार्य सञ्चालन व्यवस्था र प्रक्रियाको अनुगमन मूल्याङ्कन गरी देखिएका समस्याको समाधान गर्नुपर्ने व्यवस्था गरेको छ। यो वर्ष मन्त्रीस्तरीय अनुगमनमा रु.४ लाख १९ हजार र कार्यक्रम अनुगमनमा रु.२० लाख ९० हजारसमेत रु.२५ लाख १० हजार खर्च भएको छ। अनुगमनकर्ताले पेस गरेको प्रतिवेदनको अभिलेख राखेको छैन। प्रतिवेदनमा उल्लेख भएका विषयहरूको अभिलेख राखी कार्यान्वयन गर्नुपर्दछ।

## कृषि ज्ञान केन्द्र

९. **अनुदानको अनुगमन** - प्रदेश कृषि व्यवसाय प्रवर्धन अनुदान ऐन, २०७७ को दफा ३ बमोजिम कृषि तथा पशुपन्छीजन्य वस्तु उत्पादन, प्रशोधन, बजारीकरणलगायत निर्यात प्रवर्धनमा अनुदान प्राप्त गर्ने अनुदानग्राहीले आफुले प्राप्त गरेको अनुदानबाट व्यवसायको निरन्तरता दिनुपर्ने अवधि सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। यो वर्ष कृषि ज्ञान केन्द्र सुनसरीले ११२ फर्म, कृषक समूह तथा सहकारी संस्थालाई रु.१ करोड ३७ लाख ९६ हजार, कृषि ज्ञान केन्द्र, झापाले ८२ फर्म, कृषक समूह तथा सहकारी संस्थालाई रु.२ करोड २१ लाख ८ हजार, कृषि ज्ञान केन्द्र ईलामले ११७ फर्म, कृषक समूह तथा सहकारी संस्थालाई रु.१ करोड ८२ लाख ९१ हजार, कृषि ज्ञान केन्द्र भोजपुरले ९२ फर्म, कृषक समूह तथा सहकारी संस्थालाई रु.१ करोड ५९ लाख ८२ हजार र कृषि ज्ञान केन्द्र ओखलढुङ्गाले ९३ फर्म, कृषक समूह तथा सहकारी संस्थालाई रु.१ करोड ५८ लाख ४१ हजार अनुदान दिएको छ। कार्यालयबाट वितरण भएको अनुदान सम्बन्धमा प्राप्त उपलब्धि मापन गरेको छैन। अनुदानग्राहीले आफूले प्राप्त गरेको अनुदान रकम र अनुदान प्राप्ति पश्चात् आफ्नो व्यवसायको निरन्तरता दिनुपर्ने अवधि सार्वजनिक गरेको छैन। कानुनमा भएको ब्यवस्था अनुसार अनुदानको नियमन गर्नुपर्दछ।

१०. **प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना -** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअलको बुँदा नं. ४.२.४ मा दलहन, तेलहन, मसलाबाली र फलफूलको लागि तराई भुभागमा न्यूनतम १०० हेक्टर जमिन हुनुपर्ने व्यवस्था छ। कृषि ज्ञान केन्द्र, झापाले जिल्ला परियोजना कार्यान्वयन समन्वय तथा अनुगमन समितिको सिफारिसको आधारमा एक फर्मलाई केरा खेती विकास कार्यक्रमको लागि

रु.१५ लाख अनुदान उपलब्ध गराएकोमा केरा खेती गर्नको लागि पेस गरेको जग्गाको क्षेत्रफल ४५.३८ हेक्टर मात्र रहेको देखिन्छ। मापदण्ड पूरा नभएको फर्मलाई अनुदान सिफारिस गर्ने तथा प्रदान गर्ने पदाधिकारीलाई जिम्मेबार बनाउनु पर्दछ।

## भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र

११. **अनुदानको अनुगमन -** प्रदेश कृषि व्यवसाय प्रवर्धन अनुदान मापदण्ड, २०७८ को परिच्छेद ६, बुँदा नं. १६ मा कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र सम्बन्धित कार्यालयले गर्नुपर्ने उल्लेख छ। भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, ओखलढुंगाले ३२ फर्म, व्यक्ति तथा कृषक समूहलाई रु.१ करोड ८६ लाख २२ हजार, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, झापाले १५९ फर्म, व्यक्ति तथा कृषक समूहलाई रु.७ करोड ९१ लाख ४४ हजार, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, सुनसरीले १३ फर्म, व्यक्ति तथा कृषक समूहलाई रु.५२ लाख ६४ हजार, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, पाँचथरले विभिन्न फर्म, व्यक्ति तथा कृषक समूहलाई रु.२ करोड ८९ लाख ४५ हजार र भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, संखुवासभाले विभिन्न फर्म, व्यक्ति तथा कृषक समूहलाई रु.७१ लाख ५६ हजार अनुदान खर्च लेखेको छ। कार्यालयबाट वितरण भएको अनुदानको सदुपयोग सम्बन्धमा अनुगमन गरी सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन। मापदण्डमा तोकिए बमोजिम अनुदानको अनुगमन गरी उपलब्धिको मापन हुनुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा वित्तीय जिम्मेवारी र जवाफदेहिता पालना नभएको, नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, आवधिक योजना बमोजिमको लक्ष्य अनुसार प्रगति नभएको, अनुदान अनुगमन गर्ने कार्यविधि, सूचक तथा संयन्त्र तयार नभएको, सहकारी संस्थाहरूले गरेका कारोबारको अद्यावधिक अभिलेख नराखेको, अनुगमनको एकीकृत अभिलेख तयार गरी मूल्याङ्कन गरेको नदेखिएको लगायतका बेहोरा औंल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - मन्त्रालय र मातहतसमेतका १७ निकायको यो वर्ष रु.१ करोड २३ लाख ९८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२० लाख ३१ हजार फर्स्यौट भई रु.१ करोड ३ लाख ६७ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- प्रदेशस्तरको खानेपानी, सिँचाइ, ऊर्जा तथा जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन,
- प्रदेशस्तरमा खानेपानी, सिँचाइ तथा उर्जा सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,
- खानेपानी, सिँचाइ तथा उर्जा सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,
- खानेपानी, सिँचाइ तथा उर्जा सेवा बिस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,
- राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, संभार र व्यवस्थापन,
- प्रदेशको जलस्रोत उपयोग, नदी नियन्त्रण तथा संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- प्रदेशको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालन समन्वय,
- प्रदेशमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन, जल गुणस्तर सम्बन्धी प्रयोगशाला व्यवस्थापन,
- खानेपानीको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड कार्यान्वयन,
- स्वच्छ खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- सबैलाई स्वच्छ खानेपानीको उपलब्धता र स्वच्छ खानेपानीमा पहुँचको सुनिश्चितता,
- ढल निकास तथा सरसफाई व्यवस्थापन।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत २५ सरकारी कार्यालयको निम्नानुसार रु.५ अर्ब ९३ करोड ७६ लाख २६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य | जम्मा |
|---|---|---|---|---|
| ५२४६१९७ | १५२६२ | ६७३९७६ | २१९१ | ५९३७६२६ |

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक संकेत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २११०० पारिश्रमिक/सुविधा | २२६७३७ | २२५०५९ | १६८७५० | ७४.९८ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | २६७८ | २६८८ | ८२३ | ३०.६२ |
| २२१०० सेवा महसुल | १२१४७ | १२६३७ | १११३८ | ८८.१४ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ९४९७० | ८९७३० | ८५९०७ | ९५.७४ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | २५७६० | २६०१० | २३७८१ | ९१.४३ |
| २२४०० सेवा तथा परामर्श खर्च | ४९९६० | ४९१५१ | ४१०४१ | ८३.५० |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | १७०५३ | १०१३६ | ८९६७ | ८८.४७ |
| २२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च | १९४२९ | १८६९७ | १७३०१ | ९२.५३ |
| २२७०० विविध खर्च | २४८३८ | २४३८४ | १४९४० | ६१.२७ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | ८८५९ | ८२०९ | ६६४० | ८०.८९ |
| **चालुतर्फ जम्मा** | **४८२४३१** | **४६६७०१** | **३७९२८७** | **८१.२७** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ५१२९२३५ | ५१८५६६५ | ४८६६९१० | ९३.८५ |
| **पुँजीगततर्फ जम्मा** | **५१२९२३५** | **५१८५६६५** | **४८६६९१०** | **९३.८५** |
| **जम्मा** | **५६११६६६** | **५६५२३६६** | **५२४६१९७** | **९२.८१** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ८१.२७ प्रतिशत, पुँजीगततर्फ ९३.८५ प्रतिशत र समग्रमा ९२.८१ प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना -** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा तोकिएको मन्त्रालयसंग सम्बन्धित लक्ष्य प्रगतिको स्थिती देहाय बमोजिम रहेको छ।

| क्र.सं. | क्रियाकलाप | लक्ष्य | प्रगति |
|---|---|---|---|
| १ | आधारभूत खानेपानी (प्रतिशत) | ९९ | ९२.१८ |
| २ | आधारभूत सरसफाइ सुविधा (प्रतिशत) | ८० | ९७.८३ |
| ३ | सिंचित क्षेत्र विस्तार (प्रतिलाख हेक्टर) | ३.४५ | ३.१३ |
| ४ | विद्यमान सिँचाइ आयोजनाको उपयोग (प्रतिशत) | ६० | १०० |
| ५ | कृषक व्यविस्थत सिँचाइ प्रणाली सुदृढीकरण (प्रतिलाख हेक्टर) | २.६ | २.६६ |
| ६ | जलउत्पन्न प्रकोप न्यूनीकरण/जग्गा उकास (प्रतिलाख हेक्टर) | १५०० | १५०५.५ |
| ७ | तटबन्ध निर्माण (कि.मी) | ३०० | २७२.९ |
| ८ | जलविद्युत उत्पादन जडित क्षमता (मेगावाट) | १५०० | ६५० |
| ९ | ऊर्जा उपभोगमा नवीकरणीय ऊर्जाको अनुपात (परिवार संख्या) | ११५०० | ११०१० |

प्राप्त प्रगति प्रतिवेदन अनुसार जलविद्युत उत्पादन र उर्जा उपभोगमा नवीकरणीय उर्जाको अनुपाततर्फ लक्ष्यको तुलनामा कम प्रगति भएको देखिन्छ। आवधिक योजनाले लिएको लक्ष्य प्राप्त हुने गरी प्रतिफल हासिल गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६(२) मा आर्थिक वर्षको लागि मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम २०८०।८१ को लागि यस मन्त्रालयको मध्यमकालीन खर्च संरचना अनुसारको प्रक्षेपण तथा वास्तविक बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छ :

(रु.हजारमा)

| मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण | | | | बजेट विनियोजन | | | | प्रक्षेपणको तुलनामा बढी बजेट |
|---|---|---|---|---|---|---|---|---|
| कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | |
| १९२५३५० | २०७५०५ | १७१७८४५ | ० | ५६६२३६६ | ४६६७०१ | ५१८५६६५ | १०००० | ३७३७०१६ |

मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेको बजेटको तुलनामा फरक हुने गरी २०८०।८१ मा बजेट विनियोजन गरेको छ। बजेट प्रक्षेपण र विनियोजनबीच सन्तुलन हुनुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम -** नीति तथा कार्यक्रममध्ये पहाडी सुख्खाग्रस्त क्षेत्रमा वर्षातको पानी पुनर्भरण पोखरीहरू निर्माण गरी पानीको मुल संरक्षण गरी दिगो सिँचाइ सेवा पुऱ्याउने, २० मेगावाटसम्मको लघु जलविद्युत र सौर्य विद्युत आयोजना सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने, प्रदेशभित्रका सबै नागरिकको घरमा आगामी २ वर्ष भित्रमा विद्युत सुविधा पुऱ्याउने, धार्मिक, साँस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय स्थलहरूको स्तरोन्नति तथा विद्युत र सौर्य विद्युत प्रयोग गरी सौन्दर्यीकरण गर्ने, सहकारी, निजी तथा वित्तीय क्षेत्रको सहकार्यमा रूफ-टप सोलार कार्यक्रम प्रवर्धन गर्ने, प्रदेश सरकारको लागत साझेदारीमा जनताको जलविद्युत कार्यक्रमअन्तर्गत ताप्लेजुङ्ग जिल्लाको ७७.५ मेगावाटको घुन्साखोला जलविद्युत आयोजना र ७०.३ मेगावाटको सिम्बुवाखोला जलविद्युत आयोजनामा प्रदेशवासी जनता र प्रदेशसरकारको लगानी सुनिश्चित गर्ने, प्रदेश सरकार, सहरीक्षेत्रको सार्वजनिक स्थलहरूमा प्रशोधित खानेपानी आपूर्तिको आवश्यक व्यवस्था मिलाउने कार्यक्रम घोषणा गरेकोमा कार्यान्वयन गरेको छैन।

६. **वार्षिक लक्ष्य तथा प्रगति -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३८ बमोजिम त्रैमासिक प्रगति विवरण प्राप्त भएपछि मन्त्रालयले भौतिक र वित्तीय पक्षको कार्यालयगत समीक्षा श्रावण मसान्तभित्र गरिसक्नु पर्ने उल्लेख छ। मन्त्रालयबाट छनोट गरिएका ३ हजार ७७८ आयोजनामध्ये ७३ आयोजना सम्पन्न भई ३ हजार ७०५ आयोजना सम्पन्न हुन बाँकी देखिन्छ। बाँकी आयोजनामध्ये १ हजार ४६ आयोजना कार्यान्वयन गरिएका छैनन्। छनोट गरिएका आयोजनाहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **बहुवर्षीय योजना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७८ को दफा १२ मा आगामी वर्षहरूको लागि बहुवर्षीय दायित्व सिर्जना गर्नुपूर्व प्रदेशको समष्टिगत आर्थिक परिसूचकहरूको विश्लेषण, स्रोत प्राप्तिको अवस्था, प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य एवम् उपलब्धि, मध्यमकालीन खर्च संरचना, सिर्जित दायित्वको विवरणसहित मन्त्रालयको बजेटको आधार लिनुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयबाट सञ्चालित ३१६ बहुवर्षीय आयोजनाको खरिद सम्झौता रु.१ अर्ब ८६ करोड ७३ लाख ८३ मध्ये यो वर्षसम्ममा रु.१ अर्ब १ करोड ५८ लाख ३ हजार भुक्तानी भई रु.८५ करोड १५ लाख

८० हजारको कार्य हुन बाँकी रहेको छ। बहुवर्षीय योजनाको स्रोत सुनिश्चितता दिएकोमा स्रोतको आधार उल्लेख गरेको छैन। बहुवर्षीय आयोजनाको स्रोतगत आधार खुलाई स्पष्ट अभिलेख राख्नुपर्दछ।

८. **कार्यसञ्चालनस्तरमा संलग्नता -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५ मा मन्त्रालयबाट मातहतका आयोजना वा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले विद्युत, सिँचाइ र खानेपानी संरचना लगायत कार्यसञ्चालनस्तरका कार्यमा खर्च गरेको छ। नियमन, समन्वय र अनुगमन लगायत नीतिगत कार्य गर्ने मन्त्रालयले मातहतका कार्यसञ्चालन स्तरका कार्यालयहरूले गर्ने विद्युतीय सुदृढीकरण कार्यक्रमतर्फ रु.९९ लाख ५० हजार, विद्युतीय चार्जिङ्ग स्टेशन निर्माण कार्यको लागि रु.१ करोड १६ लाख ६३ हजार र धरान खानेपानी आयोजना सम्पबेल निर्माण कार्यतर्फ पाईप तथा फिटिङ्गस खरिद कार्यको लागि रु.२४ लाख ५ हजार भुक्तानी गरेको छ। यसमा सुधार गर्नुपर्दछ।

९. **विद्युतीय चार्जिङ्ग स्टेशन -** मन्त्रालयले मोरङ्ग जिल्लामा २ र सुनसरीमा १ समेत ३ स्थानमा रु.१ करोड ३७ लाख लागत अनुमानको विद्युतीय चार्जिङ्ग स्टेशन निर्माणको लागि एक संयुक्त उपक्रमसँग रु.१ करोड १४ लाख ५८ हजारमा सम्झौता गरी रु.१ करोड १६ लाख ६४ हजार भुक्तानी गरेको छ। उक्त चार्जिङ स्टेशनहरू नेपाल विद्युत प्राधिकरणको चार्जिङ्ग एप पोर्टलमा आवद्ध गरी सञ्चालनमा रहेका छन्। मन्त्रालय र प्राधिकरणले चार्जिङ्ग स्टेशनहरूबाट सङ्कलन भईरहेको राजस्व बाँडफाँट सम्बन्धी बिषय टुङ्गो नलगाइएको कारण राजस्व बाँडफाँट हुन सकेको छैन। राजस्व रकम यकिन गरी दाखिला गर्नुपर्दछ।

१०. **तलबी प्रतिवेदन -** कोशी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६(४) मा तलबी प्रतिवेदन पारित गरेर मात्रै तलब भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयले ११ जना कर्मचारीको वार्षिक रु.८२ लाख ८५ हजार कन्काई सिँचाइ व्यवस्थापन कार्यालय झापाले रु.६८ लाख ९३ हजार, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरू सुनसरी, खोटाङ्ग, ओखलढुंगा, झापा र धनकुटाले रु.३ करोड २१ लाख २० हजार र जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू झापा, उदयपुर, ओखलढुंगा, धनकुटा र पाँचथरले रु.३ करोड ९ लाख ८९ हजारसमेत रु.७ करोड १३ लाख ९४ हजार तलबी प्रतिवेदन पारित नगरी खर्च लेखाङ्कन गरेका छन्। कानुनी व्यवस्था बमोजिम तलबी प्रतिवेदन पारित गरी तलब भत्ता खर्च लेख्नुपर्दछ।

११. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसमान वा सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय मातहतको कन्काई सिचाई व्यवस्थापन कार्यालय, झापाले १० पटकमा रु.९४ लाख १४ हजार, खानेपानी तथा सरसफाइ डिभिजन, खोटाङ्गले १७ पटकमा रु.१ करोड ६७ लाख २८ हजार, पाँचथरले ८ पटकमा रु.७७ लाख ६८ हजार, ओखलढुंगाले २ पटकमा रु.१९ लाख ७१ हजार, सुनसरीले ३१ पटकमा रु.२ करोड ९७ लाख ७० हजार र झापाले ६७ पटकमा रु.६ करोड ३९ लाख ९६ हजारको सोझै खरिद गरी खर्च गरेका छन्।

साथै, जलस्रोत तथा सिँचाइ विकास डिभिजन, इलामले २ पटकमा रु.१९ लाख ८९ हजार, ओखलढुंगाले ९ पटकमा रु.८३ लाख ६७ हजार, खोटाङ्गले २ पटकमा रु.१९ लाख २८ हजार,

झापाले ११ पटकमा रु.१ करोड ३३ हजार, पाँचथरले ७ पटकमा रु.६५ लाख १३ हजार, संखुवासभाले ३ पटकमा रु.२९ लाख ८९ हजार र सुनसरीले ४ पटकमा रु.३८ लाख ६२ हजारसमेत जम्मा १७३ पटक रु.१६ करोड ५३ लाख २८ हजारको निर्माण, मर्मत सम्भार, पाइप तथा फिटिङ्सका सामान प्रतिस्पर्धा बेगर सोझै खरिद गरेको छ। सार्वजनिक खरिद कार्यलाई प्रतिस्पर्धी र मितव्ययी बनाउनुपर्दछ।

१२. **आन्तरिक नियन्त्रण -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को परिच्छेद ६ मा आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण, बेरुजु लगत तथा सम्परीक्षण सम्बन्धी व्यवस्था छ। मन्त्रालयले साविकको भौतिक पूर्वाधार विकास मन्त्रालय खण्डमा समावेश भएका यस मन्त्रालयसँग सम्बन्धित बेरुजु अद्यावधिक गरेको छैन। मन्त्रालयहरू टुक्रिने र समायोजन हुने क्रममा लगत व्यवस्थित हुन नसकेकोले लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित विषय कार्यान्वयनका लागि आन्तरिक नियन्त्रण प्रणाली बमोजिम बेरुजु विवरण र अभिलेख अद्यावधिक गरी कार्यान्वयन गराउन ध्यान दिनुपर्दछ।

## जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयहरू

१३. **विस्तृत आयोजना प्रतिवेदन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र उच्च दक्षता आवश्यक पर्ने भएमा कार्यको प्रकृति अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, सुनसरीले ७ योजनाका लागि रु.२९ लाख ३४ हजार, संखुवासभाले ९ योजनाका लागि रु.३८ लाख १४ हजार, मोरङ्गले ९ योजनाका लागि रु.४२ लाख ८५ हजार, भोजपुरले ९ योजनाका लागि रु.३७ लाख ३१ हजार, पाँचथरले ५ योजनाका लागि रु.२३ लाख ३६ हजार, ताप्लेजुङ्गले १० योजनाका लागि रु.३५ लाख ७० हजार, झापाले ६ योजनाका लागि रु.२५ लाख ११ हजार, धनकुटाले ३ योजनाका लागि रु.१० लाख ५४ हजार, ओखलढुंगाले १० योजनाका लागि रु ४२ लाख १८ हजार, उदयपुरले १२ योजनाका लागि रु.४० लाख ४१ हजार र इलामले ६ योजनाका लागि रु.२९ लाख ७० हजारसमेत यस वर्ष ११ कार्यालयले ८५ योजनाको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरी रु.३ करोड ५४ लाख ६४ खर्च गरेका छन्। कार्यालयको जनशक्तिबाट सम्पादन हुन नसक्ने कामको लागि मात्र बाह्य क्षेत्रबाट परामर्श सेवा लिने व्यवस्था गरी तयार भएका प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ।

१४. **गत वर्षको भुक्तानी -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४१ (१४) मा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन, झापाले यो वर्ष मझौला सिँचाइ आयोजना अन्तर्गतका ३ सिँचाइ योजनामा गत वर्षको प्राविधिक मूल्याङ्कन तथा मूल्य अभिवृद्धि कर विजक समावेश गरी रु.५२ लाख ६५ हजार भुक्तानी गरेको छ। भुक्तानी दिन बाँकीको कच्चावारी वेगर विगत वर्षको विल भरपाईका आधारमा भुक्तानी गरेको नियमसम्मत देखिएन।

१५. **दर विश्लेषण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) मा सार्वजनिक निकायले उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम, कार्य सम्पन्न गर्नुपर्ने अवधि लगायतका विषय उल्लेख गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन, झापाले ग्याबियन बक्स निर्माण कार्यको

लागि ढुङ्गा ढुवानी गर्दा ट्रयाक्टर पुग्ने ठाउँमा नर्म्स बमोजिम अधिकतम १० मिटरसम्मको दुरी कायम गरी ढुवानी मूल्याङ्कन गर्नुपर्नेमा ०.२९ देखि ०.५७ बढी कार्यदिन कायम गरी मूल्याङ्कन गरेको छ। १२ योजनामा मेशिनद्वारा खन्ने कार्य गराएको, ग्याबियन कार्यको कार्यस्थलमा ट्रयाक्टर गएको र ट्रयाक्टरबाट ढुङ्गा ढुवानी गरी निर्माण स्थानमा झारेको समेत कार्य सम्पन्न प्रतिवेदन साथ संलग्न तस्विरबाट देखिएको छ। कार्यस्थलमा ट्रयाक्टर गएको स्थानमा समेत मानिसद्वारा ५० मिटरसम्मको दुरीबाट ढुङ्गा बोकेको दरको आधारमा ढुवानी रकम भुक्तानी गरेकोले बढी कार्यदिन गणना गरी बढी भुक्तानी दिएको रु.१४ लाख ५८ हजार उपभोक्ता समितिबाट असुल गर्नुपर्दछ।

१६. **आयोजना हस्तान्तरण -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा निर्माण कार्य सम्पन्न भए पश्चात् सो को रेखदेख तथा मर्मत सम्भारको जिम्मेवारी तोकी योजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन तेह्रथुम लगायत १३ डिभिजनबाट उपभोक्ता संस्थामार्फत सञ्चालित सिचाई प्रणालीहरू मर्मतसम्भार गर्न उपभोक्ता समितिलाई योजना हस्तान्तरण गरेको देखिएन। निर्मित संरचनाको मर्मत सम्भार गर्ने व्यवस्था सहित हस्तान्तरण गर्नुपर्दछ।

१७. **पेस्की प्राप्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ को उपनियम ६ मा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले खरिद सम्झौता बमोजिमको काम सम्झौताको समयावधिभित्र सम्पादन नगरेमा उपनियम ३ बमोजिम बैङ्क जमानत प्राप्त गरी पेस्की फर्स्यौट गर्नुपर्ने र निजबाट त्यस्तो पेस्कीको वार्षिक दश प्रतिशतका दरले ब्याजसमेत असुल उपर गर्नुपर्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन, भोजपुरले हंग्रायो खोला सिँचाइ योजना निर्माणको लागि २०७०।०३।२८ मा एक निर्माण व्यवसायीसँग रु.२ करोड ३ लाख ४१ हजारको सम्झौता भएकोमा ४६.६८ प्रतिशत कार्य भई रु.१ करोड ४ लाख २७ हजार भुक्तानी भएको छ ।सम्झौता पश्चात निर्माण व्यावसायीलाई उपलब्ध गराएको पेश्की जमानतको म्याद २०७५ चैत्रमा समाप्त भएको छ । निर्माण कार्य स्थगन भएको कारण कार्यालयले २०७९।१०।६ मा खरिद सम्झौता अन्त्य गरेकोमा रु.३२ लाख १९ हजार पेस्की असुल गर्न बाँकी छ । पेस्की बाँकी रकम निर्माण व्यवसायीबाट ब्याजसहित असुल गर्नुपर्दछ।

१८. **निर्माण कार्य** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम सम्झौताको समयावधिभित्र सम्पादन नगरेमा पेस्की जमानतको रकम प्राप्त गरी पेस्की फर्स्यौट र वार्षिक १० प्रतिशतका दरले ब्याजसमेत असुल गर्नुपर्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन, सुनसरीले एक संयुक्त उपक्रमसँग कठाले सिचाई योजना निर्माणका लागि २०७७।७८ मा रु.९ करोड ९४ लाख ६७ हजारमा सम्झौता गरेकोमा आठौँ रनिङ बिलसम्म रु.६ करोड ४२ लाख २३ हजार भुक्तानी भएको र पाँचौ पटक २०८०।८।२५ सम्म म्याद थप गर्दा समेत वित्तीय प्रगति ७० प्रतिशत र भौतिक प्रगति ६४.५७ प्रतिशत रहेको छ। निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेस्कीमध्ये रु.७० लाख फर्स्यौट हुन बाँकी रहेको छ। फर्स्यौट हुन बाँकी रहेको पेस्की रकम ब्याजसहित असुल गर्नुपर्दछ।

१९. **सर्दु नदी नियन्त्रण** - जलस्रोत तथा सिँचाइ विकास डिभिजन, सुनसरीले सर्दु नदी नियन्त्रणको संरचना निर्माणका लागि २०७८।५।२५ मा एक संयुक्त उपक्रमसँग २०८०।५।२५ सम्म सम्पन्न गर्ने गरी रु.१२ करोड १० लाख ४५ हजारको सम्झौता गरेकोमा निर्माण स्थलमा स्थानीय अवरोध लगायतका

कारणले योजनामा प्रगति हुन नसकेको कारण जनाई २०८२।३।२१ सम्म म्याद थप भएको छ । सो निर्माण कार्यको १९ प्रतिशत प्रगति भई रु.२ करोड ३५ लाख ५७ हजार भुक्तानी भएको छ । निर्माण कार्यमा रहेका समस्या समाधान गरी योजना सम्पन्न गर्नुपर्दछ।

## खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरू

२०. **विस्तृत आयोजना प्रतिवेदन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र उच्च दक्षता आवश्यक पर्ने भएमा कार्यको प्रकृति अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय खोटाङ्गले ७१ खानेपानी आयोजनाको लागि प्रतिस्पर्धा नगराई रु.१ करोड २३ लाखसमेत रु.३ करोड ५४ लाख ७७ हजार, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय पाँचथरले ३६ खानेपानी योजनामा रु.३ करोड ३२ लाख ५४ हजार विस्तृत प्रतिवेदन तयार गर्न परामर्श सेवा खरिदमा खर्च गरेका छन्। कार्यालयको जनशक्तिबाट हुन नसक्ने जटिल प्रकृतिका एवम् विशिष्टिकृत ज्ञान आवश्यक पर्ने कार्यको लागि मात्र बाह्य परामर्शदाताको सेवा लिनु पर्दछ।

२१. **सामुदायिक खानेपानी संस्थालाई अनुदान -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुनसरीले यो वर्ष ९ खानेपानी संस्थालाई ट्रान्सफर्मर, फिटिङ्गस, पम्प, प्यानल बोर्ड लगायतका सामग्री खरिद, भवन निर्माण, ट्रिटमेन्ट प्लान्ट र विद्युतीकरणका सामग्री खरिद, ओभरहेड ट्याङ्क र डोजिङ्ग युनिट निर्माण लगायतका कार्यमा रु.१ करोड ४१ लाख ९९ हजारका सामान उपलब्ध गराएको छ। ती सामग्रीको उपयोगको सुनिश्चितता गर्नुपर्दछ।

२२. **विस्तृत आयोजना प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र बिजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धनकुटाले थानी खानेपानी योजनामा २०७७।७८ मा इन्टेक ट्याङ्की, पाईप तथा फिटिङ्गका सामग्रीहरू एवं ट्रान्समिसन लाईन निर्माणका लागि पाइप ढुवानीसमेत रु.१८ लाख ७१ हजार खर्च गरेकोमा २०७८।१०।१६ मा रु.९ करोड १ लाख ४२ हजार लागत अनुमान भएको विस्तृत परियोजना प्रतिवेदन तयार गरेको छ। उक्त आयोजनाको लागि विस्तृत आयोजना प्रतिवेदन पश्चात् २०८०।८१ मा रु.५५ लाख ९६ हजार भुक्तानी भएकोमा कार्यालयले उक्त प्रतिवेदन तयार हुन अघि नै रु.१८ लाख ७१ हजार खर्च गरेको देखिएकोले खर्च लेख्ने पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ।

२३. **कार्यविधिको व्यवस्था** - नेपाल सरकारको बिशेष अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि,२०७७ को बुँदा नं.८(२) मा विशेष अनुदानबाट उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना/कार्यक्रममा खर्च गर्न नपाईने व्यवस्था छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, खोटाङ्गले रु.२ करोड ८० लाखका विशेष अनुदानबाट सञ्चालित ४ आयोजनामा रु.१ करोड ४२ लाख ७८ हजार उपभोक्ता समितिमार्फत कार्य गराइ खर्च गरेको छ। विशेष अनुदानको रकम खर्च गर्दा विशेष अनुदान सम्बन्धी कार्यविधिको पालना हुनुपर्दछ।

२४. **पाइप तथा फिटिङ्गस मौज्दात -** लागत अनुमानको आधारमा पुरानो मौज्दातसमेत विचार गरी पाईप तथा फिटिङ्गस खरिद गर्नुपर्दछ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय खोटाङ्गमा रु.२१ लाख ७७

हजार, सुनसरीमा रु.३ करोड १३ लाख ११ हजार, भोजपुरमा रु.९० लाख १८ हजार र झापामा रु.६ करोड २६ लाख ७६ हजार समेत ४ कार्यालयमा रु.१० करोड ५१ लाख ८२ हजारको पाइप तथा फिटिङ्गस मौज्दात रहेको छ। खानेपानी योजनाहरूको आवश्यकता अनुसार पाईप तथा फिटिङ्गस खरिद गर्नुपर्दछ।

२५. **आयोजना कार्यान्वयन** - खानेपानी तथा सरसफाई ऐन, २०७९ को दफा ८(२) मा तोकिएको क्षेत्रमा तोकिएबमोजिमको लागत अनुमान वा जनसंख्यालाई खानेपानी तथा सरसफाई सेवा आयोजना सञ्चालन एवं व्यवस्थापन गर्ने जिम्मेवारी संघ र प्रदेश सरकारलाई तोकेको छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, ओखलढुंगाबाट प्राप्त विवरणअनुसार सङ्घीय सशर्त अन्तर्गतका ३९ खानेपानी आयोजना २०६६।६७ देखि सुरु भएकोमा हालसम्म सम्पन्न हुन सकेका छैनन्। उक्त योजनाको लागत अनुमान रु.१ अर्ब १७ करोड ८० लाख ९ हजार रहेकोमा यस वर्षसम्म रु.५६ करोड ९० लाख ९४ हजार खर्च भई रु.६० करोड ८९ लाख १५ हजार बराबरको कार्य बाँकी रहेको छ। त्यसैगरी, प्रदेशतर्फ २०७५।७६ देखि सुरु भएका खानेपानी तथा सरसफाई सम्बन्धी १५३ आयोजनाको कुल लागत रु.१० अर्ब ६४ करोड ७१ लाख ८१ हजारमध्ये रु.१ अर्ब ८४ करोड ३३ लाख ४ हजार खर्च भई रु.९ अर्ब ३७ करोड ३९ लाख ६ हजारको कार्य पूरा गर्न बाँकी रहेको छ। क्रमागत योजनालाई उच्च प्राथमिकता दिई तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ।

२६. **बढी दरमा खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, ईटा, माटो, बालुवा, कर्कट पाता, पोलिथिन पाईप, जि.आई.तार लगायतका निर्माण सामग्रीको दरभाउ, मेशिन र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुनसरीबाट विभिन्न ११ खानेपानी योजनामा प्रयोग हुने ट्रान्फर्मर, पानी तान्ने पम्प, विद्युतीय सिमेन्ट पोल लगायतका सामग्री खरिद गर्दा सुनसरी जिल्लाको दररेट अनुसार रु.४६ लाख ६९ हजार मात्र भुक्तानी हुनुपर्नेमा रु.५५ लाख ९२ हजार भुक्तानी गरेकोले जिल्ला दररेट भन्दा रु.९ लाख २३ हजार थप खर्च भएको छ। स्वीकृत दररेट भन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

२७. **उपभोक्ता समिति परिचालन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सक्ने व्यवस्था छ। महालक्ष्मी लिफ्टिङ्ग खानेपानी आयोजनाका लागि विस्तृत परियोजना प्रतिवेदनमा कुल लागत रु.१३ करोड १ लाख २४ हजार रहेकोमा ७० घनमिटरको ५ वटा ट्याङ्की निर्माण र ट्रान्समिसन लाईनको कार्यका लागि खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, धनकुटाले रु.१ करोड ५२ लाख ९४ हजार भुक्तानी गरेको छ। नियम अनुकूल नहुने गरी कार्यालयले एउटै उपभोक्ता समितिबाट एक स्थानमा विभिन्न मितिमा ३ फरक फरक सम्झौता गरी रु.१ करोड ३ लाख १३ हजार भुक्तानी गरेको छ। नियमको पालना गरी सार्वजनिक निर्माण कार्य गराउनुपर्दछ।

२८. **पाइप तथा फिटिङ्गस** - नापी किताबको आधारमा जिन्सी खाताबाट मौज्दात घटाउनु पर्नेमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सुनसरीले रु.३ करोड २८ लाख ४६ हजार, झापाले रु.१ करोड २८ लाख ४७ हजार, ओखलढुंगाले रु.७० लाख २७ हजार, खोटाङ्गले रु.५२ लाख ४९ हजार र

पाँचथरले रु.२० लाख ३ हजारसमेत रु.५ करोड ९९ लाख ७२ हजार मूल्यका विभिन्न साईजका पाईप र फिटिङ्गस् जिन्सी खाताबाट खर्च लेखेकोमा नापी किताबमा प्रविष्टि भएको छैन।

२९. **सीमा बाहिरको कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सक्ने व्यवस्था छ। कन्काई सिँचाइ व्यवस्थापन कार्यालय, झापाले नहर तथा नहर संरचनाको मर्मत तथा निर्माण कार्यका लागि रु.५८ लाख ८९ हजार र रु ६४ लाख ६० हजारका दुई प्याकेजको कार्य एकै उपभोक्ता समितिमार्फत गराउँदा रु.१ करोड १२ लाख ३९ हजार बराबरको कार्य एकै उपभोक्ता समितिमार्फत गराएको छ। नियमावलीले तोकेको सीमाभित्र रही कार्य गराउनु पर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा दरबन्दी अनुसार पदपूर्ति नभएको, एकीकृत आर्थिक विवरण तयार नगरेको, कार्यसम्पादन करार नगरेको, दिगो विकास लक्ष्य उल्लेख गरी कार्यक्रम स्वीकृत नगरेको, सोझै खरिद गरेको लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - मन्त्रालय र मातहतसमेतका २२ निकायको यो वर्ष रु.२४ करोड ५० लाख ४२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड १९ लाख ६२ हजार फर्स्यौंट तथा रु.२० हजार थप भई रु. २३ करोड ३१ लाख बेरुजु बाँकी रहेको छ। सोमध्ये रु.१ करोड ५९ लाख ७४ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण, कार्यान्वयन र नियमन,
- पर्यटन पूर्वाधारको विकास र प्रवर्धन,
- सङ्घीय कानुनबमोजिम क्यासिनो दर्ता, अनुमति र नियमन,
- संघ र प्रदेशको सम्बन्धित मन्त्रालयसँगको समन्वयमा पर्यटकीय प्रहरीको व्यवस्थापन,
- साहसिक पर्यटन पूर्वाधार निर्माण र प्रवर्धन,
- प्रदेशस्तरमा वनक्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,
- वन, बनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन,
- वातावरणीय सूचना प्रणालीको स्थापना,
- भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन र
- वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउ बगैंचा स्थापना र व्यवस्थापन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहत समेत २४ सरकारी कार्यालयको निम्नानुसार रु.२ अर्ब ४३ करोड ५६ लाख ९७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य | जम्मा |
|---|---|---|---|---|
| १८४५४७७ | १३०७८९ | २०१०६३ | २५८३६७ | २४३५६९६ |

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक संकेत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | कायम बजेट | निकासा/ खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २११०० पारिश्रमिक/सुविधा | ७३७७७६ | ७३६६६४ | ५४६०९० | ७४.१३ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ४०५३ | ४०६२ | २५६७ | ६३.२० |
| २२१०० सेवा महसुल | १५३३६ | १५९२३ | १२४०० | ७७.८७ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | १२९९९७ | १२२१८५ | ४८८०३ | ३९.९४ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | १९८४३ | २०२९८ | १८४६० | ९०.९४ |
| २२४०० सेवा तथा परामर्श खर्च | ४२५३८ | ४६५४५ | ३६७६६ | ७८.९९ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | २५८४३२ | २३०५३७ | १९२०२६ | ८३.३० |
| २२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च | १४४६८ | १४७६८ | १३२६२ | ८९.८० |
| २२७०० विविध खर्च | १२१२७ | १२२५७ | ८५६५ | ६९.८८ |
| २५३०० अन्य सहायता | ० | २००० | ५६३ | २८.१५ |

| खर्च शीर्षक | सुरु बजेट | कायम बजेट | निकासा/ खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २६४०० सामाजिक सेवा अनुदान | १२००० | ० | ० | - |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | ७१५७ | ७११३ | ५६३५ | ७९.२१ |
| **चालुतर्फ जम्मा** | **१२५३७२७** | **१२१२३५२** | **८८५१३७** | **७३.०१** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १४२५८८० | १३९०२८० | ९६०३४० | ६९.०८ |
| **पुँजीगततर्फ जम्मा** | **१४२५८८०** | **१३९०२८०** | **९६०३४०** | **६९.०८** |
| **कुल जम्मा** | **२६७९६०७** | **२६०२६३२** | **१८४५४७७** | **७०.९१** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ७३.०१ प्रतिशत, पुँजीगततर्फ ६९.०८ प्रतिशत र समग्रमा ७०.९१ प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना -** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा प्रदेश कुल ग्रार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान ५ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा १.९ पुगेको, पर्यापर्यटकीय गन्तव्य ५० स्थापना गर्ने लक्ष्य रहेकोमा ३० स्थापना भएको र २० ट्रेकिङ्ग ट्रेल निर्माण गर्ने लक्ष्य पुरा भएको छैन। योजना अवधिमा कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान २ प्रतिशत हुने लक्ष्य रहेकोमा १.७५ प्रतिशत भएको देखिन्छ। मन्त्रालय अन्तर्गत वन पैदावर, गैह्र काष्ठ वन, मूल्य अभिवृद्धि करसमेत रु.१ अर्ब १६ करोड ३४ लाख ५१ हजार सङ्कलन भएको छ भने १५१ हेक्टर क्षेत्रफल वृक्षारोपण भएको छ। मन्त्रालयले आवधिक योजनाले लिएको लक्ष्य प्राप्त हुने गरी कार्य गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ (२) मा प्रत्येक मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको पाँचौ मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम यस मन्त्रालयको त्रिवर्षीय अनुमान तथा प्रक्षेपणमा २०८०।८१ को लागि गरेको प्रक्षेपण तथा वास्तविक बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छ :

(रु.हजारमा)

| मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण | | | बजेट विनियोजन | | | प्रक्षेपणको तुलनामा बढी बजेट |
|---|---|---|---|---|---|---|
| कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | |
| १८१०९९० | १२२७७९० | ५८३२०० | २५०२६३२ | १२१२३५२ | १२९०२८० | ६९१६४२ |

मन्त्रालयमा यो वर्ष मध्यमकालीन खर्च संरचनाले तय गरेको प्रक्षेपणभन्दा रु.६९ करोड १६ लाख ४२ हजार (४३.७१ प्रतिशत) बढी बजेट विनियोजन गरेको देखिन्छ। आवधिक योजना मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट तथा कार्यक्रमबीच आवद्धता कायम गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटबीच तादाम्यता हुने गरी बजेट विनियोजन गर्नुपर्दछ। वार्षिक नीति तथा कार्यक्रम एवं स्वीकृत बजेटमा समावेश भएका कार्यक्रममध्ये प्रादेशिक पर्यटन गुरुयोजना निर्माण, प्रदेशस्तरीय पर्यटकीय गन्तव्यहरूको प्रवर्धन तथा प्रचारप्रसारका लागि डिजिटल पोर्टल र मोवाइल एप्स निर्माण गर्ने लगायतका कार्यक्रम कार्यान्वयनमा

आएको देखिएन। नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमलाई बजेट वक्तव्यमा समावेश गर्ने तथा बजेटले सम्बोधन गरेका कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ।

६. **बहुवर्षीय योजनाको बजेट व्यवस्था -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १२ मा आगामी वर्षहरूको लागि बहुवर्षीय दायित्व सिर्जना गर्नुपूर्व प्रदेशको समष्टिगत आर्थिक परिसूचकहरूको विश्लेषण, स्रोत प्राप्तिको अवस्था, प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य एवम् उपलब्धि, मध्यमकालीन खर्च संरचना, सिर्जित दायित्वको विवरण सहित मन्त्रालयको बजेटको आधार लिनुपर्ने व्यवस्था छ। मन्त्रालयबाट बहुवर्षीय योजनाको विवरण प्राप्त भएन। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय प्रतिवेदन बमोजिम यस मन्त्रालय अन्तर्गतका १२९ बहुवर्षीय ठेक्काको सम्झौता रकम रु.१ अर्ब ४९ करोड ८२ लाख ४० हजारमा यो वर्षसम्म रु.४७ करोड ४२ लाख ५६ हजार भुक्तानी भई रु.१ अर्ब २ करोड ३९ लाख ८४ हजारको कार्य सम्पन्न हुन बाँकी रहेको छ। बहुवर्षीय योजनाको स्रोत सुनिश्चितता दिएकोमा स्रोतको आधार उल्लेख गरेको छैन। बहुवर्षीय आयोजनाको स्रोतगत आधार खुलाई स्पष्ट अभिलेख राख्नुपर्दछ।

७. **वन अतिक्रमण -** वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६८ मा कार्यविधि बनाई वन कार्यालयले वन अतिक्रमण हटाउनुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेश अन्तर्गत ११ लाख ३४ हजार २५० हेक्टर वनक्षेत्र रहेकोमा १३ हजार ३७३ हेक्टर (कुल वन क्षेत्रको १.१८ प्रतिशत) वनक्षेत्र अतिक्रमणमा रहेको छ। वन अतिक्रमण नियन्त्रण गरी अतिक्रमण भइसकेको वनको अतिक्रमण हटाउनुपर्दछ।

८. **विरुवा उत्पादन -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार गत वर्षमा उत्पादन गरी मौज्दातमा रहेका विभिन्न जातका एक वर्षे तथा बहुवर्षीय २४ लाख ५२ हजार विरुवा र यस वर्ष रु.४ करोड ५४ लाख लागतमा उत्पादन गरिएका ३४ लाख ७६ हजार विरुवासहित ५९ लाख २८ हजारमध्ये विभिन्न व्यक्ति, वन उपभोक्ता समूह तथा विभिन्न सङ्घ संस्थालाई २२ लाख ५९ हजार ९२४ विरुवा वितरण गरी ३६ लाख ६९ हजार बाँकी रहेको छ। उत्पादित विरुवा वृक्षारोपण गरी संरक्षणको उचित व्यवस्था गर्नुपर्दछ।

९. **काठ बिक्री -** वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ को बुँदा नं.१८ मा आफूले सङ्कलन गरी घाटगद्दी गरेको काठ सम्बन्धित निकायले सदुपयोगको व्यवस्था गर्नुपर्ने उल्लेख छ। प्राप्त विवरणअनुसार प्रदेश अन्तर्गत गत वर्षको काठ दाउराको मौज्दात १ लाख ८३ हजार ७१४ घनफिट रहेकोमा यस वर्ष २३ लाख ८ हजार ५८६ घनफिट उत्पादन भई २३ लाख ७० हजार १ सय घनफिट काठ लिलाम बिक्री गरी रु.८ करोड १० लाख ९० हजार राजस्व आम्दानी भएको छ। सङ्कलन गरिएको काठ दाउरामध्ये १ लाख २२ हजार २ सय घनफिट काठ मौज्दात रहेको छ। लामो समयसम्म घाटगद्दी स्थलमा रहँदा काठको गुणस्तर र उपयोगितामा ह्रास आउने हुँदा समयमै लिलाम बिक्री गरी राजस्व आम्दानी गर्नुपर्दछ।

१०. **सरकारी सम्पत्तिको अभिलेख -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७८(६) मा मन्त्रालयले आफ्नो र मातहतको कार्यालयको सम्पत्ति तथा दायित्वको अभिलेख राखी वार्षिक विवरण असोज मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा मन्त्रालयको रु.२७ करोड ७० लाखको सम्पत्ति देखिएकोमा

उक्त विवरणमा सबै सम्पत्तिहरू समावेश हुन नसकेको, मूल्य नखुल्ने सम्पत्तिको मूल्य रु.१ राखी प्रविष्टि गरिएको, कार्यालय रहेको घरजग्गा आफ्नो नाममा नामसारी नभएको लगायतका बेहोरा देखिएको छ। मन्त्रालयले मूल्य नखुलेका सम्पत्तिको मूल्य कायम गरी प्रविष्टि गर्ने र सबै सम्पत्तिलाई सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा अध्यावधिक गरी सम्पत्तिको यथार्थ विवरण तयार गर्नुपर्दछ।

११. **लिज रकम -** वन ऐन, २०७६ को दफा ४२(७) मा वन क्षेत्रको जग्गा उपयोग गर्न दिई प्राप्त रकम वन विकास कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। १५ डिभिजन वन कार्यालयमा ११८ वन क्षेत्रको जग्गा प्रयोग गर्ने पक्षले स्थायी रुपमा ३ हजार ६७१ हेक्टर र अस्थायी रुपमा ४३६ हेक्टर जग्गा प्रयोग गरेको उल्लेख छ। डिभिजन वन कार्यालय मोरङ, तेह्थुम, खोटाङ र उदयपुरको कार्यक्षेत्रमा पर्ने ३१ आयोजनाले वनक्षेत्रको जग्गा प्रयोग गरेकोमा लिज रकम दाखिला गरेको पाईएन। मन्त्रालयले वन क्षेत्रको जग्गा उपयोग गर्ने आयोजनाहरूको अभिलेख अद्यावधिक गरी आयोजनाबाट लिज रकम असुल गरी दाखिला गर्नुपर्दछ।

१२. **सट्टाभर्नाको रकम -** वन ऐन, २०७६ को दफा ४२(२) मा वन क्षेत्र उपलब्ध गराउँदा उपलब्ध गराएको वनक्षेत्र जति नै क्षेत्रमा रुख रोप्नको लागि आयोजना स्थलको नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको र समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा वन विकास गर्न सकिने भू-बनोट भएको जग्गा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। साथै उक्त ऐनको दफा ४२ को उपदफा ५,६ र ७ मा त्यस्तो जग्गा उपलब्ध हुन नसकेको अवस्थामा वन विकासको लागि जग्गाको व्यवस्था गर्न आवश्यक रकम र उल्लिखित जग्गामा पाँच वर्षसम्म रुख हुर्काउन र मर्मत संभार गर्नको लागि आवश्यक पर्ने रकमसमेत वन विकास कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। वन निर्देशनालयबाट प्राप्त प्रतिवेदन अनुसार १५ डिभिजन वन कार्यालयमध्ये डिभिजन वन कार्यालय त्रिवेणीको रु. ५ करोड ४७ लाख २० हजार वन विकास कोषमा जम्मा गरे तापनि बाँकी १४ डिभिजन वन कार्यालयले आवश्यक रकम कोषमा दाखिला गरेको देखिएन। कोशी प्रदेशमा ११८ वनक्षेत्रको जग्गा प्रयोग गर्ने पक्षले स्थायी रुपमा ३ हजार ६७१ हेक्टर प्रयोग गरेकोमा १ हजार ७६० हेक्टर सट्टाभर्ना गरेको तथा १ हजार ९११ सट्टाभर्ना हुन बाँकी देखिन्छ।

१३. **परामर्श सेवा खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार मन्त्रालयबाट स्वीकृत नर्म्सको आधारमा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले प्रदेश पर्यटन गुरुयोजना तयार गर्न स्वीकृत नर्म्सबेगर रु.४४ लाख ९३ हजारको लागत अनुमान तयार गरी रु.२८ लाख २१ हजारमा एक परामर्शदाता मार्फत गराएको छ । साथै सम्झौतामा गुरुयोजना तयारी कार्यको लागि तोकिएका २२ वटा कार्यक्षेत्रगत सर्तमध्ये अधिकांश सर्त समावेश नगरी प्रतिवेदन पेस गरेको पाइयो। कार्यक्षेत्रगत सर्तमा उल्लेख भएबमोजिमका कार्य पुरा गरी परामर्शदाताबाट प्रतिवेदन प्राप्त गर्नुपर्दछ।

१४. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५७(ख) मा सार्वजनिक निकायले बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने उल्लेख छ। पर्यटन विकास आयोजना मोरङले जिल्लामा मुसाफिर खाना बिल्डिङ निर्माण कार्यको एक निर्माण व्यवसायीलाई आठौं रनिङ बिलको रु.६६ लाख ३३ हजार भुक्तानी गरेको छ। निर्माण कार्यको नापी किताबमा ढलान र गारोको कार्यको दोहोरो नापी गरी रु.६ लाख ३२ हजार

र मूल्य अभिवृद्धि कर रु.८२ हजारसमेत रु.७ लाख १४ हजार बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ।

१५. **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ तथा खरिद सम्झौताको सर्त अनुसार निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी गर्न सकिने व्यवस्था छ। पर्यटन विकास आयोजनाले फरक ईन्डेक्सको प्रयोग र त्रुटीपूर्ण गणना गरी मत्स्यगन्धा फन्नी पार्क निर्माण योजनाका निर्माण व्यवसायीलाई रु.८ लाख ५० हजार र संसारी माईस्थान रंगेलीका निर्माण व्यवसायीलाई रु.३५ लाख ५६ हजारसमेत रु.४४ लाख ६ हजार मूल्य समायोजन बढी भुक्तानी दिएको छ। बढी भुक्तानी दिएको मूल्य समायोजन रकम असुल हुनुपर्दछ।

१६. **मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने निकायले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, संखुवासभाले अरुण-३ जलविद्युत आयोजनाका २ निर्माण व्यवसायीबाट ढुङ्गा, गिट्टी बिक्रीको मूल्य अभिवृद्धि कर रु.१ करोड ६ लाख ५३ हजार असुल गरेको छैन। निर्माण कम्पनीहरूबाट उक्त रकम असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ।

१७. **वन रोयल्टी -** डिभिजन वन कार्यालय, संखुवासभाको वन रोयल्टी सम्बन्धमा नेपाल सरकार वन विभाग,नेपाल विद्युत प्राधिकरण र कोशी कोरिडोर २२० केभी प्रसारण लाईन आयोजनाबीच २०७५।१।२३ मा भएको सम्झौताको बुँदा नं. १० मा आयोजनाले प्रत्येक आर्थिक वर्ष सुरु भएको २ महिनाभित्र जिल्ला वन कार्यालयमा रोयल्टी बुझाउनु पर्ने व्यवस्था छ। सोही सम्झौतामा म्याद भित्र दस्तुर नबुझाएमा आयोजनालाई पौष मसान्तसम्मको लागि १० प्रतिशत, चैत्र मसान्तसम्मको लागि ५० प्रतिशत र आषाढ मसान्तको लागि शत प्रतिशत जरिवाना लगाई दस्तुर असुल गर्ने व्यवस्था छ। सम्झौता अनुसार ३९.१२ हेक्टर वन क्षेत्रफल प्रयोगको २०८०।८१ सम्मको रु.७ लाख ५४ हजार दस्तुर असुल हुनुपर्दछ।

१८. **क्षतिपूर्ति वृक्षारोपण** - वन ऐन, २०७६ को दफा ६८ बमोजिम कोशी कोरिडोर २२० के.भी. प्रसारण लाईन आयोजना अन्तर्गत बसन्तपुर-चाँगे खण्डको प्रशारण लाईन निर्माण गर्दा राष्ट्रिय वनक्षेत्रको १३.७७ हेक्टर जग्गा २५ वर्षसम्म प्रयोग गर्न दिई त्यसमा रहेका विभिन्न प्रजातिका १ हजार ५४ वटा रुखविरुवाहरू हटाउने नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७६।०५।२२ मा निर्णय भएकोमा ताप्लेजुङ जिल्लामा कटान हुने कुल १ हजार ५४ रुखको २५ गुणाले हुने कुल २६ हजार ३५० विरुवा रोप्ने कार्य नभएको हुँदा कार्यालयले वन तथा भूसंरक्षण विभागमा पठाएको स्वीकृत लागत अनुमान अनुसार वृक्षारोपण र ५ वर्षको स्याहार संभारको कुल रकम रु.१ करोड ५८ लाख ४६ हजार सम्बन्धित आयोजनाबाट असुल गरी दाखिला गर्नुपर्दछ।

१९. **राजस्व दाखिला -** वन नियमावली, २०७९ को नियम २५(५) बमोजिम लिलाम सकार गरेको उद्योगले वन पैदावारको सकार रकमको साथै बुझाउनु पर्ने रकम ४५ दिन भित्र दाखिला गरी सकार गरेको वन पैदावार उठाइ लैजानु पर्ने उल्लेख छ। डिभिजन वन कार्यालय, उदयपुरबाट २०८०।१०।१७ मा प्रकाशित काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना बमोजिम बिभिन्न लटहरूमा एक सःमिल दमक

झापाले कबोल गरेको रु.५ लाख ५५ हजार राजस्व दाखिला भई रु.१९ लाख ३ हजार असुल गर्न बाँकी देखिन्छ। बाँकी रकम जरिवानासहित दाखिला गर्नुपर्दछ।

२०. **काठ सङ्कलन तथा बिक्री -** डिभिजन वन कार्यालय, धनकुटाबाट प्राप्त विवरणअनुसार २०८०।८१ मा कुल काठ बिक्री परिमाण ३९ लाख ९१ हजार ४७१ घनफिट रहेको देखिन्छ। सोमध्ये राष्ट्रिय वनबाट काठ २० हजार ८५५ घनफिट दाउरा १२ घनफिट तथा निजी वनबाट ३९ लाख ७० हजार ६१५ घनफिट, काठ बिक्रीबाट रु.८० लाख ६ हजार राजस्व शीर्षक १४२२९ मा दाखिला भएको देखिन्छ। उक्त राजस्व शीर्षकको आर्थिक विवरणमा रु.७४ लाख ५९ हजार आम्दानी देखाएको छ। दाखिला भएको रकम भन्दा राजस्वको आर्थिक विवरणमा रु.५ लाख ४७ हजारले घटी देखाएकोमा रकम यकिन गरी राजस्व हिसाव विवरण अद्यावधिक गर्नुपर्दछ।

२१. **राजस्व बक्यौता**- वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ को बुँदा ४६(३) मा काठ दाउराको बिक्री सदर भएको मितिले सात दिन भित्र डिभिजन वन कार्यालयले स्वीकृत वा अस्वीकृत गर्नुपर्ने तथा स्वीकृत भएको अवस्थामा स्वीकृत भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र सकारकर्ताले रकम दाखिला गरिसक्नु पर्ने उल्लेख छ। डिभिजन वन कार्यालय, मोरङले विगतको बक्यौता राजस्व रु.१ करोड ५ लाख ११ हजार र यस वर्षको रु.८ लाख ७ हजार समेत रु.१ करोड १३ लाख १८ हजार राजस्व असुल गर्न बाँकी देखिन्छ। लिलाम सकार गरेको काठको राजस्व सम्बन्धित सकारकर्ताबाट दाखिला गर्न लगाई समयमा काठ दाउरा उठाउने व्यवस्था गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन नभएको, आवधिक योजनाको लक्ष्य अनुसार प्रगति नभएको, तलबी प्रतिवेदन पारित नभएको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, वृक्षारोपणको अभिलेख अध्यावधिक नभएको, नर्म्सभन्दा बढी भुक्तानी भएको, तोकिएको समयमा वृक्षारोपण गरी हस्तान्तरण नगरेको, अनुदानको अनुगमन नगरेको लगायतका बेहोरा औल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** मन्त्रालय र मातहत १७ निकायको यो वर्ष रु.८ करोड २२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४३ लाख ७० हजार फर्स्यौट तथा रु.२८ लाख ७३ हजार थप भई रु. ७ करोड ८५ लाख २५ हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रु.१० लाख ७७ हजार म्याद नाघेको पेस्की रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- प्रदेश भित्रको ग्रामीण तथा शहरी विकास योजना तर्जुमा, ग्रामीण तथा शहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार,
- ग्रामीण तथा शहरी आवास/भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन र नियमन,
- प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक पूर्वाधार निर्माण र व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्धन,
- प्रदेशस्तरमा भवन संहिताको कार्यान्वयन र नियमन,
- प्रदेशको राजधानी शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन र संयोजन,
- भौगर्भिक अध्ययन, सुरक्षित बसोबास, बस्ती एकीकरण र स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- रज्जुमार्ग, जलमार्ग, लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,
- प्रदेश लोकमार्गसम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत संभार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधिसम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन,
- सडक, पुल, झोलुङ्गे पुल लगायत अन्य भौतिक पूर्वाधार व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत संभार, तथ्याङ्क व्यवस्थापन,
- फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई प्राविधिक सहयोग र समन्वय,
- आदिबासी, सीमान्तकृत, गरिब, लोपोन्मुख, ज्येष्ठ नागरिक लक्षित आवाससम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत १४ सरकारी कार्यालयको निम्नानुसार रु.१२ अर्ब ३ करोड ८४ लाख १९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ९९७०६८८ | ७४७६१ | १५०८१९१ | ४८४७७९ | १२०३८४१९ |

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक संकेत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २११०० पारिश्रमिक / सुविधा | १७२०८० | १७२३८० | ९१९९७ | ५३.३७ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | २५६३ | २५६३ | ४६५ | १८.१४ |
| २२१०० सेवा महसुल | १२५८० | १२५८० | ८२३३ | ६५.४५ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ६५३२८ | ६६१५८ | ५०८४१ | ७६.८५ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | २२७६६ | २२७६६ | १८४४१ | ८१.०० |
| २२४०० सेवा तथा परामर्श खर्च | ६९०९० | ६८४०० | ४०१७२ | ५८.७३ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ६७६० | ६३७० | ९०९ | १४.२७ |
| २२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च | १५७५० | १५९०० | १४०६४ | ८८.४५ |
| २२७०० विविध खर्च | २०७८४ | २०५८४ | १०८३२ | ५२.६२ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | ११६१२ | ११६१२ | ८१३८ | ७०.०८ |
| **चालुतर्फ जम्मा** | **३९९३१३** | **३९९३१३** | **२४४०९२** | **६१.१३** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १२२४८५३० | १३०९८०३० | ९७२६५९६ | ७४.२६ |
| ३१४०० प्राकृतिक सम्पत्ति | २००० | २००० | ० | ०.०० |
| **पुँजीगततर्फ जम्मा** | **१२२५०५३०** | **१३१०००३०** | **९७२६५९६** | **७४.२६** |
| **कुल जम्मा** | **१२६४९८४३** | **१३४९९३४३** | **९९७०६८८** | **७३.८६** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ६१.१३ प्रतिशत, पुँजीगततर्फ ७४.२६ प्रतिशत र समग्रमा ७३.८६ प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना -** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा मन्त्रालयसँग सम्बन्धित क्रियाकलापको देहाय बमोजिम प्रगति हासिल भएको छ -

| क्र.सं. | नतिजा सूचक | इकाई | २०७५।७६ को यथार्थ | २०८०।८१ सम्मको लक्ष्य | २०८०।८१ सम्मको प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | सडक घनत्व | (कि.मी./१०० वर्ग कि.मी.) | ४५.६९ | ६० | ५१ | ८५ |
| २. | विद्यमान सडकको सर्वयाममा स्तरोन्नति | किमी | २७६५ | ५००० | २९७९.१२ | ५९.५८ |
| ३. | कालोपत्रे सडक स्तरोन्नति | कि.मी. | १५४४ | ५००० | ५००.८९ | १०.०२ |
| ४. | खण्डस्थित सडक स्तरोन्नति | कि.मी. | २९१७ | ७५०० | १३६१.१६ | १८.१५ |
| ५. | सडक मर्मत सम्भार | कि.मी. | २०० | १७५० | १११७.०७ | ६३.८३ |
| ६. | सडक पुल निर्माण | कि.मी. | १० | ११० | ८९ | ८०.९१ |
| ७. | झोलुङ्गे पुल निर्माण | गोटा | १७१५ | २१०० | २१८ | १०.३८ |

कालोपत्रे सडक स्तरोन्नति, खण्डाश्मित सडक स्तरोन्नति र झोलुङ्गे पुल निर्माणमा २० प्रतिशत भन्दा कम प्रगति भएको देखिन्छ। स्थानीय तहको केन्द्र जोड्ने सडक निर्माण, अन्य थप सडक निर्माण, निर्माण गुणस्तर परीक्षण प्रयोगशाला, सडक फुटपाथ निर्माण लगायतका अन्य लक्ष्यको प्रगति विवरण उपलब्ध गराएको छैन। आवधिक योजनाले लिएका लक्ष्य हासिल हुनेगरी कार्यान्वयन गर्नु पर्दछ।

४. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६(२) मा प्रत्येक आर्थिक वर्षको लागि मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने आम्दानी तथा खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत

मध्यमकालीन खर्च संरचना तयार गरी प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको पाँचौ मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम २०८०।८१ को लागि यस मन्त्रालयको मध्यमकालीन खर्च संरचना अनुसारको प्रक्षेपण तथा वास्तविक बजेट विनियोजन निम्नानुसार रहेको छः

(रु.हजारमा)

| मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण | | | बजेट विनियोजन | | | प्रक्षेपणको तुलनामा बढी बजेट |
|---|---|---|---|---|---|---|
| कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | |
| ११४१२६०० | ४१०००० | ११००२६०० | १३४९९३४३ | ३९९३१३ | १३१०००३० | २०८६७४३ |

मन्त्रालयमा यो वर्ष मध्यमकालीन खर्च संरचनाले तय गरेको प्रक्षेपण भन्दा रु.२ अर्ब ८ करोड ६७ लाख ४३ हजार (१८.२८ प्रतिशत) बढी बजेट विनियोजन गरेको देखिन्छ। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेटबीच तादात्म्यता कायम गर्नुपर्दछ।

५. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएको मर्मत सम्भार तथा संरक्षण कोष स्थापना, सडक तथा बस्तीहरूको सौन्दर्यीकरणको सुरुवात गर्ने, ठुला नदीमा जलयातायात तथा धार्मिक, साँस्कृतिक पर्यटकीय केन्द्रहरू जोड्ने गरी वैकल्पिक यातायात प्रणालीको विकास तथा सञ्चालनको लागि सम्भाव्यता अध्ययन, कोशी खुवालुङ जलमार्ग सुदृढ गरी सञ्चालन गर्न आवश्यक प्रबन्ध गर्ने, प्रदेश राजधानीको भौतिक संरचनाका लागि गुरुयोजना तयार गर्ने, बृहत विराटक्षेत्र विकास गुरुयोजना तयार गर्ने र प्रदेशस्तरमा निर्माण सामग्रीको गुणस्तर परीक्षण प्रयोगशाला निर्माण गरिने लगायतका नीति कार्यान्वयन भएको देखिएन।

६. **बजेट वक्तव्यको कार्यान्वयन -** यस वर्षको बजेटमा बाढीले भत्काएका ४ पक्कीपुल र झोलुङ्गे पुलको पुनः निर्माण गर्न २०८०।८१ मा रु.६६ लाख विनियोजन भएकोमा पुलको सामग्री खरिद कार्य सम्पन्न भएतापनि निर्माण सम्पन्न भएको छैन। उदयपुरको भोटखोला पानी ट्याङ्की हुँदै बगाहा चोक सडक निर्माणको लागि रु.१ करोड, कटहरी रिङरोड पश्चिमबाट खोरिया-महेशपुर हुँदै कृषि बजार जोड्ने सडकको लागि रु.२ करोड ७० लाख र त्रिवेणी खोला पुलको लागि रु.२५ लाख विनियोजन भएकोमा खर्च भएको छैन। ग्रामीण पहुँच सुधार कार्यक्रम सञ्चालनका लागि रु.८८ करोड ६३ लाख ५० हजार बजेट विनियोजन गरेकोमा यो वर्ष ३ ठेक्का कार्यान्वयनको लागि रु.१५ करोड १० लाख मोविलाइजेशन पेस्की भुक्तानी भएको छ। अध्ययनबाट सम्भाव्य देखिएका योजनामा विनियोजन गरी बजेट कार्यान्वयनमा प्रभावकारिता ल्याउनु पर्दछ।

७. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २२ मा प्रदेश विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको सिमाभित्र रही आर्थिक मामिला तथा योजना मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। प्रदेश विनियोजन ऐनमा रकमान्तरको अधिकतम हद १० प्रतिशत हुने उल्लेख छ। मन्त्रालय र अन्तर्गतसमेत यो वर्ष सुरू बजेट रु.१२ अर्ब ६४ करोड ९८ लाख ४३ हजार रहेकोमा रकमान्तरबाट थपघट भई रु.१३ अर्ब ४९ करोड ९३ लाख ४३ हजार कायम भएको छ। सो मध्ये आषाढमा मात्र रु.७० करोड २७ लाख ३० हजार रकमान्तर भएको छ।

८. **बजेट समर्पण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २३(३) मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रम आर्थिक वर्षको दोस्रो चौमासिकसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र १५ भित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको लागि रकमान्तरबाट थपघटसमेत रु.१३ अर्ब ४९ करोड ९३ लाख ४३ हजार विनियोजन भएकोमा रु.९ अर्ब ९७ करोड ६ लाख ८८ हजार खर्च गरेको छ। विनियोजन बजेटमध्ये २०८१ बैशाखमा रु.२ करोड ५२ लाख र आषाढमा रु.१८ करोड ३ लाख ५५ हजारसमेत रु.२० करोड ५५ लाख ५५ हजार बजेट समर्पण गरेको छ। ऐनको व्यवस्था अनुसार बजेट समर्पण गर्नुपर्दछ।

९. **योजना छनोट** - प्रदेशस्तरीय आयोजना छनोट तथा वर्गीकरण सम्बन्धी कार्यविधि,२०८० को बुँदा नं. ६ मा जिल्लास्तरीय आयोजना तर्जुमा गोष्ठीबाट छनोट भएका र परियोजना बैङ्कमा समावेश भएका पहिलो प्राथमिकतामा परेका, साधन, स्रोत, समय र क्षमताले धान्न सक्ने अधिक भौतिक उपलब्धी हुने, सार्वजनिक खरिद ऐन नियम अनुसार प्रतिस्पर्धाको आधारमा कार्यान्वयन गरिने योजना छनोट गरिने उल्लेख छ। कार्यविधिको बुँदा नं ८ मा सोही कार्यविधिमा तोकिएको अवस्थामा बाहेक प्रदेशस्तरीय आयोजनामा रु.५० लाखभन्दा कम रकम विनियोजन नगरिने उल्लेख छ। प्राप्त विवरणअनुसार मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरूको यो वर्षको योजना र विनियोजन निम्नानुसार छ :

| विवरण | योजना संख्या | रकम रु.हजारमा | प्रतिशत |
|---|---|---|---|
| रु. २० लाखसम्म | १००९ | ६७७३४१ | ५.३५ |
| रु.२० लाख देखि ५० लाखसम्म | १२७१ | ४१६७९११ | ३२.९४ |
| रु.५० लाख देखि १ करोडसम्म | १४१ | १२१८४९० | ९.६३ |
| रु.१ करोड देखि ५ करोडसम्म | १५३ | ३६९६४०१ | २९.२२ |
| रु. ५ करोड भन्दा माथि | २९ | २८८९७०० | २२.८४ |
| **जम्मा** | **१५९४** | **१२६४९८४३** | **१००** |

उल्लिखित विवरणअनुसार ५० लाखसम्मका १ हजार २७१ योजनामा रु.४ अर्ब ८४ करोड ५२ लाख ५२ हजार बजेट विनियोजन गरेको देखिन्छ। प्रतिफल, प्रस्तिस्पर्धा, कार्यान्वयन क्षमता र कार्यविधिको व्यवस्थाबमोजिम योजना छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

१०. **प्रगति विवरण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३९ मा प्रगति विवरण प्राप्त भएपछि मन्त्रालय वा अन्य निकायले त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। प्रगति समीक्षा गर्दा सुधारका लागि चाल्नुपर्ने कदम उल्लेख गरी न्यून प्रगति गर्ने जिम्मेवार व्यक्तिलाई कारबाहीसमेत गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको एकीकृत प्रगति विवरणअनुसार ग्रामीण सडक सञ्जाल सुधार आयोजनाको भौतिक प्रगति ९.३३, यातायात पूर्वाधार निर्देशनालयको २७.३४, सहरी विकास तथा भवन कार्यालयहरूको ७५ प्रतिशत देखि ९५ प्रतिशतसम्म र पूर्वाधार कार्यालयहरूको ७० प्रतिशत (ओखलढुङ्गा) देखि ९७ प्रतिशतसम्म भौतिक प्रगति भएको देखिन्छ। त्यस्तै ग्रामीण सडक सञ्जाल आयोजनाको २०.३३, भौतिक पूर्वाधार विकास मन्त्रालयको ४७.०२, पूर्वाधार विकास कार्यालय मोरङको ६४.९८ र पूर्वाधार विकास कार्यालय पाँचथरको अधिकतम ९४.९१ प्रतिशतसम्म वित्तीय प्रगति भएको देखिन्छ । शहरी विकास तथा भवन कार्यालयहरूतर्फ

६४.९८ प्रतिशत देखि ९१.२६ प्रतिशतसम्म वित्तीय प्रगति भएको देखिन्छ। नियमावलीको व्यवस्था बमोजिम न्यून प्रगति देखिएका कार्यक्रम तथा योजनाको समीक्षा गरी सुधार गर्नुपर्दछ।

११. **बहुवर्षीय आयोजनाको दायित्व -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १२ मा आगामी वर्षहरूको लागि बहुवर्षीय दायित्व सिर्जना गर्नुपूर्व प्रदेशको समष्टिगत आर्थिक परिसूचकहरूको विश्लेषण, स्रोत प्राप्तिको अवस्था, प्रादेशिक आवधिक योजनाको क्षेत्रगत लक्ष्य एवम् उपलब्धि, मध्यमकालीन खर्च संरचना, सिर्जित दायित्वको विवरण सहित मन्त्रालयको बजेटको आधार लिनुपर्ने व्यवस्था छ। प्रदेश सरकारको गठन पश्चात् मन्त्रालय मातहत सञ्चालन हुने सङ्घबाट हस्तान्तरण भएका आयोजना बाहेक प्रदेश सरकारबाट स्रोत सहमति भई प्रदेश सरकार मातहतका कार्यालयबाट सञ्चालित बहुवर्षीय योजनाहरूको कुल लागत अनुमान रु.५५ अर्ब २३ करोड ५३ लाख ८६ हजार रहेकोमा खरिद सम्झौता गरेका ५७२ योजनाको सम्झौता रु.३५ अर्ब ३२ करोड ४५ लाख ३८ हजार रहेको छ। कुल दायित्वमध्ये यो वर्षसम्म रु.२१ अर्ब ५ करोड ८५ लाख ८४ हजार भुक्तानी भई रु.१४ अर्ब २६ करोड ५९ लाख ५४ हजारको कार्य गर्न बाँकी रहेको देखिन्छ। यो रकम आर्थिक वर्ष २०८१।८२ को पुँजीगत बजेट रु.१६ अर्ब २० करोड १९ लाख ९६ हजारको तुलनामा ८८ प्रतिशत हुन आउछ। उपलब्ध स्रोतको आधारमा बहुवर्षीय आयोजनाको स्रोत सुनिश्चितता प्रदान गर्नुपर्दछ।

१२. **जनता आवास कार्यक्रम -** आर्थिक रूपले विपन्न, दलित, लोपोन्मुख र अति सिमान्तकृत जाति तथा समुदायलाई आवास व्यवस्थाको लागि जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ बमोजिम कोशी प्रदेशका १४ जिल्लामा कार्यक्रम कार्यान्वयन भएको छ। मन्त्रालयबाट प्राप्त कार्यक्रम कार्यान्वयन सम्बन्धी विवरणअनुसार आवास निर्माणको अवस्था निम्नानुसार रहेको छः

| क्र. सं. | जिल्ला | छनोट लाभग्राही संख्या | | सम्पन्न संख्या | | कार्यसम्पन्न हुन बाँकी संख्या | |
|---|---|---|---|---|---|---|---|
| | | सङ्घ | प्रदेश | सङ्घ | प्रदेश | सङ्घ | प्रदेश |
| १ | ताप्लेजुङ | ५० | १०१ | ५० | १०१ | ० | ० |
| २ | पाँचथर | ५० | १४७ | ५० | १४७ | ० | ० |
| ३ | इलाम | ५० | १२३ | ५० | १२३ | ० | ० |
| ४ | झापा | ४९८ | २७४ | ३५८ | २४२ | १४० | ३२ |
| ५ | ओखलढुङ्गा | २९३ | १५२ | २९३ | १५२ | ० | ० |
| ६ | खोटाङ्ग | ८१ | ५० | ८१ | ५० | ० | ० |
| ७ | सोलुखुम्बु | ५ | ० | ५ | ० | ० | ० |
| ८ | धनकुटा | १६९ | २३६ | १३२ | १८७ | ३७ | ४९ |
| ९ | संखुवासभा | १७६ | २४९ | १६८ | १३६ | ८ | ११३ |
| १० | भोजपुर | २७१ | २४५ | २१८ | १४१ | ५३ | १०४ |
| ११ | तेह्रथुम | १८५ | २५५ | १३४ | १६६ | ५१ | ८९ |
| १२ | सुनसरी | १६१४ | ६० | १३७३ | ५६ | २४१ | ४ |
| १३ | उदयपुर | १३३८ | ४० | ११९६ | ४० | १४२ | ० |
| १४ | मोरङ्ग | १८७२ | ८५ | १५६० | ७५ | ३१२ | १० |
| | **जम्मा** | **६६५२** | **२०१७** | **५६६८** | **१६१६** | **९८४** | **४०१** |

कार्यक्रम अन्तर्गत १४ जिल्लामा हालसम्म सङ्घीय सरकारबाट ६ हजार ६५२ र प्रदेश सरकारबाट २ हजार १७ समेत ८ हजार ६६९ आवास निर्माण गर्ने लक्ष्य रहेकोमा २०८०।८१ सम्म सङ्घीय सरकारबाट ५ हजार ६६८ र प्रदेश सरकारबाट १ हजार ६१६ गरी जम्मा ७ हजार

२८४ आवास निर्माण सम्पन्न भएका छन्। आवास निर्माणमा गत वर्षसम्म रु.१ अर्ब ६० करोड ७० लाख ४८ हजार र यो वर्ष रु.१६ करोड ६५ लाख २५ हजारसमेत रु.१ अर्ब ७७ करोड ३५ लाख ७३ हजार खर्च भएको छ।

कार्यसम्पन्न हुन बाँकी १ हजार ३८५ आवास निर्माण गरी हस्तान्तरण गरिएका आवासका लाभग्राहीको नाम सार्वजनिक गर्नुपर्दछ।

१३. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१) (क) अनुसार कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने जटिल प्रकृतिका काममा मात्र परामर्श सेवाबाट काम गराउन सकिने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय संखुवासभा, पाँचथर, भोजपुर, ओखलढुँङ्गा, उदयपुर, झापा र मोरङ र शहरी विकास तथा भवन कार्यालय ओखलढुङ्गा, धनकुटा, मोरङ र ईलामसमेत ११ कार्यालयले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार १२२ योजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गरी रु.११ करोड ८२ लाख २६ हजार खर्च गरेका छन्। कार्यालयको प्राविधिक जनशक्तिबाट हुन नसक्ने कार्य मात्र परामर्शदाताबाट गराई विस्तृत परियोजना प्रतिवेदनको कार्यान्वयन गर्नुपर्दछ।

१४. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा तोकिएको म्यादमा काम सम्पन्न नभएमा मूल्य समायोजन नदीने र खरिद सम्झौतामा अन्यथा व्यवस्था भएको बाहेक १२ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा मूल्य समायोजन गर्न सकिने व्यवस्था छ। मूल्य समायोजन सम्बन्धमा देखिएका मुख्य बेहोरा निम्नानुसार छन्:

१४.१. पूर्वाधार विकास कार्यालय, मोरङले सुरु सम्झौताको म्याद समाप्त भएपश्चात् मूल्य समायोजन नदीनेगरी सम्झौता गरेका ३ खरिद सम्झौतामा भुक्तानी दिएको मूल्य समायोजन रु.२ करोड ९८ लाख ५४ हजार र मूल्य समायोजन भुक्तानी गर्दा फरक मितिको इन्डेक्स प्रयोग गरेको कारण २ खरिद सम्झौतामा बढी भुक्तानी दिएको रु.२ लाख १८ हजारसमेत रु.३ करोड ७२ हजार मूल्य समायोजन रकम बढी भुक्तानी दिएको छ।

१४.२. पूर्वाधार विकास कार्यालय, मोरङले १ खरिद सम्झौतामा मेशीनरी तथा ईक्वीपमेन्टको ईन्डेक्सबाट गणना गरी मूल्य समायोजन भुक्तानी दिनु पर्नेमा ट्रान्सपोर्ट भेईकलको ईण्डेक्स प्रयोग गरी म्याद थप पछि वृद्धि भएको ईण्डेक्सबाट रु.२० लाख ७६ हजार मूल्य समायोजन रकम बढी भुक्तानी दिएको छ।

१४.३. पूर्वाधार विकास कार्यालय पाँचथर र संखुवासभाले ३ खरिद सम्झौतामा फरक मितिको इन्डेक्सबाट मूल्य समायोजन गणना गरी रु.२४ लाख ७७ हजार बढी भुक्तानी गरेका छन्।

१४.४. पूर्वाधार विकास कार्यालय ओखलढुङ्गा र उदयपुरले ३ खरिद सम्झौतामा भेरिएशनबाट थप गरेका आईटममा रु.१४ लाख ६९ हजार मूल्य समायोजन भुक्तानी दिएका छन्।

१४.५. सहरी विकास तथा भवन कार्यालय, ईलामले २ खरिद सम्झौतामा मूल्य समायोजन भुक्तानी गर्दा गणना फरक गरी रु.७ लाख ९१ हजार बढी भुक्तानी दिएको छ।

मन्त्रालय मातहत ६ कार्यालयले १४ निर्माण कार्यमा उपर्युक्तानुसार बढी भुक्तानी दिएको कुल रु.३ करोड ५४ लाख १६ हजार मूल्य समायोजन रकम असुल गर्नुपर्दछ।

१५. **कन्टिन्जेन्सी खर्च** – प्रदेश सरकारले सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका,२०७९ मा कन्टिन्जेन्सी रकम सम्बन्धी मापदण्ड निर्धारण गरेको छ। सार्वजनिक निर्माण खर्चबाट ७ पूर्वाधार विकास कार्यालयले रु.१७ करोड ७० लाख ७३ हजार, ४ शहरी विकास तथा भवन कार्यालयले रु.४ करोड ८३ लाख ७० हजार, यातायात पूर्वाधार निर्देशनालयले रु.४६ लाख ५८ हजार र ग्रामीण सडक सञ्जाल सुधार आयोजना,आयोजना कार्यान्वयन इकाईले रु.८ लाख ७० हजारसमेत १३ कार्यालयले रु.२३ करोड ९ लाख ७१ हजार कन्टिन्जेन्सी खर्च गरेका छन्। निर्देशिकामा कन्टिन्जेन्सीबाट भएको खर्च सम्बन्धित योजनाको नापी किताबमा चढाउनु पर्ने उल्लेख भए पनि नापी किताबमा चढाएको छैन । उक्त कार्यविधिको पालना गर्नुपर्दछ।

१६. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १०१ मा प्रत्येक कार्यालयले सरकारी सम्पत्ति तथा जिन्सी मौज्दातको वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। साबिकमा सङ्घीय सरकारअन्तर्गत रहेका सडक, भवन, सिँचाइ लगायतका कार्यालयहरू प्रदेश सरकार अन्तर्गत हस्तान्तरण तथा गाभिएको अवस्थामा कार्यालयहरूले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गर्ने र लगत तयार गर्ने कार्य भएको पाइएन। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यस मन्त्रालय र अन्तर्गतका कार्यालयको जिन्सीको एकीकृत वार्षिक विवरणमा जम्मा रु.१ अर्ब १७ करोड ३२ लाख ४९ हजार उल्लेख छ। कानुनबमोजिम सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

१७. **खरिदमा प्रतिस्पर्धा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार बीस लाख रूपैँयाभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान खरिद वा जुनसुकै सेवा खरिद गर्नुपर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, संखुवासभा, भोजपुर, ओखलढुङ्गा, झापा, र मोरङ्गले प्रतिस्पर्धाबिगर ३२० निर्माण कार्यमा रु.३२ करोड ९५ लाख ६ हजार तथा शहरी विकास तथा भवन कार्यालय मोरङ्ग, धनकुटा तथा इलामले ६९ निर्माण कार्यमा रु.४ करोड ९० लाख २८ हजारसमेत ३८९ निर्माण कार्यमा रु.३७ करोड ८५ लाख ३४ हजारको निर्माण कार्य सोझै खरिद गरेका छन्। नियमानुसार प्रतिस्पर्धा गराई खरिद कार्य गर्नुपर्दछ।

१८. **डिजाइन एण्ड बिल्ड सम्झौतामा मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्न नमिल्ने उल्लेख छ। सार्वजनिक लेखा समितिले डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट हुने निर्माण कार्यको भेरिएसन र मूल्य समायोजनलाई व्यवस्थित गर्न थप कानुनी व्यवस्था गर्न २०७६।११।८ मा निर्देशन दिएकोमा हालसम्म सो सम्बन्धी कानुनी व्यवस्था भएको छैन। यातायात पूर्वाधार निर्देशनालय, सुनसरीले लमसम प्रकृतिका पुल निर्माण कार्यमा डिजाइन एण्ड बिल्ड सम्झौता गर्दा मूल्य समायोजन भुक्तानी दिने प्रावधान राखेका कारण यस वर्ष ३ खरिद सम्झौतामा रु.७४ लाख १३ हजार मूल्य समायोजन भुक्तानी गरेको छ। डिजाइन एण्ड बिल्ड लमसम प्रकृतिको ठेक्का भएकोले ऐनको व्यवस्था अनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिदैन। तसर्थ ऐन तथा नियमावलीको परिपालना हुनुपर्दछ।

# पूर्वाधार विकास कार्यालयहरू

१९. **अधुरो ठेक्का** – साल बसाली ठेक्काहरू सम्बन्धित आर्थिक वर्षमा सम्पन्न गर्नुपर्नेमा पूर्वाधार विकास कार्यालय, पाँचथर, ओखलढुङ्गा, उदयपुर, झापा र मोरङका सम्झौता रकम रु.४१ करोड ३३ लाख ८६ हजार का ९५ सालबसाली ठेक्काको रु.१७ करोड ४४ लाख ४४ हजार भुक्तानी भई अधुरो रहेको छ। आर्थिक वर्षभित्रै कार्य सम्पन्न गर्नेगरी बजेट कार्यान्वयन हुनुपर्दछ।

२०. **क्षतिग्रस्त संरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ तथा निर्माण व्यवसायीसँग भएको सम्झौताको सामान्य सर्तको बुँदा १९ मा निर्माणकार्यको सम्पूर्ण जोखिम वहन गर्ने गरी बिमा गराउनु पर्ने र सामान्य सर्त ४२ मा निर्मित संरचनामा क्षति भएको अवस्थामा आयोजना व्यवस्थापकले क्षतिको जानकारी गराउनु पर्ने तथा डिफेक्ट ल्याबिलिटी पिरियडमा निर्माण व्यवसायीले त्यस्तो क्षतिको सुधार गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, उदयपुरले चिपटारमा सुनकोशी नदीमाथि ठेक्का मार्फत रु.४ करोड २२ लाख ६२ हजारमा २०८१।३।१५ मा निर्माण सम्पन्न गराएको झोलुङ्गे पुलको पाखुरे लट्टा (विन्डगाई) र एकतर्फको एप्रोच सडकमा २०८१ असोजको वर्षाबाट क्षति भएकोमा कार्यालयले पुलको क्षति सुधार गर्न रु.१ करोड ३२ लाख ३७ हजारको लागत अनुमान तयार गरेको छ। निर्माण कार्यको मर्मत संभार अवधि बाँकी नै रहेकोले खरिद ऐन, नियम तथा खरिद सम्झौता अनुसार निर्माण व्यवसायीबाट क्षतिको सुधार गराउनु पर्दछ।

२१. **पेस्की फर्स्यौट** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीले सम्झौतामा उल्लिखित अवधिभित्र कार्य सम्पादन नगरेको कारणले पेस्की फर्स्यौट हुन नसकेमा सार्वजनिक निकायले सोही नियमको उपनियम ३ बमोजिम पेस्की जमानतको रकम बैङ्कबाट प्राप्त गरी पेस्की फर्स्यौट गर्नुपर्ने र १० प्रतिशत ब्याजसमेत असुल गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग भएको सम्झौतामा सम्झौता रकमको ३० प्रतिशत रकम भुक्तानी भएपछि रनिङ बिलको न्यूनतम २० प्रतिशतका दरले पेस्की फर्स्यौट गरी ८० प्रतिशत समय व्यतित हुँदा सम्पूर्ण रकम कट्टा गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले उल्लिखित व्यवस्था अनुसार पेस्की कट्टा नगरेको केही उदाहरण देहायबमोजिम छन्:

२१.१. सुरु सम्झौता अवधिको ८० प्रतिशत समय व्यतित भैसकेको अवस्थामा पनि पूर्वाधार विकास कार्यालय ओखलढुङ्गाले सम्झौताको सर्त अनुसार २ खरिद सम्झौताको रु.८४ लाख, पूर्वाधार विकास कार्यालय, उदयपुरले २ खरिद सम्झौताको रु.९ करोड ८३ लाख २४ हजार पेस्की फर्स्यौट गरेका छैनन्। उक्त रकम असुल गर्नुपर्दछ।

२१.२. सुरु सम्झौता अवधि समाप्त भैसकेका, ठेक्काको म्याद थप नभएका र चालु वर्ष बजेट व्यवस्थासमेत नभई अधुरो रहेका पूर्वाधार विकास कार्यालय झापाका १० ठेक्काको रु.७५ लाख २३ हजार र पूर्वाधार विकास कार्यालय, मोरङका ६ ठेक्काको रु.२२ लाख ६३ हजारसमेत रु.९७ लाख ८६ हजार पेस्की बाँकी रहेको छ। उक्त पेस्की रकम सार्वजनिक खरिद नियमावलीको, २०६४ नियम ११३ अनुसार पेस्की जमानत प्राप्ति वा पेस्की जमानतको म्याद नाघेको अवस्थामा ब्याजसहित निर्माण व्यवसायीबाट असुल गरी पेस्की फर्स्यौट गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा मूल्य समायोजन, बढी भुक्तानी, परामर्श सेवा खरिद तथा कार्यान्वयन, जनता आवास कार्यक्रमको न्यून प्रगति, बहुवर्षीय आयोजनाको दायित्व, ढिलो बजेट समर्पण, बजेटको कमजोर कार्यान्वयन लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - मन्त्रालय र मातहत १४ निकायको यो वर्ष रु.३७ करोड ४६लाख ३६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ८७ लाख २ हजार फर्स्यौंट तथा रु.७ लाख १७ हजार थप भई रु. ३५ करोड ६६ लाख ५१ हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रु.८ करोड ४६ लाख ५३ हजार म्याद नाघेको पेस्की रहेको छ। यस सम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकको हकहित सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकको अधिकार सम्बन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र प्रतिबद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,
- लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन,
- बालमैत्री शासकीय प्रबन्ध, सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बालसुधार तथा पुनर्स्थापना,
- प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय र अशक्त बालबालिका र महिला सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन,
- प्रदेशभित्रका गैरसरकारी संघ संस्थाहरूको अभिलेख व्यवस्थापन र समन्वय,
- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,
- युवा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत ८ सरकारी कार्यालयको निम्नानुसार रु.१ अर्ब १० करोड २९ लाख ६९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

**(रु.हजारमा)**

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ९७५४७७ | ११९२६४ | २७९२ | ५४३६ | ११०२९६९ |

यो वर्ष ५ संस्थाको रु.१ अर्ब ११ करोड ४१ लाख १५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट तथा खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक संकेत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | कायम बजेट | निकासा/ खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २११०० पारिश्रमिक / सुविधा | २३८०५८ | २३८०५८ | १४४९९५ | ६०.९१ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | १२०८ | १२०८ | २२६ | १८.७० |
| २२१०० सेवा महसुल | ९९११ | ९९११ | ६०८४ | ६१.३८ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | २५६३२ | २५६०२ | २०२३३ | ७९.०३ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | ३२९८४ | ३२९८४ | २८९३९ | ८७.७४ |
| २२४०० सेवा तथा परामर्श खर्च | ८१५४६ | ६१२४३ | ४४०५९ | ७१.९४ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ३४३४३६ | ३१०६७२ | २१६७७७ | ६९.७८ |
| २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | १४५४० | १४५१२ | ११२४५ | ७७.४९ |
| २२७०० विविध खर्च | ८७५५ | ८७५५ | ५७६७ | ६५.८७ |
| २५३०० अन्य सहायता | १०७२० | १०७२० | १०४६५ | ९७.६३ |
| २६४०० सामाजिक सेवा अनुदान | ४००९७१ | ३२८४०१ | २७०६०८ | ८२.४० |
| २७२०० सामाजिक सहायता | ८०२० | ८०२० | २८९६ | ३६.११ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | ४५९० | ४५९० | २९०४ | ६३.२६ |
| **चालुतर्फ जम्मा** | **११८०३७१** | **१०५४६७६** | **७६५१९८** | **७२.५५** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | २६९६४० | २६९६४० | २१०२७९ | ७७.९८ |
| **पुँजीगततर्फ जम्मा** | **२६९६४०** | **२६९६४०** | **२१०२७९** | **७७.९८** |
| **कुल जम्मा** | **१४५००११** | **१३२४३१६** | **९७५४७७** | **७३.६६** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ७२.५५ प्रतिशत, पुँजीगततर्फ ७७.९८ प्रतिशत र समग्रमा ७३.६६ प्रतिशत खर्च भएको देखिन्छ।

३. **मध्यमकालीन खर्च संरचना -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ (२) मा मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम यस मन्त्रालयको त्रिवर्षीय अनुमान तथा प्रक्षेपण अनुसार यो वर्षको लागि प्रक्षेपण तथा वास्तविक बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छः

(रु.हजारमा)

| मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण | | | बजेट विनियोजन | | | प्रक्षेपणको तुलनामा बढी बजेट |
|---|---|---|---|---|---|---|
| कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | |
| ९३६५०९ | ७१७३५९ | २१९१५० | १३२४३१६ | १०५४६७६ | २६९६४० | ३८७८०७ |

मन्त्रालयमा यो वर्ष मध्यमकालीन खर्च संरचनाले तय गरेको प्रक्षेपण भन्दा रु.३८ करोड ७८ लाख ७ हजार (४१.४१ प्रतिशत) बढी बजेट विनियोजन गरेको देखिन्छ।

४. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको यस वर्षको वार्षिक नीति तथा कार्यक्रममा प्रदेश रोजगार नीति तर्जुमा गर्ने, प्रादेशिक संस्कृति नीति तर्जुमा गर्ने, प्रादेशिक संग्रहालयलाई बहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्ने, उच्च शिक्षा अन्तर्गत आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका समुदाय तथा अपाङ्गता भएका विद्यार्थीलाई चिकित्सा शिक्षा, ईन्जिनियरिङ तथा अन्य उच्च शिक्षा अध्ययनको लागि छात्रवृत्ति प्रदान गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको प्रादेशिक नीति तयारी गर्ने, रंगशाला

तथा अन्य खेलकुद पूर्वाधारहरूको स्तरोन्नति, मर्मत र निर्माण अन्तर्गत विराटनगर महानगरपालिकास्थित वैजनाथपुर क्रिकेट मैदान र कमल गाउँपालिकास्थित पाडाजूँगी आदिवासी जनजाति रंगशालालाई प्रादेशिक रंगशालाको रुपमा विकास गर्ने, प्रदेश तथा राष्ट्रियस्तरमा खेलिने सबै प्रकारका खेलकुदलाई प्राथमिकतामा राखी खेलाडी तथा प्रशिक्षकको क्षमता विकास गर्ने लगायतका नीति तथा कार्यक्रम कार्यान्वयन भएको छैन।

५. **एकमुष्ट बजेट** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम १७(१०) मा कार्यालयले बजेट तर्जुमा गर्दा आगामी आर्थिक वर्षमा कार्यान्वयन गरिने कार्यक्रम वा आयोजनाको लक्ष्य र कुल लागत बजेटमा समावेश गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष देहायबमोजिम ३ कार्यक्रममा रु.१६ करोड ८८ लाख विनियोजन गरेकोमा पटके निर्णयबाट १५ कार्यक्रममा रकम बाँडफाँट गरी ४७९ संस्थामार्फत रु.१६ करोड ५७ लाख ५० हजार खर्च गरेको छ।

(रु.हजारमा)

| स्वीकृत कार्यक्रम | बजेट | अनुदान निकासा | पटके निर्णयबाट | |
|---|---|---|---|---|
| | | | बाँडफाँट भएका कार्यक्रम संख्या | अनुदान वितरण भएको अनुदानग्राही संख्या |
| मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम | ७०००० | ७०००० | ४ | २४१ |
| शैक्षिक विकास कार्यक्रम | ५४८०० | ५१७५० | ६ | १४० |
| विज्ञान, कला तथा संस्कृति प्रवर्धन कार्यक्रम | ४४००० | ४४००० | ५ | ९८ |
| **जम्मा** | **१६८८००** | **१६५७५०** | **१५** | **४७९** |

एकमुष्ट बजेट विनियोजन नगरी योजना तथा कार्यक्रम तोकेर विनियोजन गर्नुपर्दछ।

६. **अनुगमन मूल्याङ्कन** - सामाजिक विकास मन्त्रालय योजना तथा कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७८ को बुँदा नं. १४ मा कार्यक्रम सञ्चालनका क्रममा मन्त्रालयबाट नियमित अनुगमन तथा मूल्याङ्कन गरिने उल्लेख छ। मन्त्रालयले यो वर्ष निम्नानुसार विद्यालय/ शिक्षालयहरूलाई रु.४० करोड ४४ लाख ९९ हजार अनुदान निकासा दिएकोमा अनुगमन तथा मूल्याङ्कन गरेको देखिएन।

(रु.हजारमा)

| क्र. सं. | कार्यक्रम | अनुदान दिएको विद्यालय/ शिक्षालय संख्या | अनुदान रकम |
|---|---|---|---|
| १. | प्राविधिक शिक्षा व्यावसायिक तालिम शैक्षिक विकास कार्यक्रम | १३८ | ३२००० |
| २. | दुई वा दुई भन्दा बढी विद्यालय एक आपसमा गाभिई मर्ज भएमा गाभिएको विद्यालयलाई प्रोत्साहन अनुदान | ५ | २५०० |
| ३. | धार्मिक प्रकृतिको विद्यालयलाई प्रस्तावमा आधारित अनुदान | ५२ | १०००० |
| ४. | सामुदायिक विद्यालयहरूलाई प्रयोगशाला सुदृढीकरणका लागि प्रस्तावमा आधारित अनुदान | २७ | १५००० |
| ५. | विद्यालयका लागि प्रयोगशाला सुदृढीकरणका लागि प्रस्तावमा आधारित अनुदान | ५० | १०००० |
| ६. | प्राविधिक शिक्षा अन्तर्गत पशु विज्ञानका विद्यार्थीहरूका लागि प्रयोगात्मक उत्पादनका आधारमा प्रोत्साहन | १० | २००० |
| ७. | विशेष शिक्षाको स्रोत कक्षा व्यवस्थापनका लागि प्रस्तावमा आधारित अनुदान | २७ | १६९५० |
| ८. | मनमोहन प्राविधिक विश्वविद्यालय चालु र पुँजीगत अनुदान | १ | २२११२५ |
| ९. | मनमोहन स्मृति पोलिटेक्निक | १ | ४९३४ |
| १०. | प्रदेश खेलकुद विकास बोर्ड अनुदान | १ | ८९९९० |
| | **जम्मा** | **३१२** | **४०४४९९** |

अनुदान रकम कानुनबमोजिम तोकिएको प्रयोजनमा खर्च गरी उद्देश्य प्राप्त भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

७. **तालिमको प्रभाव मूल्याङ्कन** - व्यावसायिक तथा सिप विकास तालिम सञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ५ मा तालिमको प्रभाव मूल्याङ्कनको व्यवस्था छ। व्यावसायिक तथा सिप विकास तालिम केन्द्र, ओखलढुङ्गाले यो वर्ष ६८८ प्रशिक्षार्थीको लागि २० तालिम कार्यक्रम सञ्चालन गरी रु.७८ लाख ३ हजार खर्च गरेकोमा सञ्चालन गरेको सिपमुलक तालिम कार्यक्रमबाट उपलव्ध रोजगारको अवस्था, सिपमूलक तालिमबाट परेको सामाजिक, आर्थिक र व्यावसायिक प्रभाव मूल्याङ्कन गरेको छैन। केन्द्रबाट सञ्चालन हुने तालिम र प्रशिक्षार्थीको विवरण अद्यावधिक गरी तालिमको प्रभाव मूल्याङ्कन गर्नुपर्दछ।

## समिति तथा अन्य संस्था

## मनमोहन प्राविधिक विश्वविद्यालय

मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ अनुसार उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने, बहुप्राविधिक विश्वविद्यालयको अवधारणा अनुरुप प्रतिस्पर्धात्मक, गुणस्तरयुक्त, उपलब्धिमूलक र अन्तर्राष्ट्रिय विकास क्रमसँग आवद्ध गर्न सक्ने मानव संसाधन विकास गर्ने लगायतका उद्देश्यले यस विश्वविद्यालयको स्थापना भएको छ।

८. **आय व्यय स्थिति** - विश्वविद्यालयको यस वर्षको एकिकृत आय व्यय स्थिति देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| गत वर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | | जम्मा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| | अनुदान | आन्तरिक आय | | | |
| १४२९६४ | २४६१२५ | २२३४९६ | ६१२५८५ | ४६३३१९ | १४९२६६ |

९. **पाठ्यक्रम निर्माण** - मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ को दफा १३ अनुसार विश्वविद्यालयको अध्ययन अध्यापन, अनुसन्धान र प्रशिक्षण हुने विषयहरूको पाठ्यक्रम निर्माण तथा स्वीकृत गर्ने काम प्राज्ञिक परिषद्लाई तोकेको छ। विश्वविद्यालयले हालसम्म ४९९ विषयको पाठ्यक्रम तयार गर्न रु.१ करोड ३३ लाख ७१ हजार खर्च गरेको छ। आवश्यकता अनुसार पाठ्यक्रम निर्माण गरी अध्ययन अध्यापन कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

१०. **निर्णय कार्यान्वयन** - मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ को दफा ७ मा विश्वविद्यालयको सर्वोच्च निकायको रूपमा एक सभा रहने र सभाका निर्णयहरू विश्वविद्यालयले कार्यान्वयन गर्ने व्यवस्था छ। विश्वविद्यालयको २०८०।६।११ मा बसेको तेस्रो सभाले गरेका निर्णयहरूमध्ये स्नातक तहको न्यानोरोप्याथी एण्ड योगिक साइन्स कोर्ष सञ्चालन, स्नातक तहको बायोमेडिकल इन्जिनियर कोर्षको पाठ्यक्रम निर्माण र स्नातक तहको सूचना प्रविधि कोर्षको पाठ्यक्रम निर्माण गर्ने निर्णय कार्यान्वयन नभएकोले कार्यान्वयन गर्नुपर्दछ।

११. **एकेडेमिक अडिट** - मनमोहन प्राविधिक विश्वविद्यालय शैक्षिक प्रशासन नियमावली, २०७८ को नियम ३ ले प्राज्ञिक परिषद्ले प्रत्येक वर्ष विश्वविद्यालयको शैक्षिक परीक्षण गरी सोको प्रतिवेदन कार्यकारी

परिषद्मा पेस गर्ने व्यवस्था छ। प्राज्ञिक परिषद्ले शैक्षिक परीक्षणको प्रतिवेदन कार्यकारी परिषद्मा पेस गरेको छैन। नियममा भएको व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ।

## प्रदेश खेलकुद विकास बोर्ड

१२. **आय व्ययको स्थिति** - बोर्डको यस वर्षको आय व्यय स्थिति देहायबमोजिम रहेको छ :

(रु.हजारमा)

| गत वर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | | जम्मा | खर्च | बाँकी |
|---|---|---|---|---|---|
| | अनुदान | आन्तरिक आय | | | |
| ४१४१ | ८९९९० | ० | ९४१३१ | ९११८५ | २९४६ |

१३. **लेखा तथा लेखापालन -** प्रदेश खेलकुद ऐन, २०७६ को दफा २५ मा बोर्ड र समितिको आय व्ययको लेखा प्रचलित कानुनबमोजिम राख्नुपर्ने उल्लेख छ। प्रदेश खेलकुद नियमावली, २०७६ को नियम १० मा बोर्ड र समितिकोतर्फबाट गर्नुपर्ने सबै खर्च प्रदेश सरकारको स्वीकृति लिई बोर्डले बनाएको आर्थिक कार्यविधि अनुसार हुने व्यवस्था छ। बोर्डले लेखा तथा लेखा प्रणाली सम्बन्धमा आर्थिक कार्यविधि कानुन बनाएको छैन। कार्यविधि कानुन तर्जुमा नगरी यो वर्ष रु.९ करोड ११ लाख ८५ हजार खर्च गरेकोमा सोको आन्तरिक लेखापरीक्षण समेत गराएको छैन। कानुन तर्जुमा गरी सो बमोजिम आर्थिक कार्यविधि व्यवस्थित गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, सोझै खरिद गरेको लगायतका बेहोरा औंल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ ४ निकायको यो वर्ष रु. ७७ लाख ४९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पछि रु. ३३ लाख ७९ हजार फर्स्यौंट भई रु. ४३ लाख ७० हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रु. ११ लाख २० हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।
  - सङ्गठित संस्था एवम् समितितर्फ ५ निकायमा यो वर्ष रु. ५५ लाख ९४ हजार बेरुजु देखिएकोमा रु.१३ लाख ५३ हजार फर्स्यौंट तथा रु.३७ हजार थप भई रु. ४२ लाख ७८ हजार बाँकी रहेको छ। सोमध्ये रु. ७ लाख ५० हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

# स्वास्थ्य मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नियमन, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछः

- स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशमा स्वास्थ्य सेवामा आबद्ध जनशक्तिको विकास र व्यवस्थापन सम्बन्धी कार्ययोजनाको निर्माण, कार्यान्वयन र अनुगमन,
- प्रदेशभर स्वास्थ्य सेवामा प्रभावकारिता ल्याउन स्वास्थ्य जनशक्तिको अभिलेख व्यवस्थापन सहित समुचित वितरण र परिचालन,
- स्वास्थ्य सम्बन्धी विपद् तथा महामारी पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण र कार्यान्वयन,
- प्रदेशमा स्वास्थ्य प्रयोगशालाको मापदण्ड तथा गुणस्तर निर्धारण र अनुगमन,
- ग्रामीण क्षेत्रमा स्वास्थ्य घुम्ती शिविर सम्बन्धी कार्ययोजना निर्माण र सोको कार्यान्वयन तथा अनुगमन,
- स्वास्थ्य सेवाको प्रभावकारिता अभिवृद्धिका लागि संघ र स्थानीय तहसँग समन्वय र सहकार्य,
- स्वास्थ्यकर्मीको आचारसंहिता निर्माण, कार्यान्वयन तथा अनुगमन,
- प्रदेशमा स्वास्थ्यको भौतिक संरचना, स्वास्थ्य उपकरण, एम्बुलेन्स, शवबाहन र सम्पत्तिको प्रादेशिक अभिलेखको निर्माण र सोको समुचित व्यवस्थापन,
- नागरिकलाई अत्याधुनिक तवरले सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभूति गर्ने विषय,
- प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,
- स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यावसायिक र पेशागत संघ संस्थाको अभिलेख व्यवस्थापन र नियमन,
- प्रदेशमा स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,
- राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र नियमन,
- राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन गर्ने।

१. **लेखापरीक्षण अङ्क** - यो वर्ष मन्त्रालय र मातहत समेत ३४ कार्यालयको रु.३ अर्ब ४६ करोड ८७ लाख ७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| २४२६७३४ | २१८२३ | ७१२६० | ९४८८९० | ३४६८७०७ |

यो वर्ष १४ समिति वा अन्य संस्थाको रु.४ अर्ब १० करोड ४३ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक संकेत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | कायम बजेट | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २११०० पारिश्रमिक / सुविधा | ८११०८० | ८२५३१९ | ५४१६३० | ६५.६३ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ५९०५ | ५९०५ | १७८९ | ३०.२९ |
| २२१०० सेवा महसुल | ५७४७९ | ६११३८ | ५३६७४ | ८७.७९ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ९१९२२ | ९३४५८ | ८७८०१ | ९३.९५ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | ५४५६९ | ५७२५२ | ५१९९५ | ९०.८२ |
| २२४०० सेवा तथा परामर्श खर्च | ३८४५१९ | ३८८४०९ | २९९२९३ | ७७.०६ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ११६८७८७ | १११४२३७ | ७९८३५२ | ७१.६५ |
| २२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च | २३०२२ | २३६१४ | १८४४८ | ७८.१२ |
| २२७०० विविध खर्च | ६५५६५ | ७१३५२ | ५३१२४ | ७४.४५ |
| २६४०० सामाजिक सेवा अनुदान | ६०९६० | ८०५१३ | ४८०१३ | ५९.६३ |
| २७१०० सामाजिक सुरक्षा | ६३२०० | ५३२०० | ५०४५७ | ९४.८४ |
| २७२०० सामाजिक सहायता | १७३४०० | १७९४०० | १५३८७२ | ८५.७७ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | १४५१४ | १४५१४ | १२३०० | ८४.७५ |
| **चालुतर्फ जम्मा** | **२९७४९२२** | **२९६८३११** | **२१७०७४८** | **७३.१३** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ३१३९६७ | ३४०९६७ | २५५९८६ | ७५.०७ |
| **पुँजीगततर्फ जम्मा** | **३१३९६७** | **३४०९६७** | **२५५९८६** | **७५.०७** |
| **कुल जम्मा** | **३२८८८८९** | **३३०९२७८** | **२४२६७३४** | **७३.३३** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ७३.१३ प्रतिशत, पुँजीगततर्फ ७५.०७ प्रतिशत र समग्रमा ७३.३३ प्रतिशत खर्च भएको देखिन्छ।

३. **आवधिक योजना -** प्रदेश सरकारको प्रथम आवधिक योजना(२०७६।७७-२०८०।८१) ले स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित क्षेत्रहरूमा लिएको लक्ष्य, सूचकको उपलब्धि र परिमाणात्मक स्थिति अनुसार अपेक्षित आयु ७३.१ वर्ष पुऱ्याउने लक्ष्य रहेकोमा ७२ वर्ष पुगेको, आधा घन्टाको दूरीमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने परिवार ८० प्रतिशतसम्म पुऱ्याउने लक्ष्य रहेकोमा ५१ प्रतिशत प्रगति गरेको, पूर्ण खोपको दायरा (१५ महिना मुनिका बालबालिका) ९५ प्रतिशतसम्म बढाउने लक्ष्य रहेकोमा ८१ प्रतिशत प्रगति गरेको, पुड्कोपना भएका, कम तौल भएका तथा रक्तअल्पता भएका बालबालिकाको संख्या घटाउने लगायतका विषयमा तोकिएको लक्ष्यभन्दा कम प्रगति भएको देखिएको छ। मन्त्रालयले आवधिक योजनाले लिएको लक्ष्य प्राप्त हुने गरी योजना कार्यान्वयन गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६(२) मा प्रत्येक आर्थिक वर्षको लागि मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा कार्यक्रमको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। मन्त्रालयले तयार गरेको पाँचौ मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३)

बमोजिम यस मन्त्रालयको त्रिवर्षीय अनुमान तथा प्रक्षेपणमा २०८०।८१ को लागि प्रक्षेपण तथा वास्तविक बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छ :

(रु.हजारमा)

| मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण | | | बजेट विनियोजन | | | प्रक्षेपणको तुलनामा बढी बजेट |
|---|---|---|---|---|---|---|
| कुल | चालु | पुँजीगत | कुल | चालु | पुँजीगत | |
| २९७८५७० | २७२९९०३ | २४८६६७ | ३३०९२७८ | २९६८३११ | ३४०९६७ | ३३०७०८ |

मन्त्रालयमा यो वर्ष मध्यमकालीन खर्च संरचनाले तय गरेको प्रक्षेपणभन्दा रु.३३ करोड ७ लाख ८ हजार (११.१० प्रतिशत) बढी बजेट विनियोजन गरेको देखिन्छ।

५. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको यो वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश कार्यक्रममध्ये स्थानीय तहसँगको साझेदारीमा स्वास्थ्य बिमा कार्यक्रम, प्रादेशिक अस्पताल, भद्रपुरलाई विशिष्टीकृत अस्पतालको रुपमा विकास गर्ने, आयुर्वेद शिक्षण अस्पतालको सम्भाव्यता अध्ययन, "लक्षित समूह बहुपक्षीय पोषण कार्यक्रम" पुनर्स्थापना गृह निर्माण गर्ने लगायतका कार्यक्रम कार्यान्वयन भएको छैन। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका आयोजना कार्यान्वयन हुनुपर्दछ।

६. **वित्तीय प्रगति प्रतिवेदन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३९ मा कार्यालयबाट प्रगति विवरण प्राप्त भएपछि मन्त्रालयले त्यसको भौतिक र वित्तीय पक्षको कार्यालयगत समीक्षा गर्नुपर्ने व्यवस्था छ। प्रगति समीक्षा गर्दा सुधारका लागि चाल्नुपर्ने कदम र प्रगति न्यून भएको सम्बन्धमा जिम्मेवार व्यक्ति उपर आवश्यक कारबाहीसमेत गर्नुपर्ने उल्लेख छ। मन्त्रालयको यो वर्षको वार्षिक कार्यक्रममा समावेश भएका २६ बजेट उपशीर्षकमा रु.३ अर्ब ३० करोड ९२ लाख ७८ हजार विनियोजन भएकोमा रु.२ अर्ब ४२ करोड ६७ लाख ३४ हजार (७३.३३ प्रतिशत) खर्च भएको छ। सञ्चालित कार्यक्रममध्ये सबैभन्दा बढी प्रगति आयुर्वेद सेवा कार्यक्रममा ९७ प्रतिशत, उपचारात्मक सेवा कार्यक्रममा ८७ प्रतिशत र एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रममा ८७ प्रतिशत तथा सबैभन्दा घटी प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्य सञ्चालन कार्यक्रममा १४.२७ प्रतिशत प्रगति देखिएको छ। न्यून भौतिक तथा वित्तीय प्रगति देखिएका कार्यक्रम तथा योजनाहरूको समीक्षा गरी सुधार गर्नुपर्दछ।

७. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ७८(६) मा मन्त्रालयले आफ्नो र मातहत कार्यालयको सम्पत्ति तथा दायित्वको अभिलेख राखी वार्षिक विवरण असोज मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। मन्त्रालयको एकीकृत वित्तीय प्रतिवेदन अनुसार मन्त्रालय र मातहतका स्वास्थ्य कार्यालय तथा अस्पताल विकास समिति लगायतका कार्यालय समेतको हालसम्मको सम्पत्ति रु.९४ करोड ३ लाख २८ हजार देखाएकोमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा विवरण अध्यावधिक गरेको छैन। सम्पत्ति संरक्षणको उचित व्यवस्था मिलाउनु पर्दछ।

८. **एम्बुलेन्स व्यवस्थापन** - राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ मा व्यवस्था भए बमोजिम प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समिति रहेको छ। सो निर्देशिकाको बुँदा नं १२(४) बमोजिम जी.पी.एस. अनिवार्य जडान हुनुपर्ने व्यवस्था रहेकोमा कोशी प्रदेश भित्र 'क' वर्गको २, 'ख' वर्गको ८३ र 'ग' वर्गको ४८५ समेत ५७० एम्बुलेन्स रहेकोमा हालसम्म 'क' वर्गको २ र 'ख' वर्गको ८१ एम्बुलेन्समा जी.पी.एस. जडान भएको जनाएको छ। बाँकी एम्बुलेन्समा पनि जी.पी.एस. जडान गर्नुपर्दछ।

९. **प्रोत्साहन खर्च** - महिला स्वास्थ्य स्वयंसेविकालाई सङ्घीय सरकारले रु.६ हजार र सम्बन्धित पालिकाले थप रु.६ हजारसमेत रु.१२ हजारका दरले वार्षिक रुपमा पारिश्रमिकका साथै केही पालिकाले थप प्रोत्साहन समेत नियमित रुपमा प्रदान गर्दै आईरहेका छन्। प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्रत्येक जिल्लाका १ जना उत्कृष्ट स्वयंसेविकालाई रु.१५ हजारका दरले र अन्यलाई रु.५ हजारका दरले थप प्रोत्साहन दिने घोषणा गरी १४ जिल्लाका ८ हजार ७२२ महिला स्वास्थ्य स्वयंसेविकालाई रु.५ हजारका दरले जिल्ला स्वास्थ्य कार्यालय मार्फत रु.४ करोड ३६ लाख १० हजार प्रोत्साहन खर्च लेखेको छ।

१०. **आर्थिक सहायता** - आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ को बुँदा नं.५ मा विपन्न नागरिकलाई आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था छ। यो वर्ष स्वास्थ्य मन्त्रालयले मृगौला प्रत्यारोपण, क्यान्सर, मुटुरोग, हेड इन्जुरी, स्पाइनल इन्जुरी, अल्जाइमर्स, पार्किन्सन्स्, कलेजो, मस्तिष्कघात र अप्लाष्टिक एनिमिया रोगका लागि ४९७ जनालाई प्रतिव्यक्ति अधिकतम रु.२ लाखसम्मको उपचार रकमबापत बिल बीजकको आधारमा रु.४ करोड ९८ लाख ८६ हजार वितरण गरेको छ। निःशुल्क तथा विपन्न नागरिकको औषधी तथा कडा रोग उपचार सम्बन्धी कानुन बेगर कार्यविधिको आधारमा आर्थिक सहायतामा भुक्तानी गरेको उचित देखिएन।

## प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

११. **प्रयोगविहीन उपकरण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४३(छ) मा सरकारी रकम खर्च गर्दा उपलब्ध स्रोत, साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्भार तथा संरक्षणको उचित व्यवस्था गर्नुपर्ने व्यवस्था छ। केन्द्रले शरीरमा भएको एच.आई.भी रोगको भाईरस सङ्ख्या पत्ता लगाउने उद्देश्यले १ थान एच.आई.भी. १ र एच.आई.भी.२ भाईरल लोड मेसिन रु.३० लाख ९७ हजारमा र ८ थान डि.एन.ए/आर.एन.ए परीक्षण गर्ने एक्स्ट्रयाक्सन मेसिन प्रति थान रु.३८ लाख ६५ हजारका दरले रु.३ करोड ९ लाख २० हजारमा खरिद गरेकोमा ८ थानमध्ये १ थान कटारी अस्पताललाई हस्तान्तरण गरेको तर सञ्चालनमा नआएको तथा बाँकी ७ थान मेसिन तथा उपकरण कार्यालयमा भण्डारण गरेको छ। केन्द्रले खरिद गरेका मेसिन तथा उपकरणको आवश्यकता पहिचान गरी उपयोगमा ल्याउने व्यवस्था मिलाउनु पर्दछ।

## जिल्ला अस्पतालहरू

१२. **समायोजन ग्रेड** - कर्मचारी समायोजन ऐन, २०७५ को दफा ४ मा सरकारी सेवामा श्रेणीगत रूपमा कार्यरत कर्मचारीलाई प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा तह मिलान तथा ग्रेड कायम हुने व्यवस्था छ। पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधि भएका राजपत्र अनङ्कित द्वितीय, राजपत्र अनङ्कित प्रथम, राजपत्राङ्कित तृतीय र राजपत्राङ्कित द्वितीय श्रेणीका सरकारी सेवाका श्रेणीगत कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको माथिल्लो तहमा समायोजन गर्दा ग्रेडको व्यवस्था रहेको छैन। जिल्ला अस्पताल धनकुटा, उदयपुर र स्वास्थ्य कार्यालय, ईलाम, मोरङ तथा मन्त्रालय समेतले ग्रेड नपाउने तहमा समायोजन भएका १७ कर्मचारीलाई ग्रेड थप गरी रु.१० लाख १९ हजार खर्च लेखेको रकम असुल गर्नुपर्दछ।

१३. **प्रयोगविहीन उपकरण** - स्वास्थ्य सेवा प्रवाहका लागि खरिद भएको मेसिन उपकरणहरू चालु हालतमा राखी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ। प्रादेशिक अस्पताल, भद्रपुरले रु.३२ लाख १२ हजारको ई.सी.जी. तथा भेन्टिलेटरसहित २२ थान तथा जिल्ला अस्पताल ताप्लेजुङ्गले रु.२८ लाखमा खरिद

गरेको ए.बी.जी. मेशिन १, भेन्टिलेटर २ र पोर्टेबल एक्सरे मेशिन १ आइ.सी.यु. नभएको कारण प्रयोगविहीन अवस्थामा रहेको छ। खरिद भएका स्वास्थ्य उपकरण प्रयोगमा ल्याई सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

१४. **स्वास्थ्य बिमा** - स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम २१ मा सेवा प्रदायकले ऐन बमोजिम रकम भुक्तानी दाबी गर्दा बिमा व्यवस्थापन सूचना प्रणालीमार्फत दाबी प्रविष्ट गरी भुक्तानी लिनुपर्ने व्यवस्था छ। बिमा सेवा प्रदायक संस्थाले रकम भुक्तानी दिई सो को सोधभर्ना दिने व्यवस्था अनुसार जिल्ला अस्पताल धनकुटा, सोलुखुम्बु, संखुवासभा, उदयपुर, इलाम, सुनसरी, प्रादेशिक अस्पताल, भद्रपुर र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, विराटनगरले यो वर्ष रु.५१ करोड ६९ लाख २३ हजार मागदाबी गरेकोमा बिमा बोर्डबाट रु.३८ करोड ७९ लाख ८० हजार सोधभर्ना दिई रु.१२ करोड ८९ लाख ४३ हजार सोधभर्ना हुन बाँकी रहेको छ।

१५. **भाडा बक्यौता** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३० तथा नियमावली, २०७९ को नियम ५९ बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम सम्झौता तथा प्रचलित कानुन अनुसार तोकिएको समयमा प्राप्त नभएमा प्राप्त हुन बाँकी रकमको दश प्रतिशतले जरिवानासमेत दाखिला गर्न लगाउन सक्ने व्यवस्था छ। इलाम जिल्ला अस्पताल, प्रदेशिक अस्पताल, भद्रपुर र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर, मोरङ्गले भाडामा दिएको सरकारी सम्पत्तिको भाडाबापत यस वर्षको रु.१९ लाख ८१ हजार असुल गर्न बाँकी देखिएको छ। उक्त रकम जरिवानासहित असुल गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा न्यून भौतिक तथा वित्तीय प्रगति रहेको, सञ्चालित कार्यक्रममा पर्याप्त अनुगमन नभएको, जवाफदेहिदाताको पालना नभएको, खरिद कानुन अनुसारको खरिद कार्य नभएको, सञ्चालित कार्यक्रमको समीक्षा नभएको, प्रयोगविहीन उपकरण सञ्चालन गरी सेवा प्रवाहलाई प्रभावकारी नबनाएको, स्वास्थ्य बिमाको सोधभर्ना नभएको, बेरुजु लगत र आन्तरिक नियन्त्रण प्रणाली नबनाएको, समायोजन ग्रेड बढी भुक्तानी दिएको लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छः
  - सरकारी कार्यालयतर्फ २१ निकायको यो वर्ष रु.६ करोड ६७ लाख ५३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८ लाख ३७ हजार फर्स्यौट भई रु.६ करोड ५९ लाख १६ हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रु.७५ हजार म्याद नाघेको पेस्की रहेको छ। यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ।
  - सङ्गठित संस्था एवम् समितितर्फ १४ निकायमा यो वर्ष रु.९ करोड ९१ लाख ३४ हजार बेरुजु देखिएकोमा रु.२३ लाख ७६ हजार फर्स्यौट भई रु.९ करोड ६७ लाख ५८ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१० मा संलग्न छ।

# प्रदेश योजना आयोग

प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) (तेस्रो संशोधन) आदेश, २०७८ बमोजिम प्रदेशको तीव्र आर्थिक प्रगति तथा सन्तुलित र दिगो विकासका लागि दूरगामी सोचसहितको विकास योजना तर्जुमा र त्यसको कार्यान्वयनमा सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गरी प्रदेश सरकारलाई प्रदेशको विकास योजना तथा नीति तर्जुमामा सल्लाह र सुझाव दिने विशिष्टीकृत निकायको रूपमा यस आयोगको स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क -** आयोगको निम्नानुसार रु.२ करोड २१ लाख ७८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य | जम्मा |
|---|---|---|---|---|
| २१८३३ | ३२९ | १६ | - | २२१७८ |

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक संकेत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २११०० पारिश्रमिक / सुविधा | १९२२५ | १९२३० | ८९६८ | ४६.६४ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ६३ | ६३ | ४० | ६३.४९ |
| २२१०० सेवा महसुल | १२४५ | १२४५ | ६०३ | ४८.४३ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन र | ३८३० | ३८३० | २५२० | ६५.८० |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | २०५२ | २०५२ | ८२६ | ४०.२५ |
| २२४०० सेवा तथा परामर्श खर्च | ३७२१ | ३७२१ | ३१३० | ८४.१२ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ७०७१ | ७०७१ | १५५७ | २२.०२ |
| २२६०० अनुगमनमूल्याङ्कन र भ्रमण खर्च | २५०१ | २५०१ | ५३५ | २१.३९ |
| २२७०० विविध खर्च | २७१२ | २७१२ | १२३४ | ४५.५० |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | १२६० | १३८५ | १२१९ | ८८.०१ |
| **चालुतर्फ जम्मा** | **४३६८०** | **४३८१०** | **२०६३२** | **४७.०९** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १५०० | १५०० | १२०१ | ८०.०७ |
| **पुँजीगततर्फ जम्मा** | **१५००** | **१५००** | **१२०१** | **८०.०७** |
| **कुल जम्मा** | **४५१८०** | **४५३१०** | **२१८३३** | **४८.१९** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ४७.०९ प्रतिशत, पुँजीगततर्फ ८०.०७ प्रतिशत र समग्रमा ४८.१९ प्रतिशत खर्च भएको देखिन्छ।

३. **दिगो विकास लक्ष्य** -दिगो विकासका विश्वव्यापी १७ लक्ष्यमध्ये नेपालले अङ्गीकार गरेका लक्ष्य (लक्ष्य नं. १४ बाहेक) १६, गन्तव्य १६९ मध्ये १५९ र सूचक २३७ मा २५७ थपसमेत ४९४ सूचकलाई योजना तथा कार्यक्रममा आन्तरिकीकरण गरी सन् २०३० सम्म पूरा गर्ने कार्यसूचीमा उल्लेख छ। प्रदेशको प्रथम आवधिक योजना कार्यान्वयनको समीक्षा प्रतिवेदन अनुसार योजनाका ६६ गन्तव्य सूचकमध्ये दिगो विकास लक्ष्यसँग सम्बन्धित तथ्याङ्क उपलब्ध भएका क्षेत्रहरूमध्ये वन, उर्जा, पारदर्शिता,

प्रजनन् दर, प्रति व्यक्ति आय, अपेक्षित आयु, बहुआयामिक गरिबी र विद्युत पहुँच प्राप्त परिवार सम्बन्धी सूचकहरूमा सकारात्मक परिवर्तन रहेको उल्लेख छ।

समीक्षा प्रतिवेदनले तीन वर्षको बजेट विनियोजनको प्रवृतिलाई हेर्दा १६ लक्ष्यमध्ये ७ लक्ष्य प्राप्तिउन्मुख रहेका, ६ लक्ष्य प्राप्तिका लागि विद्यमान लगानी प्रवृतिमा सुधार गरी थप लगानी गर्नुपर्ने देखिन्छ। बाँकी रहेका ३ लक्ष्यको सन्दर्भमा भने नीति निर्माण र संरचना व्यवस्थापन सहितका विशेष कार्यक्रमहरू र सोको लागि लगानीको सुनिश्चितता अनिवार्य रहेको समीक्षा प्रतिवेदनमा उल्लेख छ। प्रदेश सरकारको बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दिगो विकास लक्ष्यलाई हासिल गर्न विद्यमान लगानी ढाँचा र कार्ययोजनामा थप सुधार गर्नुपर्दछ।

४. **मध्यमकालीन खर्च संरचना** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा मध्यमकालीन खर्च संरचना तर्जुमा गरी पेस गर्नुपर्ने व्यवस्था छ। मध्यमकालीन खर्च संरचना (२०८०।८१-२०८२।८३) बमोजिम प्रदेश सरकारको २०८०।८१ को खर्च प्रक्षेपण र वास्तविक बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छः

(रु.लाखमा)

| मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण | | | | | बजेट विनियोजन | | | | | प्रक्षेपणको तुलनामा बढी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | स्थानीय तह अनुदान | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | स्थानीय तह अनुदान | |
| ३६२४३६ | १४३९६३ | १८२३४३ | १०० | ३६०३० | ३६८१९१ | १२१०८९ | २०८७५५ | १०० | ३८२४७ | ५७५५ |

प्रदेश सरकारको लागि यो वर्ष मध्यमकालीन खर्च संरचनाले तय गरेको प्रक्षेपण भन्दा समष्टिगत रुपमा रु.५७ लाख ५५ हजार बढी बजेट विनियोजन गरेको छ।

मध्यमकालीन खर्च संरचना तयार गर्दा स्रोत साधनको आकलन गरी प्राथमिकताको क्षेत्रमा मध्यमकालीन अवधिको लागि स्रोतको बाँडफाँटसहित अनुमान गर्नुपर्ने, उपलब्धि सहित विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमानलाई मध्यनजर गरी बजेटको प्रक्षेपण गर्ने तथा मध्यमकालीन संरचनाको आधारमा बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउँदै बजेटलाई प्रदेश सरकारको दीर्घकालीन सोच, दिगो विकास लक्ष्य हासिल गर्न सरकारका नीति, कार्यक्रम र बजेटलाई उल्लिखित संरचनासँग आबद्धता गर्नुपर्दछ।

५. **आवधिक योजना** - प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) कार्यान्वयनमा आएको अन्तिम वर्षमा अधिकांश सूचकमा अपेक्षाकृत उपलब्धि हासिल भएको छैन। आयोगबाट प्राप्त विवरणअनुसार लक्ष्य निर्धारण गरिएका मुख्य सूचकाङ्क तथा उपलब्धिको स्थिति निम्नानुसार छः

| क्र.सं. | सूचक | एकाई | आधार वर्ष (२०७५।७६) | २०८०।८१ को लक्ष्य | २०८०।८१ प्रगति |
|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | ४.५ | ९.७ | ३.५१ |
| २ | कुल गार्हस्थ उत्पादन उत्पादकको मूल्यमा | रु. करोड | ५०५८४ | ८०३५६ | ९०३०५ |
| ३ | कृषि क्षेत्रको औसत वृद्धिदर | प्रतिशत | ३.७ | ५.६ | २.४५ |
| ४ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | ९३४ | १६२० | १३३६ |
| ५ | गरिबीको रेखामुनी रहेको जनसंख्या | प्रतिशत | १२.४ | ११ | १७.२० |
| ६ | आम्दानीको माथिल्लो १० प्रतिशत र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात | अनुपात | १.०१ | १.३३ | १.३३ |

| क्र.सं. | सूचक | एकाई | आधार वर्ष (२०७५।७६) | २०८०।८१ को लक्ष्य | २०८०।८१ प्रगति |
|---|---|---|---|---|---|
| ७ | सम्पत्तिमा आधारित गिनी गुणक | सूचकाङ्क | ०.३५ | ०.३२ | ०.२९ |
| ८ | अपेक्षित आयु | वर्ष | ७०.७ | ७३.१ | ७०.६ |
| ९ | पाँचवर्ष मुनिका बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | संख्या | ३६ | २२ | ३१ |
| १० | साक्षरता दर | प्रतिशत | ७९.१ | ९९.० | ८१.२ |
| ११ | लैङ्गिक विकास | सूचकाङ्क | ०.९२५ | ०.९६३ | ०.९० |
| १२ | मानव विकास | सूचकाङ्क | ०.५०४ | ०.६० | ०.५९ |
| १३ | भ्रष्टाचार न्यनीकरण अनुभूति सूचकाङ्क | सूचकाङ्क | ३१ | ४१ | ४० |
| १४ | विधिको शासन | सूचकाङ्क | ०.५३ | ०.५८ | ०.६० |
| १५ | कुल कालोपत्रे सडक | कि.मि. | १५४४ | ५००० | ५२८ |
| १६ | सिँचाइयोग्य भूमिमा सिँचाइ सुविधा | प्रतिशत | ५३ | ८० | ४० |
| १७ | विद्युत पँहुच प्राप्त परिवार | प्रतिशत | ९१.४ | ९९.५ | ९५.५ |

प्रदेशको समग्र आर्थिक वृद्धिदर र कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर क्रमश: ९.७ प्रतिशत र ५.६ प्रतिशत हासिल गर्ने लक्ष्य रहेकोमा क्रमश: ३.५१ प्रतिशत र २.४५ प्रतिशत रहेको छ। गरिबीको रेखामुनिको जनसंख्या ११ प्रतिशतमा झार्ने लक्ष्य रहेकोमा १७.२० प्रतिशत, प्रतिव्यक्ति आय १ हजार ६२० अमेरिकी डलर पुऱ्याउने लक्ष्य राखेकोमा १ हजार ३३६ अमेरिकी डलर रहेको छ। प्रथम आवधिक योजनाले प्रदेशमा कालोपत्रे सडक ५ हजार किलोमिटर निर्माण गर्ने लक्ष्य राखेकोमा ५२८ किलोमिटर र सिँचाईयोग्य भूमिमा सिँचाइ सुविधा ८० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ४० प्रतिशत उपलब्धि हासिल भएको छ। आवधिक योजनाले निर्धारण गरेका लक्ष्यहरू हासिल गर्नुपर्दछ।

६. **आयोजना बैङ्क** - प्रदेश आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८० अनुसार आयोजना बैङ्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य प्रदेश योजना आयोगले गर्ने र कार्यविधि लागु हुनु अघि छनोट भएका निर्माणाधीन एवम् क्रमागत सबै आयोजनालाई २०८० पौष मसान्तभित्र प्रदेश आयोजना बैङ्क सूचना प्रणालीमा प्रविष्टि गरिसक्नुपर्ने उल्लेख भएकोमा लेखापरीक्षण अवधिसम्ममा ६५९ आयोजना मात्र आयोजना बैङ्कमा प्रविष्ट गरेको छ। प्रदेशमा आयोजना बैङ्कको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ।

७. **वार्षिक प्रतिवेदन**- प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा २३ मा आयोगले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेस गर्नुपर्ने र उक्त प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले वर्षभरिमा गरेका प्रमुख काम कारवाही र त्यसबाट हासिल भएका उपलब्धि, प्रदेशको आर्थिक विकासका अवसर तथा सम्भावना र विकासका प्राथमिकता लगायतका विषय समावेश गरी र वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्ने उल्लेख छ। उक्त व्यवस्था बमोजिम आयोगले प्रतिवेदन तयार गरी प्रदेश सरकार समक्ष पेस गरेको छैन। कानुनबमोजिम उक्त प्रतिवेदन तयार गरी पेस गर्नुपर्दछ।

८. **अनुगमन तथा मूल्याङ्कन** - प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ६(ख) मा प्रदेश विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन, प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। आयोगले प्रदेश स्तरीय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०८० र उपरोक्त व्यवस्था बमोजिम अनुगमन गरेका आयोजनाको सुझाव सहितको प्रतिवेदन

तयार गरेको देखिएन। कार्यान्वयन र प्रभाव समेतको अनुगमन तथा मूल्याङ्कन गरी कार्यक्रम तथा आयोजनाको प्रभावकारीता वृद्धि गर्नुपर्दछ।

९. **अध्ययन, अनुसन्धान र अन्वेषण** - प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ६(घ) मा प्रदेशस्तरको कुनै नीतिको सान्दर्भिकता वा विकास योजनाका विभिन्न पक्षको विषयमा स्वतन्त्र विज्ञ व्यक्ति, निकाय वा संस्थाबाट शोध तथा अनुसन्धान गर्ने, गराउने र तत्सम्बन्धी प्रणालीको विकास गर्ने लगायतका विषयमा अध्ययन अनुसन्धान तथा अन्वेषण गर्ने उल्लेख छ। आयोगमा उपाध्यक्षसमेत ५ सदस्य, १ प्रदेश सचिव, २ उपसचिव तथा २ शाखा अधिकृत लगायत पदको दरबन्दी रहेकोमा यो वर्ष दोस्रो आवधिक योजना तयारीको क्रममा आवश्यक अध्ययन गरेको बाहेक अन्य क्षेत्रमा थप अध्ययन, अनुसन्धान तथा अन्वेषण गरेको देखिएन। उपरोक्त अनुसारको अध्ययन अनुसन्धान गर्नुपर्दछ।

१०. **प्रदेश विकास परिषद्** - प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ को दफा ७ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन तथा आवधिक विकास योजनामा मार्गदर्शन गर्नको लागि प्रदेश विकास परिषद् रहने व्यवस्था छ। परिषद्को बैठकमा आयोगले तयार गरेको प्रदेश नीति तथा योजना छलफल भएपछि परिषद्को निर्देशन अनुसार प्रदेश सरकारको स्वीकृतिको लागि पेस गर्नुपर्ने व्यवस्था रहेकोमा २०८१।२।२९ मा बैठक सञ्चालन गरी प्रदेशको दोस्रो आवधिक योजना (२०८१।०८२-२०८५।०८६) को मस्यौदा छलफल भई परिषद् सदस्यबाट प्राप्त सुझाव र निर्देशन समावेश गरी प्रदेश सरकारको स्वीकृतिको लागि पेस गर्ने निर्णय गरेको छ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, समायोजन ग्रेड बढी भुक्तानी गरेको, आवधिक योजना अनुसारको वार्षिक विकास कार्यक्रम तर्जुमा नभएको लगायतका बेहोरा औंल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - आयोगको यो वर्ष रु.२ लाख २१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौट नगरेकोले रु.२ लाख २१ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ।

# प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ बमोजिम २०७६।१०।९ मा प्रदेश लोक सेवा आयोगको गठन भएको हो। आयोगले प्रदेश लोकसेवा आयोग ऐन, २०७६ अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय सरकारी सेवाको पदपूर्तिको लागि उम्मेदबारको छनोट तथा सिफारिस गर्दछ।

१. **लेखापरीक्षण अङ्क -** आयोगको निम्नानुसार रु.११ करोड ४६ लाख ८३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| वियोजन खर्च | राजस्व | धरौटी | अन्य | जम्मा |
|---|---|---|---|---|
| ८३८४४ | ३०२९० | ५४९ | ० | ११४६८३ |

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक संकेत तथा वर्गीकरण बजेट तथा खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | कायम बजेट | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २१००० पारिश्रमिक / सुविधा | २४३०१ | २४३०१ | १९७९८ | ८१.४७ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | १४० | १४० | ९२ | ६५.७१ |
| २२१०० सेवा महसुल | १५६० | १५६० | ११३९ | ७२.९९ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ३७८१ | ४१८१ | ३९७१ | ९४.९९ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | ६७७० | ६७७० | ६४६५ | ९५.५० |
| २२४०० सेवा तथा परामर्श खर्च | ४९२४ | ५५६४ | ४८९८ | ८८.०४ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ३५१६६ | ३९६६६ | ३८९६८ | ९८.२४ |
| २२६१० अनुगमन,मूल्याङ्कन र भ्रमण | १४१६ | १४१६ | ८०५ | ५६.८९ |
| २२७०० विविध खर्च | २४५४ | १९१४ | १२२६ | ६४.०७ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | ३४०८ | ३४०८ | २७९७ | ८२.०७ |
| **चालुतर्फ जम्मा** | **८३९२०** | **८८९२०** | **८०१५९** | **९०.१५** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ४१०० | ४१०० | ३६८५ | ८९.८७ |
| **पुँजीगततर्फ जम्मा** | **४१००** | **४१००** | **३६८५** | **८९.८७** |
| **कुल जम्मा** | **८८०२०** | **९३०२०** | **८३८४४** | **९०.१४** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ९०.१५ प्रतिशत, पुँजीगततर्फ ८९.८७ प्रतिशत र समग्रमा ९०.१४ प्रतिशत खर्च भएको देखिन्छ।

३. **विज्ञापन तथा सिफारिस -** आयोगबाट यस वर्ष प्रदेश निजामती सेवातर्फ विभिन्न सेवा, समूह र तहको ४६४ पदका लागि ३ विज्ञापन तथा ४ बढुवा सूचना प्रकाशन भएको छ। यस वर्ष आयोगले ३८ हजार ५२९ उम्मेदवारको लिखित र मौखिक परीक्षा सञ्चालन गरी १ हजार ९० उम्मेदवारलाई नियुक्तिका लागि सिफारिस गरेको छ।

४. **परामर्श -** प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा १० बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको पदका कर्मचारीको सेवा सर्तको विषयमा सम्बन्धित निकायबाट माग भए अनुसार परामर्श उपलब्ध गराउनुपर्ने व्यवस्था भएकोमा आयोगले यस वर्ष प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको गठन,सञ्चालन र सेवाका सर्त सम्बन्धी विभागीय सजाय लगायतका विषयमा १३७ स्थानीय तहलाई परामर्श उपलब्ध गराएको देखिन्छ।

५. **पाठ्यक्रम निर्माण -** प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम निर्धारण गरिएको पद तथा तह अनुसार विगतमा तयार भएका पाठ्यक्रमहरू समेत अद्यावधिक गरी २०८०।८१ सम्म आयोगले प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवातर्फका ५४ पाठ्यक्रम निर्माण गरेको छ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन -** गत वर्षको प्रतिवेदनमा तलबी प्रतिवेदन पारित नभएको, समायोजन ग्रेड बढी भुक्तानी भएको लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - आयोगको यो वर्ष रु ५ लाख २५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्यासम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने उद्देश्यले यो कार्यालयको स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क** - कार्यालयको निम्नानुसार रु.१ करोड ९३ लाख ८४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य | जम्मा |
|---|---|---|---|---|
| १९२७१ | १०९ | ४ | ० | १९३८४ |

२. **बजेट तथा खर्च -** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक संकेत तथा वर्गीकरण बजेट तथा खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | कायम बजेट | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| २११०० पारिश्रमिक / सुविधा | ९६७३ | ९५७३ | ६०१९ | ६२.८८ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ५० | ५० | २२ | ४३.६० |
| २२१०० सेवा महसुल | ५९० | ५९० | ३७१ | ६२.८८ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | २०३७ | २२४३ | २१६८ | ९६.६३ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | १०२५ | १०२५ | १०२१ | ९९.६० |
| २२४०० सेवा तथा परामर्श खर्च | ३७१० | ३३१० | २८३६ | ८५.६७ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ३१३२ | ३२०० | २९६१ | ९२.५४ |
| २२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च | १२८५ | १६१७ | १६१४ | ९९.८३ |
| २२७०० विविध खर्च | १०५० | १०५० | ८१४ | ७७.५५ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | ९४८ | ९४८ | ९४८ | १००.०० |
| **चालुतर्फ जम्मा** | **२३५००** | **२३६०६** | **१८७७४** | **७९.५३** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ५०० | ५०० | ४९७ | ९९.४० |
| **पुँजीगततर्फ जम्मा** | **५००** | **५००** | **४९७** | **९९.४०** |
| **कुल जम्मा** | **२४०००** | **२४१०६** | **१९२७१** | **७९.९४** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ७९.५३ प्रतिशत, पुँजीगततर्फ ९९.४० प्रतिशत र समग्रमा ७९.९४ प्रतिशत खर्च भएको देखिन्छ।

३. **बहस, पैरवी र कानुनी राय** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य, अधिकार र सेवाका अन्य सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४(१) मा प्रदेश सरकार वादी वा प्रतिवादी भएको मुद्दामा प्रदेश सरकारकोतर्फबाट उपस्थित भई बहस गर्ने व्यवस्था रहेको छ। कार्यालयको अभिलेख अनुसार प्रदेश सरकारका विरुद्ध विभिन्न निकायलाई विपक्ष बनाइ दायर मुद्दा जिम्मेवारी सरी आएको १०७ र यस वर्ष दर्ता भएको १०१ मुद्दासमेत २०८ मुद्दा रहेकोमा कार्यालयको तर्फबाट बहस पैरवी भई १०४ मुद्दा फैसला भएको र १०४ मुद्दा बाँकी रहेको छ। कार्यालयले यस वर्ष राय तथा परामर्श दिएको देखिएन।

४. **कानुन निर्माणमा राय** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका सर्त सम्बन्धी ऐन, २०७५ को दफा ४(१) (घ) बमोजिम प्रदेशको कार्यक्षेत्रमा पर्ने कानुन बनाउन र संशोधन गर्न कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कानुनमा सुधार गर्नुपर्ने क्षेत्र पहिचान गरी प्रदेश सरकार समक्ष सिफारिस गरेको देखिएन। कानुनमा सुधार गर्नुपर्ने क्षेत्रको पहिचान गरी कार्यालयले तोकिएको कार्यसम्पादन पुरा गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत वर्षको प्रतिवेदनमा ऐनमा तोकिएको समयमा वार्षिक प्रतिवेदन पेस नभएको, आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, तलबी प्रतिवेदन पारित नभएको, समायोजन ग्रेड बढी भुक्तानी गरेको लगायतका बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - कार्यालयको गत वर्ष रु.७३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा फर्स्यौंट भएको छैन। यससम्बन्धी विवरण **अनुसूची-९** मा संलग्न छ।

खण्ड

२

# स्थानीय तह

# स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा व्यवस्था भएका स्थानीय तहका एकल अधिकार एवम् अनुसूची-९ मा भएको साझा अधिकारले परिलक्षित गरेका कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवम् परिचालन गरी स्थानीय तहमा सेवा प्रवाह भइरहेको छ। जनताको सबैभन्दा नजिकको सरकारको रूपमा स्थानीय तहको गठन भई संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित हुने र धारा २२१ मा व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगर सभामा रहने व्यवस्था छ। त्यस्तै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन गर्ने उद्धेश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको एकल अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। संघ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषयको कानुन बनाई स्थानीय तहलाई निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५(२) मा गाउँपालिकामा ५ देखि २१ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको संख्या, सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा १ महानगरपालिका, २ उप-महानगरपालिका, ४६ नगरपालिका र ८८ गाउँपालिकासमेत यो प्रदेशमा १३७ स्थानीय तह रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ५२ नमुना कानुन उपलब्ध गराएको देखिन्छ। स्थानीय तहले स्रोत सङ्कलन, विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानुन बनाएका छैनन्। कार्यसम्पादन र नतिजा

प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने बेहोरा विगतका प्रतिवेदनमा औँल्याइएकोमा अपेक्षित सुधार हुन सकेको छैन।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाअनुसार आर्थिक कारोवार सञ्चालन भएको छ। स्थानीय तहहरूमा आर्थिक कार्यविधि व्यवस्थित गर्ने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानुन बनाउन बाँकी रहेको छ। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानुन बनाई लागु गर्नुपर्दछ।

६. **समग्र आय व्यय** - यो वर्ष १३७ स्थानीय तह र मेचीनगर नगरपालिकाको २०७९।८० को बक्यौता समेतको लेखापरीक्षण गर्दा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१० अर्ब ७३ करोड ४० लाख ५० हजार र बक्यौता समेत यो वर्षको आय रु.१ खर्ब ९३ करोड ७४ लाख ८२ हजारमध्ये रु.१ खर्ब १ अर्ब ५० करोड १८ लाख ८५ हजार खर्च भएको छ। कुल खर्चमध्ये चालुखर्च रु.५४ अर्ब ७९ करोड ४७ लाख ३६ हजार, पुँजीगत खर्च रु.२४ अर्ब ९१ करोड ७५ लाख ९७ हजार र अन्य खर्च रु.२१ अर्ब ७८ करोड ९५ लाख ५२ हजार भई रु.१० अर्ब १६ करोड ९६ लाख ४७ हजार आगामी वर्षको लागि जिम्मेवारी सरेको छ।

(रु.हजारमा)

| विवरण | संख्या | सुरु मौज्दात | संघीयबाट अनुदान | प्रदेशबाट अनुदान | राजस्व बाँडफाँड | आन्तरिक आय | अन्य आय | कुल आय | चालु खर्च | पुँजीगत खर्च | अन्य खर्च | कुल खर्च | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महानगरपालिका | १ | ४६८१९२ | १०६०५१२ | ५२१९६ | ४३८१७७ | ६००६४५ | ९५७४०८ | ३१०८९३८ | १३७३०१६ | १०८८२३८ | ८७७४२९ | ३३३८६८३ | २३८४४७ |
| उपमहानगरपालिका | २ | २८४३४८ | १८३९९०९ | ९८०७९ | ६७६२६५ | ५९८५५३ | १४४९९१४ | ४६६२७२० | १७५६५८१ | १२१२४५४ | १५८०४२४ | ४५४९४५९ | ३९७६०९ |
| नगरपालिका | ४६ | ४४४१४३८ | २४४८९९६४ | १५०४१३० | ६०४८४६८ | २७०२६६९ | १०१९६७९४ | ४४९४२०२५ | २३५४६५०९ | १०७३४२८४ | १०४०८४९५ | ४४६८९२८८ | ४६९४१७५ |
| गाउँपालिका | ८८ | ५२७२६१३ | २८५१८३६७ | १८५२१४६ | ७०२०४४५ | १०५५०७० | ७९८४४०९ | ४६४३०४३७ | २६७२९८८९ | ११३५३७९५ | ८९२१४४७ | ४७००५१३२ | ४६९७९१८ |
| **जम्मा** | **१३७** | **१०४६६५९१** | **५५९०८७५२** | **३५०६५५१** | **१४१८३३५५** | **४९५६९३७** | **२०५८८५२५** | **९९१४४१२०** | **५३४०५९९५** | **२४३८८७७१** | **२१७८७७९५** | **९९५८२५६२** | **१००२८१४९** |
| नगरपालिका(बक्यौता २०७९।८०) | १ | २६७४५९ | १४३६२९८ | ३६७१५ | १९९३२७ | १०२८१४ | १८२०८ | १७९३३६२ | १३८८७४१ | ५२८८२६ | १७५७ | १९१९३२३ | १४१४९८ |
| **कुल जम्मा** | | **१०७३४०५०** | **५७३४५०५०** | **३५४३२६६** | **१४३८२६८२** | **५०५९७५१** | **२०६०६७३३** | **१००९३७४८२** | **५४७९४७३६** | **२४९१७५९७** | **२१७८९५५२** | **१०१५०१८८५** | **१०१६९६४७** |

उपर्युक्त सङ्घीय र प्रदेश अनुदान रकममा अन्तर-सरकारी वित्तीय हस्तान्तरणको रकमसमेत समावेश छ। यस सम्बन्धी विवरण अनुसूची-१४ मा संलग्न छ।

६.१. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्कसम्बन्धी व्यवस्था छ । यो वर्ष लेखापरीक्षण भएका १३७ स्थानीय तह र मेचीनगर नगरपालिकाको २०७९।८० को समेत कुल आन्तरिक आय रु.५ अर्ब ५ करोड ९७ लाख ५१ हजार र चालु खर्च रु.५४ अर्ब ७९ करोड ४७ लाख ३६ हजार रहेको छ। स्थानीय तहको आन्तरिक आय चालु खर्चको ९.२३ प्रतिशत मात्र रहेको छ। पालिकाहरूको चालु खर्चको तुलनामा पुँजीगत खर्च न्यून देखिएको छ। कतिपय पालिकाले आन्तरिक राजस्व तथा राजस्व बाँडफाँटबाट प्राप्त रकमको अतिरिक्त अनुदानको रकम समेत प्रशासनिक खर्चमा उपयोग गरेको अवस्था छ। स्थानीय तहको राजस्व क्षमता बढाई संघ तथा प्रदेश सरकारसँगको निर्भरता कम गर्दै लैजानु पर्दछ।

६.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेस तथा पारित गर्ने र दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ। लेखापरीक्षण भएका १३७ स्थानीय तह र बक्यौता १ समेतको कुल खर्च रु.१ खर्ब १ अर्ब ५० करोड १८ लाख ८५ हजारमध्ये चालु खर्च रु.५४ अर्ब ७९ करोड ४७ लाख ३६ हजार(५३.९८ प्रतिशत), पुँजीगत खर्च रु.२४ अर्ब ९१ करोड ७५ लाख ९७ हजार(२४.५५ प्रतिशत) र अन्य खर्च रु.२१ अर्ब ७८ करोड ९५ लाख ५२ हजार (२१.४७ प्रतिशत) खर्च भएको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने

रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने प्रावधानको पालना हुन सकेको छैन।

७. **वित्तीय हस्तान्तरण -** महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष सङ्घीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ।

(रकम रु. हजारमा)

| अनुदानको किसिम | स्वीकृत बजेट रु | | | यथार्थ हस्तान्तरण रु | | |
|---|---|---|---|---|---|---|
| | संघ | प्रदेश | जम्मा | संघ | प्रदेश | जम्मा |
| समानीकरण | १५९४७५०० | १०००००० | १६९४७५०० | १४८२९३६३ | ९९९९७२ | १५८२९३३५ |
| सशर्त | ३७०५९३६६ | १४०७५४२ | ३८४६६९०८ | ३३०७७८१८ | १२६१०७७ | ३४३३८८९५ |
| विशेष | १५३६३०० | ० | १५३६३०० | १२२०७३६ | ० | १२२०७३६ |
| समपूरक | १३८१६०० | १४२०१२६ | २८०१७२६ | १०९२१२९ | १०४१७६९ | २१३३८९८ |
| **जम्मा** | **५५९२४७६६** | **३८२७६६८** | **५९७५२४३४** | **५०२२००४६** | **३३०२८१८** | **५३५२२८६४** |

स्थानीय तहका लागि स्वीकृत वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ८९.८० प्रतिशत तथा प्रदेश सरकारबाट ८६.२९ प्रतिशत हस्तान्तरण भएको छ।

८. **प्रदेश र स्थानीय तहबिचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। सबै प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको, खर्च नभई बाँकी रहेको अनुदान समयमा फिर्ता नगरेको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

९. **लेखापरीक्षणमा बेरुजु अङ्क -** यो वर्ष १३७ स्थानीय तह र मेचीनगर नगरपालिकाको २०७९।८० को बक्यौता लेखापरीक्षणसमेत सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक १० हजार ४ सय २३ दफा र लगती १६ हजार १ सय ७४ दफाबाट रु.५ अर्ब ९ करोड ८० लाख ४० हजार बेरुजु औंल्याइएकोमा स्थानीय तहहरूबाट प्राप्त प्रतिकृयाबाट रु.६९ करोड ५४ लाख ७९ हजार बेरुजु फर्स्यौंट भई प्रतिक्रियाबाट थप भएको रु.२ करोड ४९ लाख ९४ हजारसमेत रु.४ अर्ब ४२ करोड ७५ लाख ५६ हजार बेरुजु बाँकी रहेको छ। बाँकी बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

| वर्गीकरण | बेरुजु अङ्क रु | कुल बेरुजुको प्रतिशत |
|---|---|---|
| **१. असुल गर्नुपर्ने** | **५६८९१९** | **१२.८५** |
| **२. नियमित गर्नुपर्ने** | **३५८७२०७** | **८१.०२** |
| २.१ अनियमित भएको | १९७६७१० | ४४.६५ |
| २.२ प्रमाण कागज पेस नभएको | १६०५०१३ | ३६.२५ |
| २.३ सोधभर्ना नलिएको | ५४८४ | ०.१२ |
| **३. पेस्की** | **२७१४३०** | **६.१३** |
| **जम्मा बेरुजु** | **४४२७५५६** | **१००** |

**द्रष्टव्यः** १. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।

लेखापरीक्षण भएका स्थानीय तहमध्ये स्थानीय तहको किसिम अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्न अनुसार रहेको छः

(रु.हजारमा)

| स्थानीय तह | स्थानीय तह संख्या | लेखापरीक्षण रकम | पेस्की समेत बेरुजु | बेरुजुमध्ये पेस्की रकम | लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत | पेस्की बाहेक बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|
| महानगरपालिका | १ | ६४४७६२१ | २०८५७ | ८८९ | ०.३२ | ०.३१ |
| उप-महानगरपालिका | २ | ९२१२१७९ | २३३०८४ | ५०९७६ | २.५३ | १.९८ |
| नगरपालिका | ४६ | ८९६३१३१३ | १८५७८९३ | ९२७९९ | २.०७ | १.९७ |
| गाउँपालिका | ८८ | ९३४३५५६९ | २१८१७९० | ११८९९३ | २.३४ | २.२१ |
| जम्मा | **१३७** | **१९८७२६६८२** | **४२९३६२४** | **२६३६५७** | **२.१६** | २.०३ |
| नगरपालिका बक्यौता (२०७९।८०) | १ | ३७१२६८५ | १३२९३२ | ७७७३ | ३.६१ | ३.४ |
| **कुल जम्मा** | | **२०२४३९३६७** | **४४२७५५६** | **२७१४३०** | **२.१९** | **२.०५** |

१०. **लेखापरीक्षणबाट देखिएका समग्र बेहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अन्तिम प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षणबाट देखिएका मुख्य बेहोरा देहाय अनुसार छन् :

- **कानुन निर्माण तथा परिपालनाः** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमुना कानुन अनुसार केही स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरुपता नरहेको, कानुनको परिपालना नभएको लगायतका बेहोरा देखिएका छन्।
- **वित्तीय विवरण तथा लेखापरीक्षणः** तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारमहरू आंशिक रुपमा मात्र प्रयोगमा ल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तमा स्रेस्तालेदेखाएको मौज्दात र बैङ्क मौज्दात फरक परेकोमा बैङ्क हिसाब मिलान विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरू स्थानीय सञ्चित कोष प्रणालीमा समावेश हुन नसकेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौट गरी समयमा सम्परीक्षण नगराएको स्थिति देखिएको छ।
- **सङ्गठन संरचना तथा मानव संसाधनः** सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति हुन नसकेको, दक्ष र तालिमप्राप्त जनशक्ति व्यवस्थापन नहुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, समयमा पदपूर्तिको लागि लोकसेवा आयोगमा माग नगरेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको लगायतका बेहोरा देखिएका छन्।
- **योजना तर्जुमा बजेट तथा कार्यक्रमः** यो वर्ष ४ स्थानीय तहले तोकिएको अवधिमा बजेट पेस नगरेको, २ स्थानीय तहले तोकिएको अवधिभित्र बजेट पारित नगरेको, केही स्थानीय तहको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, स्थानीय राजस्व परामर्श समिति गठन नभएको, बजेटमा एकमुष्ठ रकम राखी पटके निर्णयका आधारमा खर्च गर्ने गरेको, आयोजना बैंक स्थापना गरी सोही आधारमा योजना प्राथमिकीकरण गरी बजेट विनियोजन गर्ने अभ्यास

नभएको, एकमुष्ट रुपमा कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, राजस्व तथा व्ययको अनुमान यथार्थपरक नभएको, सीमाभन्दा बढी रकमान्तर गरेको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ।

- **खरिद व्यवस्थापनः** आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेस भएका प्रतिवेदनहरू स्वीकृत गरी कार्यान्वयन नगरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, तोकिएको सीमाभन्दा बढी लागत अनुमान भएका कार्य उपभोक्ता समितिबाट गराएको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, मालसामान खरिदमा ओभरहेड भुक्तानी गरेको, भेरिएसन स्वीकृत नगराई खरिद सम्झौतामा उल्लेख भएकोभन्दा बढी परिमाणमा भुक्तानी गरेको, पटक पटक म्याद थप गरेपनि योजना सम्पन्न हुन नसकेको, १२३ स्थानीय तहले विभिन्न वस्तु तथा सेवा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.१ अर्ब ३५ करोड ९१ लाख २३ हजार खर्च लेखेका, सुत्र एवम् सूचकाङ्क फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतका बेहोरा देखिएका छन्।
- **खर्च व्यवस्थापनः** आन्तरिक आयको विश्लेषण तथा कानुनमा व्यवस्था नगरी सुविधा एवम् भत्ता वितरण गरेको, सल्लाहकार र स्वकीय सचिव राखी खर्च गरेको, बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेस्की रकम म्याद भित्र फर्स्यौट नगरेको, विद्यालयका शिक्षकहरूको पारिश्रमिक तथा अन्य रकमहरू बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर अनुदान तथा आर्थिक सहायता वितरण गरेको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन र सहायता तथा अनुदानग्राहीको विवरण सार्वजनिक नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, खर्च नभई बाँकी रहेको अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत बेहोरा देखिएका छन्।
- **अभिलेख तथा अनुगमनः** स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फर्स्यौट हुन बाँकी पेस्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ। लक्षित वर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।
- **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ। कोशी प्रदेशका ५० स्थानीय तहले आन्तरिक लेखापरीक्षण गराएका छैनन्।
- **घटी जिम्मेवारीः** स्थानीय तहहरूले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्ने र सो क्रममा फरक परेमा सोको पुष्ट्याइँ उल्लेख गर्नुपर्दछ।

प्रदेश अन्तर्गत २३ स्थानीय तहले रु. ५ करोड ९८ लाख ९९ हजार घटी जिम्मेवारी सारेकोमा कारण खुलाएका छैनन्।

- **अनुदान प्राप्ति तथा फिर्ताः** संघ तथा प्रदेश सरकारको विनियोजन ऐनमा खर्च नभएको सशर्त, विशेष र समपुरक अनुदानको रकम तोकिएको समयमा सम्बन्धित सरकारको सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा देहायबमोजिमको अनुदानका रकम तोकिएको समयमा फिर्ता भएको देखिएन।
  - संघ सरकारबाट प्राप्त अनुदानमध्ये २१ स्थानीय तहले सर्त विपरीत खर्च गरेको रु.४ करोड ८४ लाख ७६ हजार र साझेदारी अंश नपुग भएको २८ स्थानीय तहको रु.६ करोड ५४ लाख ७९ हजारसमेत रु.११ करोड ३८ लाख ८५ हजार सङ्घीय सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।
  - त्यसैगरी प्रदेश सरकारबाट प्राप्त अनुदानमध्ये १७ स्थानीय तहले सर्त विपरीत खर्च गरेको रु.२ करोड १५ लाख ३६ हजार र साझेदारी अंश नपुग भएको २६ स्थानीय तहको रु.३ करोड ४४ लाख ५९ हजारसमेत रु.५ करोड ५९ लाख ९५ हजार प्रदेश सञ्चित कोषमा फिर्ता गर्न बाँकी देखिएको छ।
- **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दीभित्रका शिक्षकको तलब भत्ताबापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। स्वीकृत दरबन्दीभित्र नपरेका एवं गत विगतदेखि नै विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता बेहोरेका शिक्षकको नाममा ४५ स्थानीय तहले रु.२५ करोड ५३ लाख ६१ हजार तलब भत्ता भुक्तानी गरेको नियमसम्मत देखिएन।
- **बढी निकासाः** स्थानीयतहहरूले शिक्षकहरूको तलबी प्रतिवेदन पारित नगरेको, बढी ग्रेड भुक्तानी गरेको, दोहोरो निकासा दिएको, दरबन्दीभन्दा बढी शिक्षकहरूको तलब निकासा दिएको देखिएको छ। रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च लेख्नुपर्नेमा ३६ स्थानीय तहले पहिले नै निकासा दिएकोमा पुनः दोहोरो निकासा दिएको र दरबन्दीभन्दा बढी शिक्षकको तलबभत्ता निकासा दिई यो वर्ष रु. ६४ लाख १२ हजार बढी निकासा दिएको र ३२ स्थानीय तहले पाठ्यपुस्तकमा रु.३६ लाख ५६ हजार तथा छात्रवृत्तिमा रु ४१ लाख ६४ हजारसमेत रु.१ करोड ४२ लाख ३२ हजार बढी खर्च लेखेका छन्। बढी निकासा दिनेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ।
- **कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाको पालना नगरी यो वर्ष ४९ स्थानीय तहले कर्मचारी कल्याण कोषमा रु.१९ करोड १७ लाख ७ हजार ट्रान्सफर गरेका छन्।
- **प्रोत्साहन सुविधाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ अनुसार स्थानीय सेवाका कर्मचारीको सुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने उल्लेख छ। स्थानीय तहहरूले परिषद्, सभा, बोर्ड, बैठक आदिबाट कर्मचारीले पाइरहेको सुविधाका अतिरिक्त सञ्चार सुविधा, खाजा खर्च, मासिक भत्ता, सभा भत्ता, अतिरिक्त

समय भत्ता, प्रोत्साहन भत्तालगायतका सुविधाबापत खर्च लेखेकोमा मापदण्ड तथा सूचकसमेत बनाएका छैनन्। यो वर्ष ५२ स्थानीय तहले सङ्घीय कानुनले तोकेको पारिश्रमिकका अतिरिक्त प्रोत्साहनबापत रु.१० करोड ४९ लाख २८ हजार भुक्तानी गरेका छन्।

कर्मचारीहरूको सेवा सुविधाका सम्बन्धमा स्थानीय तहले सङ्घीय कानुनसँग बाझिने गरी कर्मचारीहरूलाई प्रोत्साहन भत्ता, इन्धन, सञ्चार लगायतका भत्ता भुक्तानी गरेकोले स्थानीय तहको सेवा सुविधामा समेत विविधता देखिएको छ। यसमा नियन्त्रण हुनुपर्दछ।

- **पदाधिकारी सुविधाः** प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐनमा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले तोकिएबमोजिम मासिक सुविधा पाउने व्यवस्था छ। यो वर्ष ७ स्थानीय तहले कानुनमा व्यवस्था नभएको चाडपर्व खर्च रु.७ लाख ३८ हजार, ७ स्थानीय तहले पोशाक सुविधामा रु.२३ लाख ९० हजार र ऐनमा उल्लेख भएभन्दा फरक हुने गरी १९ स्थानीय तहले रु. ३१ लाख २६ हजार यातायात खर्च, १५ स्थानीय तहले बैठक भत्ता बापत रु. १४ लाख ६० हजार, २६ स्थानीय तहले भ्रमण तथा अनुगमन खर्चबापत रु. २५ लाख १७ हजार, ११६ स्थानीय तहले इन्धन, मोबाइल, सवारीसाधन, अतिथि सत्कारलगायतमा रु.१ करोड २८ लाख ३५ हजारसमेत रु.२ करोड ३० लाख ६६ हजार बढी भुक्तानी दिएका छन्।
- **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गराई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यो वर्ष ३६ स्थानीय तहले जिन्सी निरीक्षण गराएका छैनन्। त्यसैगरी महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा गरेको परिपत्रमा २०७७।९।७ भित्रै सबै कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली अनिवार्य रुपमा लागु गर्नुपर्ने उल्लेख रहेकोमा ३४ स्थानीय तहले उक्त प्रणालीको प्रयोग नगरेको अवस्था देखिएको छ। नियमावलीको उल्लिखित प्रावधान एवं परिपत्र अनुसार सार्वजनिक सम्पत्ति व्यवस्थापन गर्नुपर्दछ।
- **सामान फिर्ताः** कार्यालयबाट भरपाई गरी लिएको जिन्सी तथा नगद सोही कार्यालयमा फिर्ता गर्नुपर्नेमा यो वर्ष ७ स्थानीय तहका प्रमुखसहितका पदाधिकारी, सदस्य र स्थानीय तहमा कार्यरत कर्मचारीहरूले रु.१२ लाख १४ हजारको ३२ थान मोबाइल, ल्यापटपलगायतका मालसामान पालिकामा फिर्ता गरेका छैनन्।

११. **बेरुजु फर्स्यौंट तथा सम्परीक्षण** - लेखापरीक्षण भएका १३७ स्थानीय तहको २०८०।८१ र मेचीनगर नगरपालिकाको २०७९।८० को बक्यौता लेखापरीक्षणसमेतको गत वर्षसम्मको कुल बेरुजु रु. २६ अर्ब ६३ करोड ७२ लाख ९७ हजार रहेकोमा यो वर्ष सम्परीक्षणबाट रु. २ अर्ब ५६ करोड ५६ लाख ८९ हजार फर्स्यौंट तथा सम्परीक्षणबाट रु.३ करोड ४९ लाख १९ हजार थप भई रु.२४ अर्ब १० करोड ६५ लाख २७ हजार बाँकी रहेकोमा यस वर्ष १ बक्यौता र १३७ स्थानीय तहको लेखापरीक्षणबाट थप भएको रु.४ अर्ब ४२ करोड ७५ लाख ५६ हजारसमेत रु. २८ अर्ब ५३ करोड ४० लाख ८३ हजार बेरुजु बाँकी रहेको छ।

११.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुनबमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश

स्थानीय तहहरूले यस सम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फस्यौंट सम्बन्धमा अस्पष्टता रहेको छ।

११.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ। स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फस्यौंटको विधि र प्रक्रियासमेत खुलाई स्पष्ट कानुनी व्यवस्था गरी बेरुजु फस्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

परिच्छेद

# 8



# लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

## परिच्छेद-४

# लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

१. **लेखापरीक्षण प्रतिवेदन** – नेपालको संविधानको धारा २४१ अनुसार यस प्रदेशका सबै सरकारी कार्यालय तथा कानुनद्वारा तोकिएका अन्य कार्यालयको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी १८० निकायमा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षणबाट १११ कार्यालयको सैद्धान्तिक दफा १ हजार ९३० र लगती दफा १ हजार ९२४ बाट रु. ८० करोड ३१ लाख ४४ हजार बेरुजु देखिएकोमा ३८ कार्यालयको प्रमाण तथा प्रतिक्रिया पेस भई सैद्धान्तिक दफा ५ र लगती दफा २५३ को रु.४ करोड १३ लाख २५ हजार फर्स्यौंट भई प्रतिक्रियाबाट रु.३६ लाख १० हजार थपसमेत यो वर्षको रु. ७६ करोड ५४ लाख २९ हजार बेरुजु बाँकी रहेको छ।

समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका २१ निकायको सैद्धान्तिक दफा २६० र लगती ३६१ बाट रु.१० करोड ६४ लाख ५२ हजार बेरुजु देखिएकोमा ३ निकायको सैद्धान्तिक दफा १ र लगती दफा ७६ को रु. ३७ लाख २९ हजार बेरुजु प्रतिक्रियाबाट फर्स्यौंट भई प्रतिक्रियाबाट रु.३७ हजार थपसमेत यो वर्षको रु.१० करोड १७ लाख ६० हजार बेरुजु बाँकी रहेको छ।

२. **बेरुजुको लगत र अभिलेख** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ (१) मा कार्यालयस्तरमा र दफा ३९ (२) मा प्रदेशका मन्त्रालय तथा निकायले आफ्नो र मातहत सबै कार्यालयको बेरुजुको केन्द्रीय लगत राख्नुपर्ने व्यवस्था छ साथै दफा ३९ (४) मा फर्स्यौंट वा फरफारख भएको बेरुजुको लगत अद्यावधिक गरी पछिल्ला अवधिको लेखापरीक्षण हुँदा परीक्षण गराउनुपर्ने व्यवस्था छ। निकायहरूले सोअनुरूप बेरुजुको लगत अद्यावधिक नगरेको तथा सम्बन्धित निकायमा बेरुजुको यथार्थ विवरण नरहेको कारण बेरुजु फर्स्यौट एवं सम्परीक्षणको कार्यमा समेत प्रभाव परेको छ। ऐनको व्यवस्थाबमोजिम बेरुजुको लगत व्यवस्थापन, अभिलेख, फर्स्यौंट तथा सम्परीक्षण कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

३. **सम्परीक्षण** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ मा लेखापरीक्षणबाट औंल्याईएका बेरुजुका सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी गराई वा असुल उपर गरी र लेखा उत्तरदायी अधिकृतबाट जाँचबुझ गराई बेरुजु फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजु फर्स्यौंट गरेपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ। महालेखापरीक्षकको छैटौं प्रतिवेदनसम्म प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको कुल रु.५ अर्ब ५८ करोड ४ लाख ७ हजार बेरुजु रहेकोमा रु.१ अर्ब ४ करोड ८० लाख १३ हजार सम्परीक्षण भई रु.४ अर्ब ५३ करोड २३ लाख ९४ हजार बेरुजु बाँकी रहेको छ। उक्त रकममा चालु वर्षको बेरुजु रु.८६ करोड ८१ लाख ८९ हजार थप भई यो वर्षसम्मको बाँकी बेरुजु रु.५ अर्ब ४० करोड ५ लाख ८३ हजार रहेको छ।

४. **वार्षिक प्रतिवेदन** - महालेखापरीक्षकबाट संविधानको धारा २९४ को उपधारा ३ मा प्रदेश प्रमुख समक्ष पेस भएको प्रदेशको काम कारबाहीको प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५) बमोजिम मुख्यमन्त्रीमार्फत् प्रदेश सभामा पेस हुने व्यवस्था छ। सोअनुसार महालेखापरीक्षकले गत वर्षसम्म प्रदेश प्रमुख समक्ष ६ वटा वार्षिक प्रतिवेदन पेस गरेकोमा पाँचौ र छैटौं प्रतिवेदनका बेहोराउपर प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल सम्पन्न भएको, तेस्रो र चौथो प्रतिवेदनका केही बेहोरामा छलफल सम्पन्न भएको जानकारी प्राप्त भएको छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत भई सम्बन्धित समितिमा छलफल हुने व्यवस्थाले आर्थिक अनुशासन र वित्तीय उत्तरदायित्व प्रवर्धनमा टेवा पुग्ने भएकोले अन्य वार्षिक प्रतिवेदन समेत सार्वजनिक लेखा समितिमा यथासक्य छिटो छलफल गराई टुङ्ग्याउनुपर्दछ ।

५. **निर्णय कार्यान्वयन -** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४२ मा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याईएका बेरुजुको सम्बन्धमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल भई प्रदेश सभामा पेस गरेको सुझाव सो सभाबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने गराउने जिम्मेवारी महालेखापरीक्षक तथा सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सो सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्:

५.१. प्रदेश सभाको सार्वजनिक लेखा समितिको पाँचौं वार्षिक प्रतिवेदन, २०८१ अनुसार प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग, र मुख्य न्यायाधिवक्ताको कार्यालय, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय लगायत १७ निकायको तेस्रो, चौथोको आंशिक र पाँचौं प्रतिवेदनका बेहोरा उपर छलफल तथा निर्णय भएको देखिन्छ।

५.२. सार्वजनिक लेखा समितिबाट महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर छलफल गरी दिएको निर्देशनअनुसार लेखा उत्तरदायी अधिकृतले बेरुजुको लगत कट्टा गर्न अनुरोध गरेको आधारमा प्रदेश सभा सचिवालयतर्फको रु.२ करोड ११ लाख ८४ हजार र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को वैदेशिक अनुदान सोझै भुक्तानीको लेखापरीक्षण नगराएको विभिन्न आर्थिक वर्षको रु.८ करोड ६१ लाख ६ हजारसमेत रु.१० करोड ७२ लाख ९० हजारको लगत कट्टा गरी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई जानकारी पठाईएको छ।

५.३. सार्वजनिक लेखा समितिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर छलफल गरी दिएको निर्देशनमा आन्तरिक नियन्त्रण प्रणाली तीन महिनाभित्र तयार गरी कार्यान्वयन गर्ने, दिगो विकास लक्ष्यको आन्तरिकीकरण र मानव संशाधन प्रक्षेपण कार्यक्रम सञ्चालन गर्ने, सभा र संसदीय समितिबाट सम्पादित कार्यको अभिलेख व्यवस्थित गरी राख्ने, ऐनमा भएको व्यवस्था पालना गरी पदाधिकारीलाई सेवा सुविधा उपलब्ध गराउने, ऐनमा भएको व्यवस्था अनुसार बजेट तथा कार्यक्रमको अनुगमन गर्ने, प्रदेश सरकार र मातहतका निकायले प्रयोग गरिरहेको घरजग्गा लगायत सम्पत्ति प्रदेश सरकार मातहत ल्याउन सङ्घीय सरकारसँग पहल गर्ने, प्रदेशको एकल र साझा अधिकार अन्तरगतका कानुनको पहिचान गरी कानुन निर्माण गर्ने, राजस्व असुलीमा बृद्धि गर्न कानुनी तथा प्रशासनिक क्षेत्रमा सुधार गर्ने, असार १० गतेभन्दा पछि रकमान्तर नगर्ने, प्रदेश योजना बैङ्कमा समावेश योजना, कार्यक्रममा स्वीकृत गरी स्रोत सुनिश्चितता प्रदान गर्ने, स्थानीय तहमा खर्च नभई बचत भएको सशर्त, समपुरक तथा विशेष अनुदान समयमै फिर्ता गराउने, बेरुजुको एकीकृत लगत तयार गर्ने, कार्य विभाजन नियमावलीबमोजिमका मन्त्रालयलाई तोकिएको

कार्यहरू कार्ययोजनासहित सम्पादन गर्ने, पदाधिकारीलाई जिम्मेवार बनाउन कार्यसम्पादन करार गर्ने, जटिल प्रकृतिको कार्य उपभोक्तामार्फत नगराउने, पेस्की लिएर समयमा कार्य नगर्ने निर्माण व्यवसायीको पेस्की असुल गर्ने, जमानतको म्याद थप तथा असुली कार्य समयमा नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउने, प्रर्याप्त पुष्ट्याईंबेगर भेरिएसन नगर्ने र स्पष्ट गर्नुपर्ने संवेदनशील विषयमा मन्त्रालयले जाँचबुझ गरी प्रतिवेदन गर्ने लगायतका निर्देशन सम्बन्धित मन्त्रालयहरूलाई दिएको छ।

उल्लिखित निर्देशनअनुसार सुधार गरी महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरूमा औल्याईएको बेहोरा सम्बन्धित निकायले फर्स्यौंट गर्ने कार्यमा तदारुकता देखिएको छैन। सार्वजनिक लेखा समितिको पाँचौ प्रतिवेदन, २०८१ को कार्यान्वयनमा ध्यान दिई तदारूकताकासाथ बेरुजु फर्स्यौंट तथा सम्परीक्षण कार्य गर्नुपर्दछ।

६. **बेरुजु न्यूनीकरण-** महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ। प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिद लगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ।

परिच्छेद

# ५



## भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद-५

# भविष्यमा गर्नुपर्ने सुधार

प्रदेशमा उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालन र अधिकतम उपयोगद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न आवश्यक नीति तथा कानुन तर्जुमा गरी संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन, र स्रोत साधनको व्यवस्थापन लगायतका कार्यहरू गर्नुपर्दछ। प्रदेश सरकारको विगत वर्षमा स्रोत साधनको प्राप्ति, उपयोग र परिचालनबाट प्राप्त प्रतिफलको लेखापरीक्षण गर्दा सकारात्मक सुधारहरू देखिएका छन्। यसलाई निरन्तरता दिँदै आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गरी प्रदेश सरकारको कार्य सञ्चालनमा देहायअनुसार सुधार हुनुपर्दछः

## शासकीय प्रबन्ध

१. प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका एकल तथा साझा अधिकारसँग सम्बन्धित अत्यावश्यक कानुन तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनु पर्दछ।

२. प्रत्यायोजित अधिकारअन्तर्गत कानुन निर्माण गर्दा सोमा समेटिएका विषय प्रत्यायोजित अधिकारक्षेत्रभित्र रहेको सुनिश्चितता हुनुपर्दछ। यस्ता कानुन बनाउने अधिकारको स्रोत सो कानुनमा उल्लेख गरेको हुनुपर्दछ।

३. सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।

४. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।

५. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।

६. नेपालको संविधानको धारा ५९ को उपधारा ७ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुने उल्लेख भएकोमा प्रदेश र स्थानीय तहले यससम्बन्धी कानुन निर्माण गर्दा सङ्घीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।

७. संविधान र प्रचलित कानुनबमोजिम प्रतिबद्धता जनाइएका अनुदान (समानीकरण) बजेटमा उल्लेख भएबमोजिम निकासा नहुँदा बजेट अभाव भई प्रदेश र स्थानीय तहमा कतिपय खर्चहरू आगामी आर्थिक वर्षमा भुक्तानी गरेको देखिएकोले त्यस्तो अनुदान कटौती नहुने सुनिश्चितता हुनुपर्दछ।

८. मन्त्रालयहरूले नीतिगत कार्यमा मात्र केन्द्रित भई कार्यसञ्चालन स्तरका कार्यहरू मातहत निकायबाट सम्पादन गर्नुपर्दछ।

९. साझा अधिकार क्षेत्र, प्राकृतिक स्रोत बाँडफाँट र नीतिगत सामञ्जस्यता कायम गर्न समन्वय परिषद्लाई थप क्रियाशील बनाउनुपर्दछ।

१०. सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्ष बनाउन सूचना तथा सञ्चार जगतका नवीन प्रविधि अवलम्बन गर्नुपर्दछ।

११. प्रदेश सरकार र मातहतका सङ्गठन संरचना पुनरावलोकन गरी सङ्घ, प्रदेश र स्थानीय साङ्गठनिक संरचना र कार्य जिम्मेवारीमा दोहोरोपना नहुने गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१२. प्रदेश तथा स्थानीय तहलाई सबल र सक्षम बनाउन प्रदेश सरकार तथा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

## सार्वजनिक वित्त व्यवस्थापन

१३. वस्तुगत आधारमा आय प्रक्षेपण गर्न प्रदेश सरकारको राजस्व क्षमताको विश्लेषण, कर तथा गैरकर प्रशासन सम्बन्धी छुट्टै कानुन र प्रदेश राजस्व सुधार कार्ययोजना तयार गरी लागु गर्नुपर्दछ।

१४. बाँडफाँट भई प्राप्त भएको रकममात्र प्रदेश लेखा नियन्त्रक कार्यालयले आम्दानी जनाउने गरेको कारण सङ्कलन भई बाँडफाँट हुन बाँकी राजस्वको लेखाङ्कन तथा प्रतिवेदन हुन सकेको छैन। तीनै तहका सरकारबाट कानुनबमोजिम बाँडफाँट भई प्राप्त हुनुपर्ने सबै रकम प्राप्त भएको सुनिश्चित गर्ने प्रणाली विकास गर्नुपर्दछ।

१५. प्रदेश सरकारको कुल प्राप्तिमा सशर्त, विशेष लगायतका सङ्घीय अनुदान र राजस्व बाँडफाँटको हिस्सा उल्लेखनीय देखिएकोले राजस्वको दायरा फराकिलो बनाई आन्तरिक आय बृद्धिमा जोड दिनुपर्दछ।

१६. बजेट आकारको तुलनामा बहुवर्षीय आयोजनाहरूको दायित्व उल्लेख्य रहेकोले प्रदेशको समष्टिगत आर्थिक परिसूचकहरूको विश्लेषण, स्रोत प्राप्तिको सुनिश्चितता, आवधिक योजनाको लक्ष्य, मध्यमकालीन खर्च संरचना, सिर्जित दायित्व समेतका आधारमा स्रोत सहमति प्रदान गर्नुपर्दछ।

१७. पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षमा भुक्तानी सार्ने गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१८. स्थानीय तहलाई हस्तान्तरण गरिने सबै कार्यक्रम र योजना वार्षिक बजेट तथा कार्यक्रममा समावेश नगरी बजेट स्वीकृतिपश्चात् नयाँ कार्यक्रम थप गरी स्थानीय तहमा ससर्त अनुदान हस्तान्तरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१९. संघ/प्रदेश/स्थानीय तहबिच अनुदान निकासाको सम्बन्धमा अनुदान प्राप्त गर्ने तहमा वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् मात्र फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

२०. निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलब सुविधा बेहोरिने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।

२१. राजस्वबाट चालु खर्च धान्न कठिनाइ भइरहेको सन्दर्भमा उपयुक्त कार्य विवरण बेगरको पद र कार्यक्षेत्र दोहोरो पर्ने गरी स्थापना भएका निकायहरूको आवश्यकता सम्बन्धमा पुनरावलोकन गरिनुपर्दछ।

२२. सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।

२३. अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ।

२४. व्यावसायिक प्रकृतिका संस्थाहरूलाई पुँजीगत कार्यमा खर्च गर्न अनुदान दिँदा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरू विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ। यस्तो अनुदानबाट निर्माण हुने संरचना व्यक्तिगत स्वामित्व रहेको बाहेकमा जग्गा वा सम्पत्तिमा गर्नुपर्दछ।

२५. सार्वजनिक निकायले आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।

२६. लेखापरीक्षण प्रतिवेदनहरू समयमै छलफल भई विषयवस्तुको निरूपण गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।

२७. अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौंट गर्नुपर्दछ।

२८. आवधिक योजना, क्षेत्रगत प्राथमिकता, कार्यान्वयन क्षमता, स्रोत साधनको उपलब्धता, सरकारको नीति तथा कार्यक्रम र प्रतिफल समेत विश्लेषण गरी मध्यमकालीन खर्च संरचना र बजेट तर्जुमा एवम् कार्यान्वयन गर्नुपर्दछ।

२९. छरितो संरचना र चुस्त कार्य प्रणालीको माध्यमबाट चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्नु पर्दछ।

३०. अर्थ विविध वा एकमुष्ठ बजेट विनियोजन गरी पटके निर्णयका आधारमा वर्षान्तमा रकमान्तर गर्ने प्रवृत्ति नियन्त्रण गर्नुपर्दछ।

३१. उपलब्धि मापन गर्न सकिने गरि सूचकका आधारमा उत्पादन र उत्पादकत्व बढाउने क्षेत्रमा पारदर्शी विधि र पद्दतिका आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

३२. प्रदेश सरकारले दिगो विकास एवम् आवधिक योजनाको लक्ष्य हासिल हुनेगरी बजेट कार्यक्रम र कार्यान्वयनमा सामञ्जस्यता कायम गर्नुपर्दछ।

३३. तीनै तहका सरकारबाट वित्तीय प्रबन्ध गरी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण गर्ने व्यवस्था बमोजिम वितरित अनुदान रकमको अनुगमन गरी उपयोग भएको सुनिश्चित गर्नुपर्दछ।

३४. मापदण्ड बमोजिम अनुदान वितरण भए नभएको र वितरित अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धिको अद्यावधिक अवस्था सार्वजनिक गर्नुपर्दछ।

३५. सशर्त, विशेष र समपूरक अनुदानमा प्राप्त भएको अनुदान रकम खर्च हुन नसकी फिर्ता भएको तथा वित्तीय समानीकरण अनुदानमा बढी खर्च भएको स्थितिमा सुधार गर्न प्रदेश सरकारको खर्च, अभिलेखाङ्कन र कार्यसम्पादनमा सुधार गर्नुपर्दछ।

३६. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक निकायबाट वर्षभरी सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम, लागत र प्राप्त उपलब्धि लगायतका विषयहरूको त्रैमासिक प्रगति विवरण प्राप्त गरी निकायगत रुपमा समीक्षा गरी पृष्ठपोषणका आधारमा सुधार गर्ने प्रणाली विकास गर्नुपर्दछ।

३७. सङ्घीय मन्त्रालय र स्थानीय निकायबाट समेत राहत तथा सहयोग वितरण हुने भएकाले अन्तरनिकाय समन्वय गरी राहत तथा आर्थिक सहयोग रकम परिचालन गरिनुपर्दछ।

३८. आर्थिक सहायताका विभिन्न शीर्षकमा रकम विनियोजन गरी समितिको सिफारिस र तोक आदेशमा भुक्तानी गर्ने प्रवृत्ति यथावत रहेकोले यसप्रकारका खर्चमा मितव्ययिता कायम गरी आर्थिक सहायता लिने व्यक्तिको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

## विकास व्यवस्थापन

३९. निर्माण र परामर्श सेवाको लागत अनुमान तयार गर्ने आधार र मापदण्डलाई असल अभ्यास एवं नयाँ प्रविधिको अवलम्बन गरी अद्यावधिक गर्नुपर्दछ।

४०. सार्वजनिक खरिदको लागि प्रारम्भिक चरणमा गर्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय अध्ययन, र निकायगत समन्वय लगायतका कार्य सम्पन्न गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

४१. खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी समयबद्ध खरिद र सार्वजनिक खरिदको मूल्य सार्थकताको लागि प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गर्नुपर्दछ।

४२. उपभोक्ता समिति र लाभग्राही समूहमार्फत निर्माण सम्पन्न संरचनाको रेखदेख तथा मर्मत सम्भारको जिम्मेवारी तोकी योजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ।

४३. सबै निर्माण कार्यको गुणस्तर परीक्षण अनिवार्य गरी स्वीकृत एवं पूर्व निर्धारित डिजाइन र स्पेसिफिकेशन अनुसार कार्यान्वयन भएको यकिन गर्नुपर्दछ।

४४. पूर्वाधार निर्माणका लागि भएका खरिद सम्झौतामा सार्वजनिक खरिद ऐन, नियमावली र खरिद सम्झौताको सर्तका आधारमा मात्रै मूल्य समायोजन हुनुपर्दछ।

४५. लाभ लागत विश्लेषण, प्राप्त हुने प्रतिफल, लागत फिर्ता हुने समयावधि लगायतका आधारमा प्राथमिकीकरण गरी आयोजना बैङ्क तयार गर्ने र त्यस्ता आयोजनालाई मात्र बजेटमा समावेश गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ।

४६. प्रदेशको समुन्नति र समृद्धिका लागि निजी क्षेत्र र सरकार अन्योन्याश्रित रहेकोले निजी क्षेत्र, साझेदार निकायहरू र सरोकारवालाको समन्वय र सहभागितामा प्रदेशको विकास आयोजना पहिचान, छनोट र विकास गर्नुपर्दछ।

४७. सार्वजनिक खरिद ऐन, नियमावली तथा सम्झौता अनुसारका प्रक्रिया अवलम्बन गरी अधुरा आयोजना टुङ्गो लगाउनु पर्दछ।

४८. प्रशासनिक तथा विकास व्यवस्थापनको प्रभावकारिता अभिवृद्धि गर्न कोशी प्रदेश विकास समस्या समाधान समितिको क्रियाशिलता अभिवृद्धि गरी योजना कार्यान्वयनमा आईपर्ने समस्या तत्काल व्यवस्थापन गर्नुपर्दछ।

४९. प्रदेश योजना आयोगको भूमिका सुदृढ गरी आयोजना बैङ्क प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्दछ। हालसम्म ६५९ आयोजनामात्र प्रविष्ट भएकोले आयोजना यकिन गरी आयोजना बैङ्कको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी वनाउनु पर्दछ।

५०. विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ। आयोजनाको पूर्व तयारी बेगर ठेक्का व्यवस्थापन गर्दा समय र लागतमा वृद्धि भई प्रतिफल प्राप्तिमा ढिलाइ भएको अवस्था छ। यस्तो अवस्थामा सुधार हुनुपर्दछ।

५१. खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।

५२. एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

५३. जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्यसमेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।

५४. उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिएबमोजिमको जनसहभागिताको अंश समितिबाट बेहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश बेहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।

## सूचना प्रविधि

५५. सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

